गोलबजार नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सिराहा, २ नं. प्रदेश, नेपाल

# पार्श्वचित्र



२०७४ श्रावण

# मेरो भन्नु

साविकका गोलबजार नगरपालिका र दुर्गापुर गाविस समावेश गरी १३ वडाहरु कायम गरी मिति २०७३/११/२२ मा गोलबजार नगरपालिका गठन गरिएपछि पहिलो प्रकाशित दस्तावेजको रूपमा आउन लागेको पार्श्वचित्र छोटो समयमै तयारी गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

कुनै पनि विकासको मार्ग तयार गर्न योजनाको सही छनोट, प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरुको पूर्ण सन्तुष्टि सहितको उपयोग र निरन्तर अनुगमन एवम् मूल्याङ्कन र दिगोपनाको लागि सही र वस्तुनिष्ट निर्णय लिन तथ्याङ्कको आवश्यकता पर्दछ । विगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनर्संरचित स्थानीय तहको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन ।

वस्तुनिष्ठता र आवश्यकताको कसीमा योजनाहरू तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएकमा जनताले स्थानीय तहबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन् । यसैकारण वर्तमानको हाम्रो धरातलीय, सामाजिक, साँस्कृतिक, जनसाङ्खिक तथा आर्थिक अवस्थाको पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) सीमित समय तथा स्रोत र साधनको सीमाभित्र रही तयार गरिएको हो । पार्श्वचित्रलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यो नगरको बहुआयामिकता सहितको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ । यो पार्श्वचित्रलाई एकातिर नगरपालिकाको सम्पूर्ण चिनारीको रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ यस मार्फत् हाम्रा सम्भावना र चुनौतिहरूलाई अवगत गर्न सकिन्छ ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने विषयगत कार्यालयका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, वडा सचिव साथीहरू, सामाजिक परिचालकहरू विभिन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू तथा पार्श्वचित्रलाई यो रुप दिन सहयोग पुऱ्याउनु हुने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौंलाई हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

गिरीराज ज्ञवाली
उप-सचिव

# विषय सूची


## खण्ड १ : भूमिका १

१.१ पृष्ठभूमि १
१.२ नगर पार्श्वचित्र तयारीको उद्देश्यहरु १
१.३ अध्ययनको महत्व २
१.४ अध्ययनको औचित्य २
१.५ नगर पार्श्वचित्र तयारी विधि २
१.६ नगर पार्श्वचित्र तयारीका सिमाहरु ३

## खण्ड २ : गोलबजार नगरपालिकाको परिचय ४

२.१ संक्षिप्त परिचय ४
२.२ भौगोलिक अवस्थिति ६
२.३ राजनैतिक तथा प्रशासनिक केन्द्र ७
२.४ भूक्षेत्र (टोपोग्राफी) ११
२.४.१ माटोको बनावट र उर्वराशक्ति १२
२.४.२ हावापानी १३
२.५ नगरपालिकामा रहेका सम्भाव्यता र अवसरहरु १४
२.६ नगरपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरु १६
२.७ नगरपालिकाको अन्तर गाउ“पालिका/नगरपालिकासँग सम्बन्ध १७
२.८ सिमसार क्षेत्र १७
२.९ ताल तलैयाहरु तथा पोखरीहरु १७
२.१० धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु २२
२.११ मुख्य चाडपर्वहरु २३
२.१२ संस्कृति, कला, भाषा र साहित्य २४

## खण्ड ३ : जनसाङ्खिक विवरण २५

३.१ जनसंख्याको विवरण २५
३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण २६
३.३ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण २८
३.४ उमेर समूह अनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण २९

३.५ उमेर समूहअनुसार जनसख्याको विवरण ३१
३.६ जातजाती समूहअनुसार जनसंख्याको विवरण ३२
३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण ३४
३.८ धर्मअनुसार जनसंख्याको विवरण ३६
३.९ घरमूलीको लैङ्गिक विवरण ३७
३.१० परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ३९
३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ४०
३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण ४२
३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण ४३
३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण ४४
३.१५ छानाको आधारमा घरको बनोटको विवरण ४५
३.१६ जगको आधारमा घरको बनोटको विवरण ४७
३.१७ बसाई सराईको अवस्था ४८
३.१८ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ४९
खण्ड ४ : भू–उपयोग ५१
४.१ नगरपालिका भू-उपयोगको विवरण ५२
४.२ शहरीकरणको स्वरुप ५३
४.२.१ जग्गा विकास कार्यक्रम (Land Development Program) ५३
४.३ क्रमिक विकास भइरहेका बस्तीहरूको वर्तमान स्वरुप ५५
४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू ५६
४.५ भू-क्षय सम्भावित क्षेत्र ५७
४.६ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ५७
खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति ५९
५.१ नगर अर्थतन्त्रको संरचनात्मक स्वरुप ५९
५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ५९
५.३ आश्रित जनसंख्याको विवरण ६०
५.४ कृषि ६०
५.४.१ कृषिजन्य बाली सम्बन्धी विवरण ६२
५.४.२ कृषि बालीमा लाग्ने रोग ६३
५.४.३ माछापालन सम्वन्धी विवरण ६४
५.४.४ कृषि बजारीकरण ६६

५.४.५ कृषि फर्मको विवरण ६७
५.४.६ कृषि पकेट क्षेत्रको विवरण ६७
५.४.७ जग्गाको उर्वराशक्ति ६८
५.४.८ कृषि सहकारी संस्थाहरुको विवरण ६८
५.४.९ नगरपालिकामा संचालित कृषिजन्य उद्योगहरुको विवरण ६८
**५.५ सिंचाइ** **६९**
**५.६ पशुपालन** **७१**
५.६.१ पशु नश्ल ७१
५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरु ७२
५.६.३ नगरपालिकामा दुग्ध बजारीकरण ७४
५.६.४ मासु बजारीकरण ७४
**५.७ पर्यटन** **७४**
**५.८ उद्योग** **७६**
**५.९ व्यापार तथा उद्योगको विवरण** **७९**
**५.१० थोक तथा खुद्रा व्यापार** **८०**
५.१०.१ निकासी पैठारी स्थिति ८०
५.१०.२ ढुवानी तथा भण्डार व्यवस्था ८०
५.१०.३ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनस“ग गर्नु परिरहेको प्रतिस्पर्धा ८०
५.१०.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति ८१
५.१०.५ प्रमुख स्थानीय उत्पादनको बजारीकरण ८१
**५.११ अन्य आर्थिक विकासका सम्भावनाहरू** **८२**
**५.१२ नगरको अर्थतन्त्रको विशिष्टिकरण** **८३**
**५.१३ बैंकको विवरण** **८३**
**५.१४ सहकारी संस्थाको विवरण** **८४**
**५.१५ संघ संस्था तथा विभिन्न समूहहरु** **८७**
**खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार** **८९**
**६.१ यातायात** **८९**
**६.२ संचार** **९१**
६.२.१ नगरमा रहेका एफ.एम. रेडियोहरु तथा टेलिभिजन ९२
६.२.२ टेलिफोन/मोबाइल ९२
६.२.३ हुलाक सेवा ९२

६.२.४ पत्रपत्रिका ९३
**६.३ विद्युत ९३**
६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण ९३
६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ९५
**खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा ९७**
**७.१ शिक्षा ९७**
**७.२ साक्षरता स्थिति ९७**
७.२.१ शैक्षिक जनशक्तिको विवरण ९९
७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण १००
७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण १०१
७.२.४ नगरमा रहेका शिक्षण संस्थाहरूको विवरण १०१
७.२.५ विद्यार्थी विवरण १०४
७.२.६ शिक्षकको विवरण १०४
७.२.७ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू १०५
**७.३ स्वास्थ्य १०७**
७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers) १०८
७.३.२ गाउँघर क्लिनीक र नियमित खोप १०८
७.३.३ एच. आई. भी./एडसको अवस्था १०९
७.३.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण १०९
७.३.५ खोपको विवरण ११०
७.३.६ बाल्यकालमा हुने रोगका जोखिम ११०
७.३.७ शिशु तथा ५ वर्ष मुनिको बाल मृत्युदर ११०
७.३.८ बालपोषण सम्वन्धी विवरण ११०
**७.४ खेलकुद तथा मनोरञ्जन १११**
**७.५ नागरिक सुरक्षा सेवा ११२**
७.५.१ सामाजिक सुरक्षा ११२
७.५.२ बृद्धबृद्धाहरूको अवस्था ११३
**७.६ महिला तथा बालबालिका ११३**
७.६.१ महिला सम्बन्धी विवरण ११३
७.६.२ बालश्रमको अवस्था ११५
७.६.३ बालक्लब ११५

७.७ अपाङ्गताको विवरण ११६
७.८ खानेपानी तथा सरसफाई ११८
७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण ११८
७.८.२ खानेपानीको विवरण १२०
७.८.३ शौचालयको विवरण १२१
७.८.४ वडागत शौचालयको संख्याको विवरण १२२
७.९ खुला दिशा मुक्त क्षेत्र १२३
७.१० फोहोर मैला व्यवस्थापन १२३
खण्ड ८ : वन तथा वातावरण १२५
८.१ प्राकृतिक वन तथा वनस्पती १२५
८.२ जैविक विविधता सम्वन्धी विवरण १२५
८.३ लघु वन पैदावार १२७
८.४ नगरपालिकामा पाईने वन्यजन्तु १२७
८.५ वनजंगल १२८
८.५.१ सामुदायिक वन १२८
८.५.२ धार्मिक वन १३०
८.५.३ सरकारद्वारा व्यवस्थित वन १३१
८.५.४ निजी वन १३१
८.५.५ वन दशक कार्यक्रम १३१
८.६ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था १३२
८.७ वनपैदावारको माग र आपूर्ति १३२
८.८ जडिबुटी सम्बन्धी विवरण १३३
८.९ वन पैदावारमा आधारित उद्योगहरूको विवरण १३३
८.१० वन संरक्षणका लागि चाल्नु पर्ने कदम १३३
खण्ड ९ : विकास सूचकाङ्क र गरिबीको स्थिति १३५
९.१ मानव विकास सुचकको विवरण (HDI) १३५
९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index) १३६
९.३ मानव विकास र गरीबी १३६
९.४ गरिबी न्यूनीकरण १३७
९.५ समग्र विकास स्थिति १३७

# तालिका सूची


| | | |
|---|---|---|
| तालिका नं. १ : | साविकको गोलबजार नगरपालिकाको संरचना | ७ |
| तालिका नं. २ : | गोलबजार नगरपालिकाको वडा विभाजन | ८ |
| तालिका नं. ३ : | गोलबजार नगरपालिकाको तापक्रम | १३ |
| तालिका नं. ४ : | पोखरी तथा झर्नाहरुको विवरण | १८ |
| तालिका नं. ५ : | जनसंख्याको विवरण | २५ |
| तालिका नं. ६ : | वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण | २६ |
| तालिका नं. ७ : | १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण | २८ |
| तालिका नं. ८ : | उमेर समूह अनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण | २९ |
| तालिका नं. ९ : | उमेर समूहअनुसार जनसंख्याको विवरण | ३१ |
| तालिका नं. १० : | गोलबजार नगरपालिकाको जनसंख्या र जातजातिको विवरण | ३३ |
| तालिका नं. ११ : | मातृभाषा अनुसार जनसंख्याको विवरण | ३४ |
| तालिका नं. १२ : | धर्मअनुसार जनसंख्याको विवरण | ३७ |
| तालिका नं. १३ : | घरमुलीको  लैङ्गिक विवरण | ३८ |
| तालिका नं. १४ : | परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण | ३९ |
| तालिका नं. १५ : | महिलाका नाममा भएको घरको स्वामित्वको विवरण | ४० |
| तालिका नं. १६ : | महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण | ४२ |
| तालिका नं. १७ : | अनुपस्थित घरधुरी र जनसंख्याको विवरण | ४३ |
| तालिका नं. १८ : | बाहिरी गारोका आधारमा घरको बनोटको विवरण | ४४ |
| तालिका नं. १९ : | छानाको आधारमा घरको बनोटको विवरण | ४५ |
| तालिका नं. २० : | जगको आधारमा घरको बनोटको विवरण | ४७ |
| तालिका नं. २१ : | व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण २०७३ | ४९ |
| तालिका नं. २२ : | भू-उपयोग  विश्लेषण २०७४ | ५२ |
| तालिका नं. २३ : | नगरमा हुन सक्ने संभावित प्रकोपको विवरण | ५७ |
| तालिका नं. २४ : | आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था | ५९ |
| तालिका नं. २५ : | आश्रित जनसंख्याको विवरण | ६० |
| तालिका नं. २६ : | नगरमा कृषिजन्य बाली सम्बन्धी विवरण | ६२ |
| तालिका नं. २७ : | विभिन्न बालीमा लाग्ने रोग विवरण | ६३ |
| तालिका नं. २८ : | माछापालन सम्बन्धी विवरण | ६४ |

तालिका नं. २९ : नगरपालिकामा रहेको हाट बजारहरुको विवरण ६७
तालिका नं. ३० : नगरपालिकामा रहेको कृषि फर्मको विवरण ६७
तालिका नं. ३१ : कृषि पकेट क्षेत्रको विवरण ६८
तालिका नं. ३२ : कृषि सहकारी संस्थाहरुको विवरण ६८
तालिका नं. ३३ : गोलबजार नगरपालिकामा संचालित कृषिजन्य उद्योगहरुको विवरण ६९
तालिका नं. ३४ : नगरपालिकामा रहेका सिँचाई योजनाको विवरण ७०
तालिका नं. ३५ : पशुमा देखिएका रोगको विवरण ७२
तालिका नं. ३६ : गोलबजार नगरपालिकामा रहेका पर्यटकीय महत्वका क्षेत्र ७४
तालिका नं. ३७ : गोलबजार नगरपालिकामा रहेका उद्योगको विवरण ७७
तालिका नं. ३८ : बैंकहरुको विवरण ८४
तालिका नं. ३९ : सहकारी संस्थाको विवरण ८४
तालिका नं. ४० : सहकारी संस्थाको नामावली ८५
तालिका नं. ४१ : गैर सरकारी संस्थाको विवरण ८८
तालिका नं. ४२ : सडकको स्तर अनुसार सडकको विवरण ९०
तालिका नं. ४३ : बिद्यमान सडक सञ्जाल ९१
तालिका नं. ४४ : एफ.एम. रेडियो विवरण ९२
तालिका नं. ४५ : पत्रपत्रिकाको विवरण ९३
तालिका नं. ४६ : बत्ती बाल्न प्रयोग गरिने श्रोत ९४
तालिका नं. ४७ : खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ९५
तालिका नं. ४८ : साक्षरता दर ९७
तालिका नं. ४९ : शैक्षिक जनशक्तिको विवरण ९९
तालिका नं. ५० : विषयगत शैक्षिक जनशक्तिको विवरण १००
तालिका नं. ५१ : उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण १०१
तालिका नं. ५२ : गोलबजार नगरपालिकामा रहेका विद्यालयको विवरण १०२
तालिका नं. ५३ : गोलबजार नगरपालिकामा रहेका विद्यालयको नामावली १०२
तालिका नं. ५४ : नगरपालिकामा रहेको क्याम्पसको विवरण १०३
तालिका नं. ५५ : विद्यार्थी विवरण १०४
तालिका नं. ५६ : विद्यालय अनुसार शिक्षकको विवरण १०४
तालिका नं. ५७ : नगरमा रहेका स्वास्थ्य संस्थाहरुको विवरण १०७
तालिका नं. ५८ : खेलकुद मैदानको विवरण ११२
तालिका नं. ५९ : नगरपालिकामा वितरण भएको समाजिक सुरक्षा सम्बन्धी विवरण ११३

तालिका नं. ६० : नगरपालिकामा रहेका बालक्लवको विवरण ११६
तालिका नं. ६१ : अपाङ्गताको विवरण ११७
तालिका नं. ६२ : परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत ११८
तालिका नं. ६३ : खानेपानीको विवरण १२०
तालिका नं. ६४ : शौचालयको प्रकार १२१
तालिका नं. ६५ : वडागत शौचालय संख्याको विवरण १२२
तालिका नं. ६६ : नगरपालिकामा रहेको सामुदायिक वन उपभोक्ता समितिको विवरण १३०
तालिका नं. ६७ : निजी वनको विवरण १३१
तालिका नं. ६८ : आ.व २०७२/०७३ मा वन दशक कार्यक्रम सञ्चालन भएका साविकका गा.वि.स.हरु १३२
तालिका नं. ६९ : मानव विकास सुचकको विवरण (HDI) १३५
तालिका नं. ७० : गरीबीको दरको विवरण १३६

# नक्सा सूची


नक्सा नं. १ : गोलबजार नगरपालिकाको समग्र वस्तुगत विभाजन ४
नक्सा नं. २ : नगरपालिकाको उचाई विभाजन ६
नक्सा नं. ३ : नगरपालिकाको वडा विभाजन ९
नक्सा नं. ४ : गोलबजार नगरपालिकाको साविकका गा.वि.स.हरुको विवरण १०
नक्सा नं. ५ : नगरपालिकाको भिरालोपना ११
नक्सा नं. ६ : नगरपालिकामा रहेका नदि तथा खोलाहरु २१
नक्सा नं. ७ : धार्मिक स्थलहरुको विवरण २२
नक्सा नं. ८ : नगरपालिकाको वडा अनुसार क्षेत्रफल विभाजन २७
नक्सा नं. ९ : नगरपालिकाको बसोवासको अवस्था ५०
नक्सा नं. १० : नगरपालिकाको भू-उपयोग विवरण ५१
नक्सा नं. ११ : नगरपालिकामा रहेको सडक सञ्जाल ८९

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

वैज्ञानिक योजना पद्धतिका लागि विश्वसनीय तथा भरपर्दो तथ्याङ्कीय आधार नै महत्वपूर्ण हुन्छ। यसले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरूको खोजी गर्न सही तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुनाले नगरमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले सङ्कलन गरी यो नगर पार्श्वचित्र तयार गरिएको छ।

कुनै पनि स्थानीय तह (नगरपालिका/गाउँपालिका) ले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ। चौंधौ योजना (२०७३/०७४-२०७५/०७६) ले पनि नगरपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएका र संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको (सचिवस्तर) निर्णयले पनि विकास योजना सम्बोधनका लागि नगरपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ। यसै प्रयोजनको लागि नगरपालिकाको वस्तुस्थिति झल्कने गरी नगर पार्श्वचित्र (Municipality Profile) तयार गरिएको हो।

## १.२ नगर पार्श्वचित्र तयारीको उद्देश्यहरू

नगर पार्श्वचित्र मूलतः गोलबजार नगरपालिकाको आगामी नीति तथा कार्यक्रम, योजना तर्जुमा गर्नका लागि तथ्याङ्कीय आधार सृजना गर्ने सन्दर्भमा तयार गरिएको हो। यसले योजना तथा कार्यक्रमको निर्माण कार्यान्वयन, अनुगमन, मूल्याङ्कन जस्ता कुराको लेखाजोखा गर्न मद्दत गर्नेछ।

क) नगरभित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने।

ख) नगरपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरूको अवगत गराउने।

ग) नगरपालिकाको जनसांख्यिक तथा विकासात्मक वस्तुस्थितिको बारेमा जानकारी गराउने।

घ) नगरपालिका भित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने।

ङ) नगरपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने।

च) नगरपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने।

छ) नगरपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तर सम्म सूचनाको उपलब्धता गराई व्यवस्थापनमा सहयोग गर्ने।

ञ) नगरपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्ने ।

झ) नगरपालिकाको भावि योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

ञ) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

## १.३ अध्ययनको महत्व

नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरे बमोजिम गाउँपालिका/नगरपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । नगरपालिकाको भावी योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पार्श्वचित्रले तुलनात्मक मूल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्वन्धी जानकारी स्पष्ट प्रस्तुत गर्दछ । विभिन्न स्थानको आवश्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्न यस अध्ययनले गोलबजार नगरपालिकालाई सहयोग गर्नुका साथै समावेशी समानुपातिक र समन्यायिक विकासमा अन्य सरोकारवालाहरुलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा नगरपालिका पार्श्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरुलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ ।

## १.४ अध्ययनको औचित्य

स्थानीय आवश्यकता तथा सहभागितामा आधारित विकासका कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय तह अन्तर्गत नगरपालिकाहरुलाई दिँदै आएको अनुदानहरुमा क्रमश वृद्धि गर्दै लगेको देखिन्छ । विकास खर्च थप गर्नुका साथै नेपाल सरकारले नगरपालिकाहरुको न्यूनतम शर्त मापनका सूचकहरु पनि निर्धारण गरेको छ । ती सूचकहरु मध्ये हरेक नगरपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधारित Municipality Profile तयार गर्नु पनि एक हो । पूर्वाधार विकासका दृष्टिले कमजोर स्थितिमा रहेको नेपालको सन्दर्भमा Profile तयार गर्ने कार्यले विशेष महत्व राख्दछ । यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा नगरपालिकाले उपलब्ध स्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन एवम् अनुगमन मुल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो औचित्यपूर्ण रहन्छ ।

## १.५ नगर पार्श्वचित्र तयारी विधि

पार्श्वचित्र तयारीको क्रममा तरिका र साधनहरूको प्रयोग गरियो त्यसैलाई अध्ययन विधीमा उल्लेख गरिएको छ । नगर पार्श्वचित्रका तयारीका विधीहरू निम्नानुसार छन् ।

१) यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरूबाट उपलब्ध तथ्याङ्कहरू समावेश गरिएको छ ।

२) राष्ट्रिय जनगणना, कृषि गणना, विभिन्न सर्वेक्षण, मानव विकास प्रतिवेदन आदिका नतिजाहरू समावेश गरिएको छ ।

३) भौतिक विकास पूर्वाधार, वातावरणीय व्यवस्थापन, सामाजिक विकास, आर्थिक विकास, वित्तीय व्यवस्थापन तथा संस्थागत विकास आदि, नतिजा, सूचकहरू, पुस्ट्याईका आधारहरू, जोखिम पक्षहरू, कार्यक्रमको पहिचान, जस्ता विषयवस्तु समावेश गरिएको छ ।


पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक (Primary) तथा द्वित्तीय (Secondary) सूचना संकलन गरी गरिएको छ । भू-उपयोग, सडकहरू र सो को गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS data), स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिएको छ । वडा तहका समस्याहरू र खाँचोहरू वडा बासीहरू बीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ । यसका साथै नगरको स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, वृद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अर्न्तवार्ता गरी नगरका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ । नगरका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू नगरपालिका कार्यालय लगायत नगरपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।

## १.६ नगर पार्श्वचित्र तयारीका सिमाहरू

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेबमोजिम नगर पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्याङ्कहरूको स्रोत र आधार वर्ष खुलाईएको छ । नगरका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय विभागहरू, सम्बन्धित नगरपालिका आदि स्रोतहरूबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ । पार्श्वचित्रको अवधारणा अनुसार यस डकुमेन्टले गोलबजार नगरपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ । अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । तैपनि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई पनि केही सिमिततामा बाँधिएको छ । यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसार तथ्याङ्क संकलन गरिएको छ ।

# खण्ड २ : गोलबजार नगरपालिकाको परिचय


## २.१ संक्षिप्त परिचय




नक्सा नं. १ : गोलबजार नगरपालिकाको समग्र वस्तुगत विभाजन

गोलबजार नगरपालिका नेपालको २ नं प्रदेश अन्तर्गत सिराहा जिल्लामा पर्दछ । भौगोलिक हिसाबले ८६°१६'३०" देखि ८६°२४'३०" पूर्वी देशान्तर र २६°४३'००" देखि २६°५३'३०" उत्तरी अक्षांशमा अवस्थित गोलबजार प्रदेश नं. २ क्षेत्रको एउटा प्रमुख धार्मिक, ऐतिहासिक तथा व्यवसायिक औधोगिक क्षेत्र हो । त्यसैगरी १११.९४ व.कि.मी. क्षेत्रफल रहेको यस नगरपालिकाको उत्तरमा उदयपुर जिल्ला, पश्चिमतिर मिर्चैया नगरपालिका, दक्षिणमा सुखीपुर र अर्नमा गाउँपालिका रहेको छ भने पूर्वमा धनगढीमाई नगरपालिका रहेका छन् । गोलबजार नगरपालिकालाई २०७१/०९/२८ गते नगरपालिका घोषणा गरिएको थियो । नगरपालिका घोषणा गर्दा जम्मा १२ वडाहरु रहेको थियो भने मिति २०७३ फागुन २२ गते गोलबजार नगरपालिकामा साविकको दुर्गापुर गा.वि.स. गाभेर जम्मा १३ वडा कायम गरिएको छ । नगरपालिकाको अधिकतम तापक्रम ३४.८ डिग्री सेल्सियस र न्युनतम तापक्रम ८.८ डिग्री सेल्सियस रहेको पाईन्छ । सिराहा जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरुमा विकासको राम्रो सम्भावना बोकेको नगरपालिकाको रुपमा गोलबजार नगरपालिका त छँदैछ यसका अतिरीक्त यहाँका सचेत राजनैतिक दल र उत्प्रेरीत नगरवासी समेत यो नगरपालिकाका दरिलो अनि दिगो विकासको श्रोतका रुपमा रहेका छन् । यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी कोइरी, कुशवाहा जाति ६,३५४ जना (१२.१९%), दोस्रोमा यादव ५,२०६ (९.९९%) र तेस्रोमा मुसहर ४,१३६ (७.९३ %) हरुको बसोबास रहेको छ । तराईँ क्षेत्रमा रहेको यस नगरमा ब्यापार, उद्योग, कलकारखाना, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य मुख्य श्रोत व्यापार, उद्योग, नोकरी साथै वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमश आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम अत्यधिक बढिरहेको छ । यस नगरमा आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने २८ विद्यालय र १ वटा क्यामपस रहेका छन् । अध्ययनका लागि यस नगरका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिका/नगरपालिका तथा जिल्लाबाट समेत आउने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । विगतमा लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाब, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघि, होलि, महाशिवरात्री, कृष्णजन्माष्टमी, बकरइद, रमाजान, छठपर्व, होली, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।

## २.२ भौगोलिक अवस्थिति




नक्सा नं. २ : नगरपालिकाको उचाई विभाजन

सिराहा जिल्ला, प्रदेश नं.२ को भौगोलिक हिसाबले ८६°१६'३०" देखि ८६°२४'३०" पूर्वी देशान्तर र २६°४३'00" देखि २६°५३'३०" उत्तरी अक्षांशमा अवस्थित १११.९४ वर्ग कि.मी. क्षेत्रफल रहेको यस गोलबजार नगरपालिकाको उत्तरमा उदयपुर जिल्ला, पश्चिमतिर मिर्चैया नगरपालिका, दक्षिणमा सुखीपुर र अर्नमा गाउँपालिका रहेको छ भने पूर्वमा धनगढीमाई नगरपालिका रहेको छ। समथर तराई क्षेत्रमा पर्ने यस नगरपालिकाको अधिकांश क्षेत्र खेतियोग्य अति उर्वर जमीनले ओगटेको भए पनि पछिल्ला वर्षहरुमा बस्ती तथा नगर विस्तारको प्रभावले जग्गा टुक्रिने क्रम बढेको छ। व्यापारिक र प्रशासनिक बाहेक धार्मिक महत्व ओगटेको यो सिराहा जिल्लाको गोलबजार नगरपालिका नदीनाला र वनजंगल जस्ता प्राकृतिक श्रोत साधनमा पनि धनी नगरपालिका हो ।

## २.३ राजनैतिक तथा प्रशासनिक केन्द्र

नेपाल सरकारले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ७२ र ७३ ले दिएको अधिकार प्रयोग गरी मिति २०७१/०९/२८ गते देहाय बमोजिमका साविकका गा.वि.स. हरु समेटेर १२ वडाहरु सहितको गोलबजार नगरपलिका घोषणा भएको थियो। जसको संरचना देहाय बमोजिम रहेको थियो।


तालिका नं. १ : साविकको गोलबजार नगरपालिकाको संरचना

| जिल्ला | नगरपालिकाको नाम | वडा संख्या | नगरपालिकाको केन्द्र | नगरपालिकामा गाभिने गा.वि.स.हरु | वडा विभाजन | |
|---|---|---|---|---|---|---|
| | | | | | साविक गा.वि.स.र वडाहरु | नगरपालिकामा कायम हुने वडा |
| सिराहा | गोलबजार नगरपालिका | १२ | गोलबजार (साविकको असनपुर गा.वि.स.कार्यलय रहेको स्थान) | मुक्सार | मुक्सार - १ देखि ९ | १ |
| | | | | लालपुर | लालपुर- १ देखि ९ | २ |
| | | | | जम्दह | जम्दह- १ देखि ९ | ३ |
| | | | | असनपुर | असनपुर १,५,६ | ४ |
| | | | | | असनपुर -२,३,४ | ५ |
| | | | | | असनपुर -७,८,९ | ६ |
| | | | | चन्द्रलालपुर | चन्द्रलालपुर -२,३,४,७ | ७ |
| | | | | चन्द्रलालपुर | चन्द्रलालपुर -१,२,८,९ | ८ |
| | | | | चन्द्रोदयपुर | चन्द्रोदयपुर- १,२,८,९ | ९ |
| | | | | | चन्द्रोदयपुर- ३,४,५,६,७ | १० |
| | | | | आशोपुर वल्कवा | आशोपुर वल्कवा १ देखि ९ | ११ |
| | | | | वेतौना | वेतौना १ देखि ९ | १२ |


माथिको तालिकामा २०७१/०९/२८ गतेमा भएको घोषणा अनुसार गोलबजार नगरपालिकाको संरचाना रहेको तत्पश्चात फेरि राज्यको पुनसंरचना सँगै नेपाल संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा देहाय बमोजिम साविकका गोलबजार न.पा. (१-१२) र दुर्गापुर गा.वि.स.(१-९) लाई समेटेर गोलबजार नगरपालिका घोषणा गरिएको थियो । त्यसैगरी थप गरिएका वडाहरुलाई समावेश गरी हाल यस नगरपालिकालाई १३ वटा वडाहरु कायम गरिएको छ। हाल गोलबजार नगरपलिकाको संरचना यस प्रकार रहेको छ।

तालिका नं. २ : गोलबजार नगरपालिकाको वडा विभाजन

| वडा नं. | समावेश भएका सविक गा.वि.स./न.पा. हरु | सविकको वडा नं. |
|---|---|---|
| १ | गोलबजार न.पा. | १ |
| २ | गोलबजार न.पा. | २ |
| ३ | गोलबजार न.पा. | ३ |
| ४ | गोलबजार न.पा. | ४ |
| ५ | गोलबजार न.पा. | ५ |
| ६ | गोलबजार न.पा. | ६ |
| ७ | गोलबजार न.पा. | ७ |
| ८ | गोलबजार न.पा. | ८ |
| ९ | गोलबजार न.पा. | ९ |
| १० | गोलबजार न.पा. | १० |
| ११ | गोलबजार न.पा. | ११ |
| १२ | गोलबजार न.पा. | १२ |
| १३ | दुर्गापुर गा.वि.स. | १-९ |





नक्सा नं. ३ : नगरपालिकाको वडा विभाजन




नक्सा नं. ४ : गोलबजार नगरपालिकाको साविकका गा.वि.स.हरुको विवरण

## २.४ भूक्षेत्र (टोपोग्राफी)




नक्सा नं. ५ : नगरपालिकाको भिरालोपना

### २.४.१ माटोको बनावट र उर्वराशक्ति

प्राकृतिक सम्पदाको हिसाबले यो नगर कृषिको लागि उपयुक्त उर्वर माटोको धनी नगरपालिका हो। यहाँको ६६.९६ प्रतिशत भूभाग खेतीयोग्य जमिनले ओगटेको छ । त्यस्तै २४.१२ प्रतिशत जमिन वनजंगलले ओगटेको छ भने ०.३१ प्रतिशत जल क्षेत्रले ओगटेको छ। नगरपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै र दलहन वालीमा मास, मुसुरो, रहर आदी हुन्।

यस नगरपालिकाको भू-उपयोगको अवस्थालाई हेर्दा धेरै समथर भूमि रहेको पाइन्छ। समथर भूमि भएको कारणले यस नगरपालिकाको भिरालोपनामा खासै फरक नभएको पाइन्छ । माथिको नक्सामा नगरपालिकाको भिरालोपना देखाइएको छ। यहाँको माटोको प्रकृति अनुसारको भूबनोट छ।

**क) Slope $< 1^{\circ}$ (गहिराई पर्याप्त भएको, खेतीपाती र वनको लागि उपयुक्त माटो)**

लगभग एउटै सतह भएको, कृषिको आवश्यकताअनुरुप माटोको गहिराई पर्याप्त भएको जमिनलाई यस वर्गमा राखिएको छ। नदीको किनारमा परेको जग्गाबाहेक यस समूहको जग्गामा ठूलो भू-क्षय हुने समस्या नदेखिने र भू-बनौटको स्थायित्वमा कुनै प्रकारको असर नपर्ने हुँदा यस प्रकारको जग्गामा परम्परागत वा आधुनिक दुवै प्रविधिबाट खेती गर्न सकिन्छ। तर वर्षाको समयमा वर्षाको सोझो प्रहारबाट हुन सक्ने भू-क्षय रोक्ने उपाय अपनाउनु पर्दछ। सामान्य अवस्थामा वर्षे पानीको सतहगत प्रवाह र माटोको चिस्यानको मात्राले जमिनको उपयुक्तता निर्धारण गरेको हुन्छ। मनसुनको समयमा वर्षाको पानी सजिलैसँग बगेर जाने वा पानी नजम्ने खालको माटो भएमा कृषि चरन वा बनस्पतीको लागि त्यस्तो जग्गा उपयुक्त हुन्छ । भूमिगत जलसहत निकै माथि भएको तथा सतहगत पानी बगेर नजाने वा जमेर बस्ने जमिन पनि “क” वर्गको जमिनमा पर्दछ। धेरैजसो अन्नवालीलाई यस प्रकारको अवस्था उपयुक्त नभएता पनि यस्तो जमिनमा धान खेती राम्ररी  गर्न सकिन्छ । हिउँदमा गहुँ वा अन्य अन्नहरूको खेती माटोमा रहने चिस्यानको भरमा गर्न सकिन्छ। गर्मीयाममा त्यहाँको तापक्रममा मिल्ने बालिनालिको खेति सिंचाईको सहयोगमा गर्न सकिन्छ।

**ख) Slope 1°-5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने गह्रा बनाई खेती गर्न सकिने)**

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ। मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ। सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ । माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ। यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ । मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ । यस्तो जमिनमा धान खेती गर्न सकिन्छ । सिंचाई सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।


## २.४.२ हावापानी

जलवायुको हिसाबले यस नगरपालिका उष्ण प्रकारको हावापानी रहेको छ । प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन । चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ । आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ । जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । गर्मीयाममा यहाँको औषत ताफक्रम अधिकतम ३४.८ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा औषत न्युनतम ८.८ डिग्री सेल्सियससम्म पुग्न जान्छ। यस नगरपालिकाको १२ महिनाको औषत तापक्रम र  औषत वर्षाको विवरण तलको तालिकामा दिइएको छ।

**तालिका नं. ३ :** गोलबजार नगरपालिकाको तापक्रम

| महिना | औषत तापक्रम (से.) | औषत न्युनतक तापक्रम (से.) | औषत अधिकतम तापक्रम (से.) | औषत वर्षा मि.मि. |
|---|---|---|---|---|
| **जनवरी** | १५.९ | ८.८ | २२.७ | १८ |
| **फेब्रुअरी** | १७.९ | १०.५ | २५.४ | ६ |
| **मार्च** | २२.७ | १४.५ | ३०.९ | १२ |
| **अप्रिल** | २२.७ | २०.६ | ३४.८ | २१ |
| **मे** | २८.३ | २३.८ | ३४.८ | ७५ |
| **जुन** | २८.४ | २५.३ | ३३.६ | २१८ |
| **जुलाई** | २८.९ | २५.४ | ३२.४ | ३४१ |
| **अगस्त** | २८.५ | २४.९ | ३२.१ | ३३६ |
| **सेप्टेम्बर** | २७.८ | २४.१ | ३१.६ | १७० |
| **अक्टोबर** | २८.४ | २१.७ | ३१.१ | ७२ |
| **नोभेम्बर** | २१.५ | १४.३ | २८.८ | ७ |
| **डिसेम्बर** | १६.९ | ९.४ | २४.५ | १ |

*स्रोतः जल तथा मौसम विज्ञान विभाग,२०७३*



## २.५ नगरपालिकामा रहेका सम्भाव्यता र अवसरहरू

नगर क्षेत्रमा यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा जस्ता अवसरहरु छन् भने बैदेशिक रोजगार, पोखरीहरुमा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसाय जस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्।

समग्रमा यस गोलबजार नगरपालिकाको नगर क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। नगरमा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

नगरपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य भौतिक पूर्वाधार निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कुलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा बस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिनेछ।

नगरपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र नगरपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस नगरपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

यस नगरपालिकामा प्राकृतिक नदी तथा खोलाहरु भएको र केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाको माग पूर्ति गर्न सक्ने सम्भावना रहेको छ।

नगरपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सो क्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु रहेको यो नगरपालिकाका गहनाको रुपमा विभिन्न किसिमका जातजातिका रहनसहन तथा चाडपर्व रहेका छन् भने धार्मिक, पौराणिक महत्वका स्थलहरू धमिनि मन्दिर, श्री कृष्ण मन्दिर, शिव मन्दिर, श्री राम जानकी मन्दिर, हनुमान मन्दिर, दुर्गा मन्दिर, बुद्ध गुम्बा, सल्हेश गहवर,मस्जित आदि नगरका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन् । यी स्थानहरूलाई व्यवस्थित गर्न सकेको खण्डमा निश्चित रुपले आन्तरिक तथा बाह्य पर्यटकहरू बढ्न गई थप आर्थिक अवसरहरू श्रृजना गर्न सकिने देखिन्छ।

नगरपालिका तथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस नगरका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी एकिकृतरुपले बैदेशिक रोजगारमा पठाउने व्यवस्था भएमा नगरको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

यसका अतिरिक्त गोलबजार नगरपालिकाको विकासका लागि विभिन्न सम्भावनायुक्त उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

- ✓ नगरपालिका क्षेत्र भित्र रहेका नदी तथा खोलाहरुबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यावसायीक रुपमा खेती गर्न सके कृषी उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ।
- ✓ स्थानीय कच्ची सडकको स्तर वद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुबिधा लिनुका साथै समग्र नगरपालिकाको सुन्दरतामा बृद्धि हुन सक्छ।
- ✓ तरकारी, पशुपालन तथा अन्य कृषी उत्पादनको बजारको लागि समस्या नभएकोले ब्यवसायिक कृषी उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ।
- ✓ यस नगरपालिकामा थप औद्योगिक क्षेत्र विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी बृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ।
- ✓ यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ।

- ✓ सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले नगरपालिकाको विकासमा साझेदारी हुन सक्ने देखिन्छ ।
- ✓ नगर क्षेत्रमा उपभोक्ताहरुको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## २.६ नगरपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरू

यस गोलबजार नगरपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान समस्या चुनौती र सम्भावनाहरु निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

### क) अवसर र सम्भावनाहरु

- ✓ वन, उर्वर कृषि जमिन, पोखरी ,नदी नाला, सम्म भौगलिक अवस्था र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ ।
- ✓ शिक्षित मानविय श्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।
- ✓ युवा जनसमुदायको बाहुल्यता देखिन्छ ।
- ✓ राष्ट्रिय राजमार्ग प्रणालीसंग आवद्ध भएको छ ।
- ✓ शिक्षा केन्द्रहरुको संचालनमा व्यवस्था
- ✓ पर्यटन क्षेत्रको विकास

### ख) चुनौती र समस्याहरु

- ✓ नगरपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु ।
- ✓ सार्वजनिक निर्माण र विकासमा सम्बन्धित निकायहरुको समन्वयको अभाव ।
- ✓ वातावरण संरक्षण र फोहोर व्यवस्थापनको ठोस योजना नहुनु ।
- ✓ नगरपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु ।
- ✓ नगरपालिका क्षेत्रभित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको रहनु ।
- ✓ कृषीयोग्य भूमी भएतापनि व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- ✓ आयश्रोतको कमिले नगरपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- ✓ योजनाबद्ध बस्ती बिकासको अभाव ।
- ✓ आकासे पानीमा निर्भर सिचाई ।
- ✓ पराम्परागत कृषि प्रणाली ।
- ✓ वर्षेनी डुवान तथा कटानको समस्या कृषीयोग्य भूमि खण्डिकृत हुदै प्रयोग बिहीन हुनु ।

## २.७ नगरपालिकाको अन्तर गाउँपालिका/नगरपालिकासँग सम्बन्ध

नगरपालिकाहरु बिच कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी नगरपालिकाहरू बिच फरक-फरक हुन सक्छ। मानव विकासको निम्ती विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक गाउँले अर्को गाउँमा निर्भर रहनु पर्ने हुन्छ । ती अन्तरनिर्भरताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावार, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। यस नगरपालिकामा भएका विविध खाले सुविधा प्राप्त गर्न अन्य गाउँबाट आउने गरेको देखिन्छ। तराई क्षेत्र पहाडी क्षेत्रको तुलनामा सुविधा सम्पन्न भएकोले बसाई सराईको प्रवृत्ति निकै बढी देखिन्छ। भौगोलिक रुपमा एउटै क्षेत्रमा अवस्थित भएतापनि सडक यातायातको सुविधाका कारणले सुविधा उपलब्ध गाउँहरूमा सेवा लिन आउने जाने चलन रहेको छ। मौसमी रोजगारको लागि पहाडबाट तराई झर्ने प्रचलन रहेको देखिन्छ। यी विविध कारणले नगरपालिकाहरु वीचको सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ।

साथै, यस नगरपालिकाको छिमेकी नगरपालिका/गाउँपालिका तथा अन्य सरकारी निकायहरुसंग राम्रो सम्वन्ध रहेको छ। फलत: यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ। त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ।

## २.८ सिमसार क्षेत्र

नदी, नाला, तलाउ, पोखरी, कुवा, धाप तथा दलदले क्षेत्रहरू खासगरी जहाँ जमिन लुक्दैन पानी सुक्दैन त्यस्ता क्षेत्रहरूलाई सिमसार भनिन्छ। यस नगरपालिकामा विभिन्न पोखरी तथा नदीनला रहेका छन्। ती पोखरी तथा नदीनालाहरु विभिन्न किसिमका दुर्लभ चराचुरुङ्गीहरू र सरिसृप (Reptiles) हरूको बास मानिन्छ।

## २.९ ताल तलैयाहरू तथा पोखरीहरू



नगरपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका दर्जनौं तालतलैयाहरू र असंख्य पोखरीहरू पर्यावरणका अभिन्न पक्षहरु हुन जसले विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता पोखरीहरूबाट पशुहरूले पानी पिउने र

किसानहरूले समेत बेलाबखत आंशिकरुपमा सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकास र बसाईसराईको चापका साथै पशुहरूको अत्यधिक चरीचराउ र उपयोगले प्राकृतिक तालतलैयाहरूमा भूक्षय भई पुरिने क्रम जारी छ । यस्ता प्राकृतिक तालतलैयाहरूको पुनरुद्धार गरी माछा पालन गरेमा जिल्लााका जनताका लागि आवश्यक माछाको आपुर्ति हुने मात्र नभई कतिपय तालहरूमा पर्यटकिय आकर्षणको रुपमा जल विहार र नौकायन समेत गर्न सकिने देखिन्छ। यस नगरपालिकामा रहेका ताल पोखरीहरुको विवरण तालिकामा उल्लेअख गरिएको छ ।




तालिका नं. ४ : पोखरी तथा झर्नाहरुको विवरण

| वडा नं. | क्र.सं. | पोखरीको नाम र स्थान | क्षेत्रफल | | | स्वामित्व | प्रयोग |
|---|---|---|---|---|---|---|---|
| | | | विघा | कट्ठा | धुर | | |
| १ | १ | भर्तिवाल पोखरी | ० | १० | ० | सार्वजनिक | १ |
| | २ | सिता पोखरी | ० | १० | १० | सार्वजनिक | ५ |
| | ३ | अनुपलाल पोखरी | ० | १९ | ० | सार्वजनिक | १ |
| | ४ | महाजनी पोखरी | १ | ० | ० | सार्वजनिक | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ५ | बहिरी बाँध पोखरी | १ | १५ | ० | सार्वजनिक | १ |
| | ६ | सिँचाई बाँध | ० | १८ | ० | सार्वजनिक | १ |
| | ७ | भुल्ली बाँध | ० | १५ | ० | सार्वजनिक | १ |
| | ८ | खज्ञानपुरी | ० | १५ | ० | सार्वजनिक | १ |
| | ९ | चारघारे पोखरी | १ | १९ | ० | सामुदायिक वन उपभोक्ता समूह | १ |
| | १० | सतपत्रे पोखरी | ० | १८ | ० | सामुदायिक वन उपभोक्ता समूह | १ |
| | ११ | कुम्भी खडी संग्रामपुर दह | १० | ० | ० | सार्वजनिक | १ |
| २ | १२ | सुकदेव पोखरी | ० | १० | ० | सार्वजनिक | १ |
| | १३ | गरुधाम पोखरी | ० | ८ | ० | सार्वजनिक | १ |
| | १४ | मगरटोली पोखरी तेरीयाम | ० | ८ | १० | सार्वजनिक | १ |
| | १५ | इन्द्रेणी पोखरी कुपगौरी | ० | ८ | ० | संस्थागत | १ |
| | १६ | लमा डाँडा सामुदायिम पोखरी | ० | १२ | ० | स्वामित्व | १ |
| | १७ | सेती पोखरी | १ | १० | ० | स्वामित्व | १ |
| | १८ | काली पोखरी | ० | १० | ५ | स्वामित्व | १ |
| | १९ | बेलसोते पोखरी | ० | ७ | १० | सामुदायिक | ५ |
| ३ | २० | मोहन पोखरी अधिकारी टोल | ० | ७ | १५ | निजी | १ |
| | २१ | खडकी टोल पोखरी | ० | ५ | ० | सामुदायिक | ५ |
| | २२ | भुल्ली पोखरी | ० | ४ | ० | सामुदायिक | ५ |
| | २३ | जरुवा पोखरी, जँम्दह ६ | ० | ४ | ० | सामुदायिक | १ |
| | २४ | भालु पोखरी | ० | ३ | ० | सामुदायिक | १ |
| | २५ | भेदहो पोखरी, जँम्दह ९ | ० | ३ | ० | सामुदायिक | ५ |
| | २६ | ईश्वरमानको पोखरी | ० | ५ | ० | निजी | १ |
| ४ | २७ | भोटपोखरी गा.न.पा.४ निपाने | ० | ४ | ० | सार्वजनिक | १ |
| | २८ | गौतम पोखरी | ० | ६ | ० | स्वाामित्वको लागि विवाद | १ |
| ५ | २९ | चुवाहास पोखरी | ० | ८ | ० | सार्वजनिक | १ |
| | ३० | रामनरेश यादव पोखरी | ० | १९ | ० | निजी | १ |
| | ३१ | साह पोखरी | ० | ७ | ० | सार्वजनिक | १ |


| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | ३२ | डोहटीया पोखरी | ० | ५ | ० | सार्वजनिक | १ |
| | ३३ | लामा पोखरी | ० | ४ | ० | सार्वजनिक | पानी नभएको |
| ७ | ३४ | कुर्मीटोल पोखरी | ० | १२ | ० | सार्वजनिक | १ |
| ८ | ३५ | गिटीवाला पोखरी,चन्द्रलालपुर | ० | १६ | १३ | सार्वजनिक | १ |
| | ३६ | विष्ट घर नजिकको पोखरी,चन्द्रलालपुर | ० | ९ | ० | सार्वजनिक | १ |
| | ३७ | नि.मा.वि. छेउको पोखरी,चन्द्रलालपुर | १ | ६ | ० | सार्वजनिक | १ |
| | ३८ | भरत कुण्ड पोखरी (मैनाबत्ति नदी पुर्व) | ० | १७ | १० | सार्वजनिक | १ |
| | ३९ | डण्डा पोखरी | १ | ० | ० | सार्वजनिक | १ |
| | ४० | ईन्द्रेणी पोखरी | ० | १५ | ० | सार्वजनिक | १ |
| १० | ४१ | भढी बाला पोखरी,धर्मपुर | ० | ८ | ० | सार्वजनिक | १ |
| | ४२ | अधिकारवाला पोखरी बद्ध चोक | ० | ९ | ० | सार्वजनिक | १ |
| ११ | ४३ | ढाङ्गर टोल पोखरी | ० | ५ | ० | सार्वजनिक | १ |
| १२ | ४४ | अर्जिलाल पोखरी पडवाटोल | १ | १० | ० | सार्वजनिक | १ |
| | ४५ | मोहन शाह पोखरी | १ | १० | ० | सार्वजनिक | १ |
| | ४६ | हरिदेव पावि स्कुल नजिक पोखरी | ० | ११ | १० | सार्वजनिक | ४ |
| | ४७ | श्यामसुन्दर पाल पोखरी गा.वि.स. भवन | १ | १ | १० | सार्वजनिक | १ |
| | ४८ | कारीलाल पोखरी पहाडी टोल | १ | १९ | १५ | सार्वजनिक | १ |
| | ४९ | लडगरुवा पोखरी | १ | ८ | ५ | सार्वजनिक | १ |
| | ५० | मिनहे पोखरी | ० | १६ | ७ | सार्वजनिक | ४ |
| | ५१ | शिव मन्दिर नजिक पोखरी | ० | १५ | १५ | सार्वजनिक | १ |
| | ५२ | मलहाटोल पाखरी | ० | १६ | १६ | सार्वजनिक | १ |
| | ५३ | राम जानकी पोखरी | २ | ३ | ५ | सार्वजनिक | १ |
| | ५४ | हरिपुर पोखरी | ० | ४ | १३ | सार्वजनिक | १ |

*स्रोत : गोलबजार नगरपालिका कार्यालय, २०७४*




नक्सा नं. ६ : नगरपालिकामा रहेका नदि तथा खोलाहरु

## २.१० धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु




नक्सा नं. ७ : धार्मिक स्थलहरुको विवरण

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समपूर्ण विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ ।

## २.११ मुख्य चाडपर्वहरू

यस नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने मधेसी र पहाडी मूलका मानिसहरु रहेका छन् भने त्यस्तै मुस्लिम र क्रिस्चियन धर्म मान्ने मानिसहरु पनि छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन् । जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ, होली, चैते दशैं, साउने-माघे सक्रान्ती, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोह्रश्राद्ध, कूल-थानी पूजा, ग्रामथान पूजा, करवा चौथ, कर्कट संक्रान्ति, भुर्की पूजन, संकट पूजा, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, ईद, वकरईद, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, भ्यालेनटाईन डे, आदि चाडपर्वहरु रहेका छन् ।

### क) छठ पर्व

विशेषगरी तराईका मैथिलीभाषी समुदायले मनाउने यो चाड कात्तिक शुक्ल पक्षको षष्टी तिथीमा पर्दछ । परिवारको सुख, सम्वृद्धि तथा इच्छापूर्तिका निम्ति भाकल गर्ने र मेवामिष्ठान्न खाई यो पर्व मनाइन्छ । यस पर्वमा व्रतालु भक्तजनहरु पञ्चमीको दिन देखि व्रत वस्ने चलन छ । स्थानीय नदि, कुण्ड आदिमा स्नान, ध्यान गर्दै सूर्य भगवान्को पूजा अर्चना गरिन्छ । षष्ठीका दिन वेलुका अस्ताउँदै गरेको सूर्यलाई अर्ध दिइन्छ । सप्तमीको साँझपख खीर पकाएर आफन्तलाई खुवाउने खाने गरिन्छ ।



## २.१२ सँस्कृति, कला, भाषा र साहित्य

नेपाल एक बहुसाँस्कृतिक, बहुभाषिक, बहुजातिय र विविधतायुक्त राष्ट्र हो । यसैगरी गोलबजार नगरपालिका सँस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणल धनी नगरका रुपमा रहेको छ। नगरमा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरुको बसोबास रहेको छ। आ-आफ्नो जाति तथा धार्मिक आस्था अनुरुप विभिन्न संस्कृति अवलम्बन गरेको देखिन्छ।



# खण्ड ३ : जनसाङ्खिक विवरण

## ३.१ जनसंख्याको विवरण

कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ। विकासको लागि आवश्यक आर्थिक र भौतिक साधनहरुको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरुको अध्ययन र विश्लेषण आवश्यक हुन्छ। नेपालमा नगरस्तरमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाको साथै नगरस्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ। यहाँ राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ।

तालिका नं. ५ : जनसंख्याको विवरण

| विवरण | वि.सं. २०६८ |
|---|---|
| जम्मा जनसंख्या | ५२१३७ |
| पुरुष | २५३९४ |
| महिला | २६७४३ |
| लैंगिक दर( १०० महिलामा पुरुषको संख्या) | ९४.९६ |
| जम्मा घरधुरी | १०,११० |
| औषत परिवार आकार | ५.१६ |
| ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर | ५४.१८ |
| जनघनत्व (प्रतिवर्ग कि.मी.) | ४६६ |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा गोलबजार नगरपालिकाको जनसंख्याको विवरण दिईएको छ। राष्ट्रिय जनगणना, २०६८ अनुसार गोलबजार नगरपालिकाको जनसंख्या ५२,१३७ रहेको छ जस मध्ये पुरुष ४८.७१ प्रतिशत( २५,३९४ जना) र महिला ५१.२९ प्रतिशत (२६,७४३ जना) रहेका छन्। सोही अनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ९४.९६ रहेको छ। जनघनत्व (प्रति वर्ग किलोमिटरमा रहेको जनसंख्या) ४६६ जना प्रति वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरपालिकाको कुल जनसंख्या मध्ये ५५.५६ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ३७.२३ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका, र ७.२१ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार गोलबजार नगरपालिकामा १०,११० घरपरिवार रहेका छन्। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम यस नगरपालिकाको कुल जनसंख्या मध्ये १.२६ प्रतिशत (६५९ जना) अपाङ्गता भएकाहरू रहेका छन्। जसमध्ये ३५७ जना पुरुष र ३०२ जना महिला छन्। हाल यस नगरपालिकामा प्रति परिवार औषत ५.१६ जना सदस्य रहेको देखिन्छ। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ।


## ३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण


तालिका नं. ६ : वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | जम्मा क्षेत्रफल | औषत घरधुरी आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | २१.७७ | ४.९८ | ७०३ | ३,५०३ | १७०० | १८०३ | १६०.९१ |
| २ | ९.३४ | ५.१३ | ७६२ | ३,९१० | १९०३ | २००७ | ४१८.६३ |
| ३ | १९.५४ | ५.०६ | १११८ | ५,६६० | २८२४ | २८३६ | २८९.६६ |
| ४ | २.६ | ५.३७ | ८२३ | ४,४१८ | २२४८ | २१७० | १६९९.२३ |
| ५ | ४.६३ | ५.२१ | ५०९ | २,६५१ | १२९६ | १३५५ | ५७२.५७ |
| ६ | ५.३ | ४.९७ | ११७८ | ५,८५७ | २९३३ | २९२४ | ११०५.०९ |
| ७ | ८.१५ | ५.२८ | ६०२ | ३,१७७ | १५०७ | १६७० | ३८९.८२ |
| ८ | २.८५ | ४.९९ | ४९१ | २,४५१ | १२२८ | १२२३ | ८६०.०० |
| ९ | ६.३५ | ५.४२ | ५१३ | २,७८१ | १३४० | १४४१ | ४३७.९५ |
| १० | १२.२ | ५.१७ | ६१० | ३,१५१ | १५१५ | १६३६ | २५८.२८ |
| ११ | ४ | ५.५१ | ९३० | ५,१२७ | २४६१ | २६६६ | १२८१.७५ |
| १२ | ७.७६ | ५.१२ | ९९२ | ५,०७७ | २३९८ | २६७९ | ६५४.२५ |
| १३ | ७.४४ | ४.९८ | ८७९ | ४,३७४ | २०४१ | २३३३ | ५८७.९० |
| जम्मा | १११.९३ | ५.१६ | १०,११० | ५२,१३७ | २५,३९४ | २६,७४३ | ४६५.८० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

कुल १३ वडामा संरचित यस गोलबजार नगरपालिकाको वडागत जनसंख्याको तुलनात्मक विश्लेषण गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा नं ६ रहेको छ जसमा जम्मा जनसंख्या ५,८५७ जहाँ पुरुषको २,९३३ जना र महिलाको २,९२४ जना रहेका छन्। यस वडाको औषत परिवार आकार ४.९७ र घरधुरी संख्या १,१७८ रहेको छ। त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडा नं. ८ रहेको छ जसको जनसंख्या २,४५१ जहाँ (पुरुष १,२२८ जना र महिलाको १,२२३ जना) रहेको छ भने घरधुरी संख्या ४९१ र औषत परिवार संख्या ४.९९ रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ भने उक्त विवरणलाई तल स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ।






नक्सा नं. ८ : नगरपालिकाको वडा अनुसार क्षेत्रफल विभाजन

## ३.३ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरुको बैवाहिक स्थितिको विवरण

कुनै पनि देशले विवाहका लागि कानूनमै न्युनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवाह गरिन्छ भने त्यसलाई बालविवाहको रुपमा तथा कम उमेरमा गरेको विवाहका रुपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन, (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए वीस वर्ष नपुगी विवाहवारी गर्न नहुने व्यवस्था गरेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिबृद्धि हुँदै आएको कारण वालविवाहको चलन घट्दै गइरहेको पाइन्छ। तापनि अझै केही स्थानहरुमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन रहेको देखिन्छ। साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहूँच बृद्धि भई त्यसको दुरुपयोग बढेर आफुखुसी विवाह गर्ने गरेको देखिन्छ।

राष्ट्रिय जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्भेक्षणका अनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रुपमा बढ्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ। यस गोलबजार नगरपालिकाको वैवाहिक स्थितिको तल विवरणात्मक विश्लेषण गरिएको छ।


तालिका नं. ७ : १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

| लिङ्ग | कहिल्यै विवाह नगरेको | एक विवाह | बहु विवाह भएको | पुन: विवाह भएको | विधवा/ विधुर | पारपाचुके भएको | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | ७८२० | १०५४९ | ३२८ | १६८ | २९० | ८ | ६ | १९१६९ |
| **महिला** | ५९३७ | १३८६३ | ६४ | ८९ | ७७४ | १६ | २५ | २०७६८ |
| **जम्मा** | १३७५७ | २४४१२ | ३९२ | २५७ | १०६४ | २४ | ३१ | ३९९३७ |
| **प्रतिशत** | ३४.४५ | ६१.१३ | ०.९८ | ०.६४ | २.६६ | ०.०६ | ०.०८ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिका यस नगरपालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको वैवाहिक स्थितिको अवस्था देखाइएको छ। माथिको आँकडामा गोलबजार नगरपालिकामा १० वर्षमाथिको उमेर समूहका व्यक्तिहरुमा गरिएको सर्वेक्षणमा कुल ३९,९३७ मध्ये १३,७५७ अर्थात ( ३४.४५ प्रतिशत) अविवाहित छन् भने यस नगरपालिकामा कुल जनसंख्याको ६५.५५ प्रतिशत विवाहित छन्। जसमा २४,४१२ जना (६१.१३ प्रतिशत) एक विवाह गर्नेको संख्या र बहु विवाह गर्नेको संख्या ३९२ जना (०.९८ प्रतिशत) रहेका छन् । पुन: विवाह गर्ने २५७ जना (०.६४ प्रतिशत), विधुवा/विधुर १,०६४ जना (२.६६ प्रतिशत), पारपाचुके भएका २४ जना (०.०६ प्रतिशत) र छुट्टिएका ३१ जना (०.०८ प्रतिशत) रहेका छन्।

नगरपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा १३.५८ प्रतिशतले बढी रहेको छ भने बहु विवाह गर्ने पुरुषको संख्या ३२८ हुँदा बहु विवाह गर्ने महिलाको संख्या ६४ रहेको देखिन्छ । जहाँ ६३.३५ प्रतिशतको अन्तर देखिन्छ भने विदुर पुरुषको संख्या २९० र विधवा महिलाको संख्या ७७४ रहेको छ । नेपाली समाजमा महिलाले श्रीमान्को मृत्यु भए पनि विवाह गर्नु हुँदैन भन्ने मान्यता र विधुवालाई हेरिने दृष्टिकोण रुढिवादी र परपरागत रहेको छ । अझ चन्द्रशमशेरले सती प्रथाको अन्त्य गरी महिला माथिको अन्यायको जड उठाएका थिए । समाजिकरुपमा महिला र पुरुषको वैवाहिक स्थिति असमान देखिन्छ यसको साथै नेपाली समाजमा रहेको पितृसत्तात्मक सोच देख्न सकिन्छ । यसको विवरणलाई तल वार ग्राफ बाट प्रस्तुत गरिएको छ।





## ३.४ उमेर समूह अनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण

तालिका नं. ८ : उमेर समूह अनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण

| लिङ्ग | १० वर्ष सम्ममा | १०-१४वर्ष | १५-१९ वर्ष | २०-२४वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-५०वर्ष | ५० वर्ष माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | ११८ | ४२० | ४८२४ | ४५८३ | ११६४ | २४५ | ६१ | १५ | ३ | ४ | ११,४३७ |
| **महिला** | ३८२ | २०६० | ९८९५ | २३३९ | २७२ | ५१ | २२ | ८ | ३ | ८ | १५,०४० |
| **जम्मा** | ५०० | २,४८० | १४,७१९ | ६,९२२ | १,४३६ | २९६ | ८३ | २३ | ६ | १२ | २६,४७७ |
| **प्रतिशत** | १.८९ | ९.३७ | ५५.५९ | २६.१४ | ५.४२ | १.१२ | ०.३१ | ०.०९ | ०.०२ | ०.०५ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

राष्ट्रिय जनगणना, २०६८ अनुसार  यस नगरपालिकाको १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। माथिको आँकडामा  गोलबजार  नगरपालिकामा १० वर्षमाथिको उमेर समूहका व्यक्तिहरुमा गरिएको सर्वेक्षणमा नगरपालिकामा कुल जनसंख्याको ६५.५५ प्रतिशत विवाहित छन् । त्यस मध्ये गोलबजार  नगरपालिकामा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या १४,७१९ अर्थात् सबैभन्दा बढी (५५.५९ प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्ष देखि २४ वर्षसम्मको उमेर समूहको संख्या ६,९२२ (२६.१४ प्रतिशत) देखिन्छ। तेस्रोमा १० देखि १४ वर्ष उमेरसमूहको संख्या १४,७१९ (९.३७ प्रतिशत) रहेको छ भने १० बर्षसम्मका उमेरसमूहका बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या ५०० (१.८९ प्रतिशत) रहेको देखिन्छ। नगरमा अझै पनि गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामा नै विवाह गरिदिने चलन रहेको देखिन्छ। जसलाई उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गरी नियन्त्रण गर्नु पर्ने देखिन्छ। जसको विस्तृत माथि विवरण तालिकामा उल्लेख गरिएको छ साथै तल स्तम्भमा देखाईएको छ ।




माथि तालिका र स्तम्भलाई अध्ययन गर्दा यस नगरपालिकामा बाल विवाहको समस्या देखिन्छ । नेपालमा मुलुकी ऐन, (एघारौं संशोधन २०५८) २०२० ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको  मञ्जुरी नभए वीस वर्ष नपुगी विवाहवारी गर्न नहुने कानुन व्यवस्था गरेको छ यद्यपि गोलबजार नगरपालिकामा २०६८ गारिएको यो सर्वेक्षण हेर्दा ६५.५५ प्रतिशत विवाहित मध्ये १५ वर्षदेखि १९वर्षमा ५५.५९ प्रतिशत विवाहित छन् । त्यस्तै १.८९% १० वर्ष सम्ममा र ९.३७ प्रतिशतको १० देखि १४ वर्षमा विवाह भइसकेको पाईयो जुन उपयुक्त उमेर अगावै हुनुको साथै नेपालको कानुन विपरित मानिन्छ । अझै पनि गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामा नै विवाह गरिदिने चलनको साथै पछिल्लो समय आफुखुसी उमेर अगावै विवाह गर्ने प्रवृत्ति रहेको देखिन्छ ।

समय परिवर्तनको दौरान सँगै २०६८ को आँकडा भन्दा सकारत्मक हुँदै गएको भएतापनि बाल विवाहको अन्त्य भने भएको छैन। विवाहको उपयुक्त उमेर नपुग्दै भएको विवाहले समाजमा विभिन्न समस्याहरु निम्त्याएको कुरा लाई हामी नकार्न भने सक्दैनौ यसलाई समाधान गर्न सरकार र सरोकारवालाहरु बाट उचित शिक्षा तथा चेतनामूलक कार्यक्रमको प्रचार प्रसार गरी नियन्त्रण गर्नु पर्ने देखिन्छ।

## ३.५ उमेर समूहअनुसार जनसख्याको विवरण


तालिका नं. ९ : उमेर समूहअनुसार जनसंख्याको विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ०–४ | २७०६ | २५८८ | ५,२९४।०० | १०.१५ | १.०५ |
| ५–९ | ३५१९ | ३३८७ | ६,९०६ | १३.२५ | १.०४ |
| १०–१४ | ३७२९ | ३४८२ | ७,२११ | १३.८३ | १.०७ |
| १५–१९ | २६८६ | २७०३ | ५,३८९ | १०.३४ | ०.९९ |
| २०–२४ | १७६० | २२५० | ४,०१० | ७.६९ | ०.७८ |
| २५–२९ | १६२२ | २३१९ | ३,९४१ | ७.५६ | ०.७० |
| ३०–३४ | १३६० | १९६० | ३,३२० | ६.३७ | ०.६९ |
| ३५–३९ | १५२२ | १८८८ | ३,४१० | ६.५४ | ०.८१ |
| ४०–४४ | १३४४ | १४५९ | २,८०३ | ५.३८ | ०.९२ |
| ४५–४९ | ११९८ | ११७४ | २,३७२ | ४.५५ | १.०२ |
| ५०–५४ | १०९७ | ९२९ | २,०२६ | ३.८९ | १.१८ |
| ५५–५९ | ९१६ | ७७९ | १,६९५ | ३.२५ | १.१८ |
| ६०–६४ | ७८४ | ७२३ | १,५०७ | २.८९ | १.०८ |
| ६५–६९ | ४७३ | ५०९ | ९८२ | १.८८ | ०.९३ |
| ७०–७४ | ३९४ | ३२६ | ७२० | १.३८ | १.२१ |
| ७५–७९ | १५४ | १३६ | २९० | ०.५६ | १.१३ |
| ८०–८४ | ७२ | ७२ | १४४ | ०.२८ | १.०० |
| ८५–८९ | २१ | २० | ४१ | ०.०८ | १.०५ |
| ९०–९४ | ११ | २२ | ३३ | ०.०६ | ०.५० |
| ९५+ | २६ | १७ | ४३ | ०.०८ | १.५३ |
| **जम्मा** | २५,३९४ | २६,७४३ | ५२,१३७ | १००.०० | ०.९५ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

यस गोलबजार नगरपालिका उमेरगत जनसंख्याको विवरण दिईएको छ । जसमा २०६८ को जनगणना अनुसार ०-१४ वर्ष उमेर समूहको संख्या १९,४११ (३७.२३ प्रतिशत) रहेको छ, १५-४५ वर्ष उमेर समूहको जनसंख्या २२,८७३ (४३.८७ प्रतिशत) छ, काम गर्ने उमेरसमूह १५ देखि ५९ वर्षसम्मको जनसंख्या २८,९६६ ( ५५.५६ प्रतिशत) रहेको छ। लिङ्गको आधारमा हेर्दा महिलाको जनसंख्या २६,७४३ (५१.२९ प्रतिशत) र पुरुषको जनसंख्या २५,३९४ (४८.७१ प्रतिशत) रहेको र यसप्रकार महिला र पुरुषको जनसंख्याको अन्तर २.५९ प्रतिशत देखिन्छ। देशको समग्र जनसंख्यामा महिलाको संख्या बढी रहेको छ । यस नगरपालिकामा महिलाको संख्या २.५९ प्रतिशतले बढी देखिन्छ । ६० वर्ष भन्दामाथि उमेर समूहको संख्या ३,७६० (७.२१ प्रतिशत) रहेको छ। तथ्याङ्कले नगरमा मानव स्रोतको प्रशस्त मात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ। साथै बालबालिकाको संख्या पनि उच्च हुनुले आउँदा दिनहरुमा पनि यस न.पा. मा मानव स्रोतको कमी नहुने देखाउँछ । जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ। यस विवरणलाई तल स्तम्भ चित्रबाट स्पष्ट बनाईएको छ ।

उमेर समूहअनुसार जनसख्याको विवरण




## ३.६ जातजाती समूहअनुसार जनसंख्याको विवरण

गोलबजार नगरपालिकामा कोइरी/कुशवाहा, यादव, मुसाहर, तेली, मुसलमान, तामाङ्ग, चमार/हरिजन/, दुसाध/पासवान/पासी , तात्मा/तात्वा, सुधी, हलुवाई, क्षेत्री, मगर, दनुवार, कामी, सन्यासी, सार्की, दमाई, नेवार, जनजाति अन्य, दलित अन्य, तराई अन्य आदि जातका मानिसहरु वसोवास गर्दछन । गोलबजार नगरपालिका तराईको संगम भएको हुदा यहांको सामाजिक जनजीवन तथा पद्धतिमा पनि आफ्नै विशेषता छन् । यहां विशेषत कोइरी/कुशवाहा, यादव, मुसाहार , मुसलमान, चमार /हरिजन वस्तीहरु छन् भने यी जाती लगायत विभिन्न जातिको बसोबास रहेको तथ्याङ्क देखाउँछ । यहाँ कुल जनसंख्यामा कोइरी/कुशवाहा जाति सबैभन्दा बढी १२.१९


प्रतिशत रहेको देखिन्छ। यसैगरी गोलबजार नगरपालिकाको जाती अनुसार जनसंख्याको वितरणलाई तल तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. १० : गोलबजार नगरपालिकाको जनसंख्या र जातजातिको विवरण

| क्र.सं. | जातजाति | जम्मा | प्रतिशत | क्र.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | कोइरी/कुशवाहा | ६,३५४ | १२.१९ | ७ | तामाङ्ग | २,७५३ | ५.२८ |
| २ | यादव | ५,२०६ | ९.९९ | ८ | मगर | २,४३८ | ४.६८ |
| ३ | मुसाहार | ४,१३६ | ७.९३ | ९ | दलित अन्य | २,१६१ | ४.१४ |
| ४ | मुसलमान | ३,७७१ | ७.२३ | १० | उल्लेख नगरिएको | ७६ | ०.१५ |
| ५ | चमार/हरिजन/राम | ३,६४५ | ६.९९ | ११ | अन्य | १८,४८५ | ३५.४५ |
| ६ | तेली | ३,११२ | ५.९७ | | जम्मा | ५२,१३७ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस नगरपालिकाको सामाजिक संरचना विविधतायुक्त रहेको पाईन्छ। नगरपालिकाको सामाजिक संरचना हेर्दा बहुभाषी,बहुधार्मिक, र बहुजातिय संरचना रहेको देखिन्छ । पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार गोलबजार नगरपालिकामा विभिन्न किसिमका जातजाति रहेको देखिन्छ । यसरी सिराहा जिल्लामा अवस्थित गोलबजार न.पा. मा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी कोईरी /कुशवाहा ६,३५४ जना (१२.१९ प्रतिशत ), दोस्रोमा यादव ५,२०६ (९.९९ प्रतिशत ) , तेस्रोमा मुसाहार ४,१७६ (७.९३ प्रतिशत ), मुसलमान ३,७७१ (७.२३ प्रतिशत ), र चमार/हरिजन/राम ३,६४५ (६.९९ प्रतिशत ) र रहेका छन् यस्तै दुसाध/पासवान/पासी , तात्मा/तात्वा, सुधी, हलुवाई, क्षेत्री, मगर, दनुवार, कामी, सन्यासी, सार्की, दमाई, नेवार, जनजाति अन्य, दलित अन्य, तराई अन्य जातिहरुको संख्या कम रहेको देखिन्छ । जसको विस्तृत विवरण माथिको तालिकामा र तल स्तम्भमा प्रस्तुत गरिएको छ।



## ३.७ मातृभाषा अनुसार जनसंख्याको विवरण


नेपाल एक बहुभाषिक र बहुसाँस्कृतिक विविधतायुक्त राष्ट्र हो। यस गोलबजार नगरपालिकामा पनि भाषिक विविधता रहेको देखिन्छ। जसको विवरण तल तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ११ : मातृभाषा अनुसार जनसंख्याको विवरण

| क्र.सं. | भाषा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मैथिली | ३८२८४ | ७३.४३ |
| २ | नेपाली | ४५१८ | ८.६७ |
| ३ | तामाङ्ग | २६१४ | ५.०१ |
| ४ | उर्दु | २५६० | ४.९१ |
| ५ | अन्य | ३९३१ | ७.५४ |
| ६ | उल्लेख नगरिएको | २३० | ०.४४ |
| जम्मा | | ५२१३७ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

यस नगरपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने मातृभाषाहरूमा विविधता रहेको पाइन्छ। मातृभाषा अनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस नगरपालिकामा सबैभन्दा बढी मैथली भाषा बोल्नेहरुको संख्या सबैभन्दा बढी अर्थात ३८,२८४ (७३.४३ प्रतिशत) रहेको देखिन्छ भने दोस्रोमा नेपाली भाषा ४,५१८ (८.६७ प्रतिशत), तेस्रोमा तामाङ्ग बोल्ने संख्या २,६१४ (५.०१ प्रतिशत) रहेको पाइन्छ। यसैगरी उर्दु भाषा बोल्नेहरुको संख्या २,५६० ( ४.९१ प्रतिशत) रहेका छन्। सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रुपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ। तालिकाको विवरणलाई तल स्तम्भ चित्रमा पनि देखाइएको छ।



## क) आदिवासी

आदिवासी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार आदिवासी जनजाती भन्नाले आफ्नो मातृभाषा र परम्परागत रीतिरिवाज, छुट्टै साँस्कृतिक पहिचान, छुट्टै सामाजिक संरचना र लिखित वा अलिखित इतिहास भएका ५८ जाति वा समुदायलाई बुझिन्छ। यस नगरपालिकाको कुल जनसंख्या ५२,१३७ मध्ये १९.०८ प्रतिशत (९,९४९ जना) जनसंख्या आदिवासी (थारु, मगर, नेवार, गुरुङ, तामाङ, लिम्बु आदि) रहेको छ। आदिवासीहरु सबैभन्दा बढी तामाङ्ग जातिको संख्या २,७५३ (५.२८ प्रतिशत) जनसंख्या रहेको पाइन्छ। मुख्यत: कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रुपमा न्युन रहेको छ। एकातर्फ बाल विवाह, बच्चा जन्मनु पूर्व नै मगनी गर्ने विवाह, गुरुवा (धामी, झाक्री) प्रथा जस्ता सामाजिक प्रथाहरू यस समुदायमा हालसम्म आंशिक रुपमा भएपनि कायमै रहेको पाइन्छ भने अर्कातर्फ यी जनजातीहरुको आधुनिकताको प्रभावको बीच आफ्नो मौलिक संस्कृतिलाई बचाई राखेको पाइन्छ। यी समुदायद्वारा गोलबजार नगरपालिकाको मौलिक संस्कृतिलाई जिवन्त राख्न सहयोग पुगेको छ। यस समुदायबाट जनप्रतिनिधिको रुपमा हाल राष्ट्रको निर्णायक तहहरुमा केहि सहभागिता देखिएको छ। यस नगरपालिका भिषण मलेरियादेखि हिंस्रक जनावरहरूसँग झण्डै आधा शतकदेखि कुस्ती खेल्दै गोलबजार नगरपालिकाको विकास निर्माणमा हात पाखुरी चलाउदै आएको यो समुदाय अहिले आएर सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले समेत तुलनात्मक रुपमा केही पछाडी परेको देखिन्छ। गोलबजार नगरपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ।

## ख) सिमान्तकृत तथा उत्पीडित समुदाय

नेपालको संविधान (२०७२) को भाग ३४ को धारा ३०६ को (ड) मा सिमान्तकृत जनसंख्या भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रुपले पछाडि पारेका, विभेद र उत्पीडित तथा भौगोलिक विकटताको कारणले सेवा सुबिधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघिय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिका समुदाय भनेर परिभाषित गरेको छ।

यस नगरपालिकामा १६,२३६ (२२.८३ प्रतिशत) उत्पीडित (मुसाहार, चमार, तेली, दुसाध आदि) समुदायको बसोबास रहेको छ। सामाजिक विभेदका रुपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनीतिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका प्रा.वि., निमावि, र मा.वि.मा अध्ययन छात्र छात्राहरूको संख्या भने तुलनात्मक रुपमा कम रहेको छ। परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानुनी व्यवस्था अन्तर्गत जातिय छुवाछुतलाई कानुनी अपराधको रुपमा परिभाषित गरिएको ४ दशक हुन लाग्दा पनि उत्पीडित र अपेक्षित समुदायले सार्वजनिक स्थल (मन्दिर) हरूमा प्रवेशका लागि स्थानीय

निकायहरूसँग मिलेर चरणबद्ध अभियान संचालन गर्नुपर्ने अवस्था कायमै रहेको छ। सरकारी सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्युन छ। त्यसै गरी राजनीतिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनीतिक नेतृत्वमा भने सीमित व्यक्तिहरू मात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रुपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाईन्छ । गोलबजार नगरपालिका विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।

## ३.८ धर्मअनुसार जनसंख्याको विवरण

धर्म अनुसार जनसंख्याको वितरणलाई अध्ययन गर्दा यस गाउँपलिकामा आदिवासी/जनजाति अन्य जातजातिहरुको बसोबास रहेता पनि यस नगरपालिकाको  प्राय जसो समुदायका अधिकांश मानिसहरूले धर्मको रुपमा सनातन हिन्दु धर्मलाई स्वीकारेको देखिन्छ। वेदमूलक आर्य-संस्कृतिका विधि-विधान र धर्म शास्त्र आदिलाई रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरोसित तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी लोकगीत आदिको रुपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ। यो समुदायको विशेष पहिचान नै आफ्नो सांस्कृतिक मौलिकपना नै हो। नगरपालिकामा  विभिन्न समुदायका मानिसहरुको बसोबास रहेका हुनाले उनीहरुका आआफ्नै चाडपर्वहरु छन् । जस्तै हिन्दूधर्मावलम्बीहरुले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने-माघे सक्रान्ती, मागी, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, कूल-थानी पूजा, ग्रामथान पूजा, बोल बम आदि चाडपर्वहरु मनाउने गर्दछन् । बौद्ध धर्मावलम्बीहरुले बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरु, तिहार आदि मनाउने गरेको पाइएको छ । यसैगरी ईस्लामहरुले ईद, वकरईद, इदुलफितर आदि र क्रिश्चियनहरुले क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, भ्यालेनटाईने डे आदि मनाउने गर्दछन्। यस नगरपालिकामा  बसोबास गर्ने मानिससहरुको भेषभूषाको बारेमा चर्चा गर्दा महिलाको साडी, धोती चोलो तथा पुरुषको धोती, कुर्ता, कमेज भएको पाइन्छ । तर आधुनिकता सँगै अहिलेको समयमा सबै जातजातिका युवा, युवतीहरु क्रमश: पैन्ट, शर्ट, साडी ब्लाउज, कुर्ता-सलवार नै लगाउन रुचाउँछन्।


नेपालको संविधानले नेपाललाई एक धर्म निरपेक्ष राष्ट्रको रुपमा परिभाषित गरेको छ। नेपालमा धार्मिक स्वतन्त्रता र विविधता रहेको छ। यस गोलबजार नगरपालिकामा पनि धार्मिक विविधता रहेको देखिन्छ। पछिल्लो जनगणना अनुसार नगरपालिकामा रहेको धर्म अनुसार जनसंख्या वितरण तल तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. १२ : धर्मअनुसार जनसंख्याको विवरण

| हिन्दु | इस्लाम | बौद्ध | किराँत | क्रिश्चियन | जैन | प्रकृति | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ४४७२६ | ३७५५ | ३१७० | १८२ | ५२ | १५ | ८ | २२९ | ५२१३७ |
| ८५.७९ | ७.२० | ६.०८ | ०.३५ | ०.१० | ०.०३ | ०.०२ | ०.४४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा गोलबजार नगरपालिकाको धर्मगत जनसंख्याको तथ्यांकलाई देखाइएको छ। यी विविध तथ्यबाट नगरपालिकामा धार्मिक संरचनाको दृष्टिकोणबाट बढी विविधतायुक्त रहेको देखिन्छ। धार्मिक दृष्टिकोणले हेर्दा यस नगरपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन्। पछिल्लो जनगणना अनुसार यहाँको कुल जनसंख्या ५२,१३७ जनामा रहेकोमा ८५.७९ प्रतिशत अर्थात् ४४,७२६ जना हिन्दु, ७.२० प्रतिशत (३,७५५ जना) इस्लाम धर्मावलम्बीहरु, ६.०८ प्रतिशत (३,१७० जना) बौद्ध धर्मावलम्बीहरु, ०.३५ प्रतिशत (१८२ जना) किराँत, ०.१० प्रतिशत (५२ जना) क्रिश्चियन, ०.०३ प्रतिशत (१५ जना) जैन र प्रकृति धर्मावलम्बीहरु ८ जना सबै भन्दा कम रहेको पाईन्छ। जसको विस्तृत विवरण माथि तालिका र तल स्तम्भमा उल्लेख गरिएको छ।




## ३.९ घरमूलीको लैङ्गिक विवरण


चौधौं योजनामा उल्लेख भए अनुसार महिला घरमूली २५.७ प्रतिशत, सम्पतिमाथि महिलाको स्वामित्व २६ प्रतिशत, महिला साक्षरता दर ५७.४ प्रतिशत र श्रम सहभागिता दर ५४ प्रतिशत रहेको छ। यसै तथ्यांकलाई आधार मानी स्थानिय सरकारको रुपमा गठित गाउँपालिका/नगरपालिकाको महिला घरमूलिको विवरण उल्लेख गरिएको छ।

तालिका नं. १३ : घरमुलीको लैङ्गिक विवरण

| वडा | पुरुष घरमुली भएको घरधुरी संख्या | महिला घरमुली भएको घरधुरी संख्या | जम्मा घरधुरी संख्या |
|---|---|---|---|
| १ | ५१६ | १८७ | ७०३ |
| २ | ५५३ | २०९ | ७६२ |
| ३ | ९६४ | १५४ | १,११८ |
| ४ | ७०५ | ११८ | ८२३ |
| ५ | ४३९ | ७० | ५०९ |
| ६ | ९३१ | २४७ | १,१७८ |
| ७ | ४६७ | १३५ | ६०२ |
| ८ | ४०५ | ८६ | ४९१ |
| ९ | ३८० | १३३ | ५१३ |
| १० | ४६१ | १४९ | ६१० |
| ११ | ७०३ | २२७ | ९३० |
| १२ | ६९१ | ३०१ | ९९२ |
| १३ | ६४५ | २३४ | ८७९ |
| **कुल जम्मा** | ७,८६० | २,२५० | १०,११० |
| **प्रतिशत** | ७७.७४ | २२.२६ | १००.०० |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

नेपालको राष्ट्रिय जनगणना २०६८ को नतिजाअनुसार जम्मा १०,११० घरधुरी संख्या रहेको यस नगरपालिकामा ७७.७४ प्रतिशत घरमा चाहिँ पुरुषहरु नै घरमुली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने सानो हिस्सामा करिव चार भागको एक भाग भन्दा पनि कम २२.२६ प्रतिशत महिलाहरु घरमुली भई घरको मुख्य जिम्मेवारी लिइएको देखिन्छ। यो अवस्था समग्र देशको अवस्थासंग मिल्दोजुल्दो नै देखिन्छ। लैङ्गिक आधारमा घरमुलीको संख्या पुरुष र महिलाको बीचमा ठूलो अन्तर देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ भने विवरणलाई तल स्तम्भ चित्रमा देखाईएको छ ।





## ३.१० परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

तालिका नं. १४ : परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा नं. | निजी | भाडा | संस्थागत | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| **१** | ७०३ | ० | ० | ० | ७०३ |
| **२** | ७६० | १ | ० | १ | ७६२ |
| **३** | १११६ | १ | ० | १ | १,११८ |
| **४** | ६९० | ५८ | ३ | ७२ | ८२३ |
| **५** | ५०६ | १ | ० | २ | ५०९ |
| **६** | १०३२ | १४३ | १ | २ | १,१७८ |
| **७** | ५१० | ९२ | ० | ० | ६०२ |
| **८** | ४२४ | ६७ | ० | ० | ४९१ |
| **९** | ४८२ | २९ | ० | २ | ५१३ |
| **१०** | ६०४ | २ | ० | ४ | ६१० |
| **११** | ८९४ | ११ | १ | २४ | ९३० |
| **१२** | ९८९ | ० | ० | ३ | ९९२ |
| **१३** | ८७४ | २ | ० | ३ | ८७९ |
| **जम्मा** | ९,५८४ | ४०७ | ५ | ११४ | १०,११० |
| **प्रतिशत** | ९४.८० | ४.०३ | ०.०५ | १.१३ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*




माथिको तालिकामा गोलबजार नगरपालिकामा परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस नगरपालिकामा जम्मा १०,११० घरधुरीहरुमध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या ९,५८४ ( ९४.८० प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या ४०७ (४.०३ प्रतिशत ) रहेको देखिन्छ। त्यस्तै संस्थागत घरधुरी ५ (०.०५ प्रतिशत) र अन्य घरधुरीको संख्या ११४ (१.१३ प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरणलाई वडागत रुपमा तुलना गर्दा वडा नं.६ मा अन्य वडाको तुलनामा भाडाको घरधुरी संख्या बढी रहेको देखिन्छ। जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ। यस विवरणलाई तल स्तम्भ चार्टमा प्रस्तुत गरिएको छ।


## ३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

तालिका नं. १५ : महिलाका नाममा भएको घरको स्वामित्वको विवरण

| वडा नं. | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | ४० | ६६० | ३ | ७०३ |
| २ | ५४ | ७०८ | ० | ७६२ |
| ३ | ६० | १०५४ | ४ | १,११८ |
| ४ | १८८ | ६३२ | ३ | ८२३ |
| ५ | २९ | ४८० | ० | ५०९ |
| ६ | १९० | ९७९ | ९ | १,१७८ |
| ७ | ३९ | ५४८ | १५ | ६०२ |
| ८ | ३२ | ४५४ | ५ | ४९१ |
| ९ | ३३ | ४७९ | १ | ५१३ |
| १० | ७९ | ५२९ | २ | ६१० |
| ११ | ७४ | ६७४ | १८२ | ९३० |
| १२ | ७९ | ९११ | २ | ९९२ |
| १३ | ३८ | ८१० | ३१ | ८७९ |
| जम्मा | ९३५ | ८,९१८ | २५७ | १०,११० |
| प्रतिशत | ९.२५ | ८८.२१ | २.५४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा गोलबजार नगरपालिकामा महिलाका नाममा भएको घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा महिलाको स्वामित्वमा रहेको घरधुरी संख्या ९३५ (९.२५ प्रतिशत) र स्वामित्व नभएको घरधुरी संख्या ८,९१८ (८८.२१ प्रतिशत) रहेको छ भने उल्लेख नगरिएको घरधुरी संख्या २५७ (२.५४ प्रतिशत) रहेको छ। माथिको विवरण हेर्दा समयको फड्केको सँगै लैङ्गिक समानता भने कायम हुन सकिरहेको छैन। केही हद सम्म राज्यमा महिला सशक्तिकरण तथा महिला अधिकारको बहस भईरहँदा अझै लैङ्गिक समानतामाथि प्रश्न चिन्ह् खडा गरेको छ। प्राप्त तथ्यांक अनुसार यस नगरपालिकामा अझै पनि महिलाको जनजागरणमा विकास गर्न विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गर्नुपर्ने देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकाले देखाउँछ। यस विवरणलाई तल स्तम्भमा उल्लेख गरिएको छ।




माथिको विवरण र स्तम्भलाई हेर्दा स्वामित्वाको असमान स्थिति रहेको छ। गोलबजार नगरपालिकाको विवरणले आजको समयमा पनि लैङ्गिक असमानताको चरम स्थिति चित्रण गर्दछ। घरमा महिलाको स्वामित्व पुरुषको तुलनामा अत्यन्तै कम रहेको देखिन्छ। २०६८ सालको सर्वेक्षण पछि महिला स्वममित्वमा वृद्धि भएतापनि असमानताको खाडल भने पुरिएको छैन। समग्र नेपालको परिस्थिति गोलबजार नगरको जस्तै भएकाले यस्तो अन्तरलाई कम गर्न राज्यले विशेष खालका कार्यक्रमहरु ल्याउनु पर्ने तथा जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ।


## ३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण

तालिका नं. १६ : महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण

| वडा नं. | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | १४३ | ५५७ | ३ | ७०३ |
| २ | १८२ | ५८० | ० | ७६२ |
| ३ | १७१ | ९४३ | ४ | १,११८ |
| ४ | २७२ | ५४८ | ३ | ८२३ |
| ५ | ९२ | ४१७ | ० | ५०९ |
| ६ | ३०६ | ८६३ | ९ | १,१७८ |
| ७ | ९४ | ४९३ | १५ | ६०२ |
| ८ | ४० | ४४६ | ५ | ४९१ |
| ९ | ९६ | ४१६ | १ | ५१३ |
| १० | १६१ | ४४७ | २ | ६१० |
| ११ | १५६ | ५९२ | १८२ | ९३० |
| १२ | २०४ | ७८६ | २ | ९९२ |
| १३ | २५५ | ५९३ | ३१ | ८७९ |
| जम्मा | २,१७२ | ७,६८१ | २५७ | १०,११० |
| प्रतिशत | २१.४८ | ७५.९७ | २.५४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

यस गोलबजार नगरपालिकामा जग्गामा महिलाको स्वामित्व भएको विवरण अनुसार जग्गामा स्वामित्व भएको महिलाको घरधुरी संख्या २,१७२ (२१.४८ प्रतिशत) र जग्गामा स्वामित्व नभएको महिलाको घरधुरी संख्या ७,६८१ (७५.९७ प्रतिशत) रहेको छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। विवरणले घरमा महिलाको स्वामित्व भन्दा तुलानात्मकरुपमा जमिनमा महिलाको स्वामित्व केही बढी देखिन्छ। माथिको तालिकालाई तल स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।




माथिको विवरण र स्तम्भलाई अध्ययन गर्दा महिला समानताको कायम गर्न नेपाल सरकारले भुमि सम्बन्धी कारोबार गर्दा महिलाको नाम मा गर्दा केही छुट दिएको छ यसंले जमिनको स्वामित्वमा केही परिवर्तन भएको पाइन्छ। घरमा महिलाको स्वामित्व ९.२५ प्रतिशत रहेको मा जमिन प्रतिको स्वामित्व २१.४८ प्रतिशत रहेको छ यसको प्रमुख कारण सरकारले जमिन सम्बन्धी लागु गरेको नीति हो यद्यपि लैङ्गिक आधारमा जग्गाको स्वामित्व पुरुषको तुलनामा महिलाको अत्यन्त कम देखिन्छ। यस ठुलो अन्तरलाई कम गर्न विशेष खालका कार्यक्रमहरु ल्याउनु पर्ने देखिन्छ जसले नेपालको विकासमा तगारो बनेर रहेको लैङ्गिक असमानताले सुधारको वाटो पहिल्यउन सकोस्।

## ३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

तालिका नं. १७ : अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

| जनगणना वर्ष | जम्मा घरधुरी | अनुपस्थित घरधुरी | उपस्थित घरधुरी | थाहा नभएको |
|---|---|---|---|---|
| २०६८ | १०,११० | ३,००५ | ७,०८५ | २० |
| प्रतिशत | १०० | २९.७२ | ७०.०८ | ०.२० |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

माथिको तालिकामा अनुपस्थित घरधुरीको विवरण देखाईएको छ। जस अनुसार अनुपस्थित घरधुरी २९.७२ प्रतिशत अर्थात ३,००५ घरधुरी रहेको देखिन्छ। तथ्याङ्क अनुसार यस नगरपालिकाबाट विभिन्न पेशा, व्यापार व्यवसाय वा वैदेशिक रोजगारको शिलशिलामा रहेका जनसंख्याको प्रभाव अनुपस्थित प्रतिशतमा पर्न गएको देखिन्छ।

## ३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण


तालिका नं. १८ : बाहिरी गारोका आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईंटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईंटा/ढुंगा | काठ/ फल्याक | बाँसजन्य सामग्री | काँचो ईंटा | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ९ | ४० | २१ | ६२४ | १ | ० | ८ | ७०३ |
| २ | ९२ | १२९ | ८६ | ४५१ | ३ | ० | १ | ७६२ |
| ३ | ६१ | १५० | ३७ | ८३५ | १३ | १२ | १० | १,११८ |
| ४ | २६ | ५२४ | ७ | २६० | १ | १ | ४ | ८२३ |
| ५ | ३९ | १४९ | ३० | २९० | ० | १ | ० | ५०९ |
| ६ | ५० | ७२४ | ११ | ३८६ | ० | ० | ७ | १,१७८ |
| ७ | ४० | १९६ | १६ | ३३५ | २ | १ | १२ | ६०२ |
| ८ | ३८ | १२२ | १७ | ३०४ | १ | ० | ९ | ४९१ |
| ९ | ९ | ८४ | २ | ४१५ | ० | २ | १ | ५१३ |
| १० | २१ | ६५ | ३३ | ४७४ | ९ | २ | ६ | ६१० |
| ११ | ५२ | २३६ | ५४ | ५५४ | १ | ६ | २७ | ९३० |
| १२ | ३ | ३०४ | ० | ६५६ | २ | १७ | १० | ९९२ |
| १३ | १९ | २७६ | ० | ५५२ | ० | २४ | ८ | ८७९ |
| जम्मा | ४५९ | २,९९९ | ३१४ | ६,१३६ | ३३ | ६६ | १०३ | १०,११० |
| प्रतिशत | ४.५४ | २९.६६ | ३.११ | ६०.६९ | ०.३३ | ०.६५ | १.०२ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तथ्यांकलाई हेर्दा यस गोलबजार नगरपालिकामा परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमा बाँसजन्य सामग्रीबाट बनेको बाहिरी गारो भएको घरधुरी सबैभन्दा धेरै ६,१३६ (६०.६९ प्रतिशत) छ भने सबैभन्दा कम काँचो ईँटाबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या ३३ (०.३३ प्रतिशत) रहेको देखिन्छ। यसैगरी सिमेन्टको जोडाइ भएको ईँटा/ढुङ्गाको बाहिरी गारो भएको घरधुरी संख्या २,९९९ (२९.६६ प्रतिशत), काठ तथा फल्याकको बाहिरी गारोको घरधुरी संख्या ३१४ (३.११ प्रतिशत), माटोको जोडाई भएको ईँटा तथा ढुङ्गाको बाहिरी गारो भएको घरधुरी संख्या ४५९ (४.५४ प्रतिशत) रहेको छ भने अन्य ६६ (०.६५ प्रतिशत) र उल्लेख नगरिएको १०३ (१.०२ प्रतिशत) घरधुरी संख्या रहेको देखिन्छ। नगरपीलकाको वडागत तुलना गर्दा वडा नं. ४ मा सिमेन्टको जोडाई बाट बनेको बाहिरी गारोको घरधुरी सबै भन्दा बढी देखिन्छ।

विशेषगरी तराईमा गर्मीको चाप हुने हुँदा र सर्पहरुको जोखिम कम गर्न बासजन्य बासजन्य सामाग्रीको प्रयोग भएको पाईन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।





## ३.१५ छानाको आधारमा घरको बनोटको विवरण

तालिका नं. १९ : छानाको आधारमा घरको बनोटको विवरण

| वडा नं. | खर/पराल /छ्वाली | जस्ता/टिन /च्यादर | टायल/खपडा/ झिँगटी/ढुङ्गा | सिमेन्ट/ ढलान | काठ/ फल्याक | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १८१ | १९ | ४९७ | ० | ० | ० | ६ | ७०३ |
| २ | १९८ | १९ | ४३९ | २४ | ७३ | ० | ९ | ७६२ |
| ३ | २८४ | ५२ | ७३१ | २२ | १५ | ४ | १० | १,११८ |
| ४ | १३२ | ४२ | ३२९ | ३११ | ५ | ० | ४ | ८२३ |
| ५ | १२८ | २६ | ३२५ | २४ | ४ | १ | १ | ५०९ |
| ६ | ९४ | ५६ | ६४६ | ३६४ | ६ | ४ | ८ | १,१७८ |
| ७ | ८१ | ३० | ४३९ | ३९ | ० | ० | १३ | ६०२ |
| ८ | १६७ | २६ | २२० | ६३ | ४ | १ | १० | ४९१ |
| ९ | २९ | ३१ | ४१० | ३७ | ३ | ० | ३ | ५१३ |
| १० | ९१ | १७ | ४७१ | १६ | १२ | १ | २ | ६१० |
| ११ | ९१ | ३४ | ६८१ | १०१ | ६ | २ | १५ | ९३० |
| १२ | २७७ | १६३ | ४६९ | ६७ | २ | ४ | १० | ९९२ |
| १३ | ११७ | ११५ | ५७७ | ४४ | ० | १५ | ११ | ८७९ |
| जम्मा | १,८७० | ६३० | ६,२३४ | १,११२ | १३० | ३२ | १०२ | १०,११० |
| प्रतिशत | १८.५० | ६.२३ | ६१.६६ | ११.०० | १.२९ | ०.३२ | १.०१ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं २०६८*

यस गोलबजार नगरपालिकामा भएका घरधुरीहरुलाई छानाको बनोटको आधारमा छुट्याउँदा टायल, खपडा, झिँगटी तथा ढुङ्गाको छानो भएको घरको संख्या सबैभन्दा धेरै ६,२३४ (६१.६६ प्रतिशत) रहेको देखिन्छ भने सबैभन्दा कम काठ फल्याकको छाना रहेको घरधुरी १३० (१.२९ प्रतिशत) रहेको छ । यसैगरी दोस्रोमा खर/पराल/छ्वालीको छाना रहेको घरधुरी १,८७० (१८.५० प्रतिशत), सिमेन्टेट ढलान भएको घरधुरी १,११२ (११.०० प्रतिशत) र जस्ता/टिन/च्यादरको छाना रहेको घरधुरी ६,३० (६.२३ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण माथिको तालिकामा र तल स्तम्भ चार्ट मार्फत दिइएको छ।




तराईको समथर भुभागमा टायल, खपडा, झिँगटी तथा ढुङ्गा र खर/पराल/छ्वालीको छाना प्रयोग जोखिमयुक्त देखिन्छ । वसन्त ऋतुहरुमा हावाहुरीको कारण आगलागीको समस्या बर्षेनी भोग्न पर्ने बाध्यता छ । भौगोलिक संरचाना अनुसार यो संरचना लाई सुरक्षित मान्न सकिँदैन । यसलाई न्युनीकरण गर्न आवश्यक कदम चाली आगलागी बाट आईपर्ने समस्याको समाधन गर्नु आवश्यक देखिन्छ ।


## ३.१६ जगको आधारमा घरको बनोटको विवरण

तालिका नं. २० : जगको आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा | ढलान पिल्लर सहितको | काठको खम्बा गाडेको | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | १० | ४७ | ० | ६४० | ० | ६ | ७०३ |
| २ | १४६ | १२६ | ९ | ४८० | १ | ० | ७६२ |
| ३ | ७० | १६६ | ७ | ८५८ | ८ | ९ | १,११८ |
| ४ | ४३ | ३१८ | २०३ | २०४ | ५१ | ४ | ८२३ |
| ५ | २५ | १४४ | ५ | ३३४ | १ | ० | ५०९ |
| ६ | ७९ | ७०४ | ६६ | ३२२ | ० | ७ | १,१७८ |
| ७ | ३४ | १९७ | १ | ३५६ | २ | १२ | ६०२ |
| ८ | ४८ | १२४ | ५ | ३०४ | १ | ९ | ४९१ |
| ९ | ८ | ८६ | ५ | ४१३ | ० | १ | ५१३ |
| १० | २९ | ६८ | १ | ५०९ | ० | ३ | ६१० |
| ११ | ६४ | २३७ | २ | ५२६ | ९१ | १० | ९३० |
| १२ | ३ | २५८ | ४८ | ६५५ | १८ | १० | ९९२ |
| १३ | १६ | २६९ | ८ | ४६२ | ११६ | ८ | ८७९ |
| जम्मा | ५७५ | २,७४४ | ३६० | ६,०६३ | २८९ | ७९ | १०,११० |
| प्रतिशत | ५.६९ | २७.१४ | ३.५६ | ५९.९७ | २.८६ | ०.७८ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

गोलबजार नगरपालिकामा परिवारले प्रयोग गरेको काठको खम्बा गाडेको जग भएका घरधुरी संख्या सबैभन्दा बढी अर्थात् ६,०६३ (५९.९७ प्रतिशत) छन् भने सबैभन्दा कम ढलान पिल्लर सहितको जग भएको घरधुरी ३६० (३.५६ प्रतिशत) रहेको छ। यसैगरी दोस्रोमा सिमेन्टको जोडाइ भएको ईँटा तथा ढुंगाको जग भएको घरधुरी २,७४४ (२७.१४ प्रतिशत) र माटोको जोडाइ भएको ईँटा तथा ढुङ्गाको जग भएको घरको संख्या ५७५ (५.६९ प्रतिशत) रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




### क) घर निर्माणका किसिमहरु

गोलबजार नगरपालिका भित्र रहेका घरको स्वरुपलाई हेर्दा सबैभन्दा बढि माटोको जोडाई भएको ईँटा/ढुंगाबाट बनेको पाईयो जसले कुल घरहरु मध्ये ८८.२७ प्रतिशत ओगटेको देखिन्छ। यसैगरी कुल घरहरु मध्ये काठ/फल्याकबाट बनेको घरहरु ७.९५ प्रतिशत, बाँसजन्य सामग्रीबाट बनेको २.११ प्रतिशत र सबैभन्दा कम सिमेन्ट जडान भएको ईँटा/ढुंगाबाट बनेको ०.७४ प्रतिशत रहेको छ।

### ख) भवन संवेदनशीलता

जनसंख्या वृद्धि र बस्ती विस्तारले विकासोन्मुख राष्ट्रहरुमा भूकम्पीय जोखिमको संवेदनशलितामा वृद्धि गरेको छ। निश्चित स्तरको जमिन कम्पन गहनता सिर्जना भएको अवस्थामा तोकिएको स्तरको संरचनागत क्षतिलाई कुनै वस्तुले धान्न सक्ने सम्भावनालाई उक्त वस्तुको संवेदनशीलताका रुपमा परिभाषित गरिएको छ । भवन, अत्यावश्यक सुविधाहरु, लाइफलाइन आदिको संवेदनशीलता विश्लेषण गर्न सकिन्छ र संवेदनशीलता मूल्याङ्कन गर्न लागिएको वस्तुमा आधारित रहेर विभिन्न विधि प्रयोग गर्न सकिन्छ।

## ३.१७ बसाई सराईको अवस्था

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरुमध्ये बसाइसराई एक प्रमुख कारण मानिन्छ। तराईका जिल्लाहरुमा बसाईसराईको इतिहास वि.सं. २०१९ साल देखि प्रारम्भ भएको मान्न सकिन्छ। यस गोलबजार नगरपालिकामा छिमेकी नगरपालिका/गाउँपालिका एवं जिल्लाबाट बसाई सराई गर्ने गरेको देखिन्छ । विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थायी वा अस्थायी रुपमा बसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ। यसरी बसाई सरी जानु/आउनुका विभिन्न कारणहरु छन्। तिमध्ये पाँच मुख्य कारण आर्थिक वृद्धि, द्वन्द्व, सामाजिक कारण, व्यापार र रोजगार हुन्। यस नगरको मलिलो माटो, खेति, व्यापार, शिक्षा र स्वास्थ्य जस्ता सुविधाहरू पहाडको तुलनामा सुलभ र सस्तो हुनाले समेत विशेषत: छिमेकी पहाडी जिल्लाका साथै बाहिरी जिल्लाहरूबाट समेत बसाइसराई वृद्धि भएको पाइएको छ। नगरको जनसंख्या

बृद्धिको कारकतत्वका साथै विकास व्यवस्थापनका लागि चुनौती दिने कारकतत्व समेत बसाइसराई नै बन्न पुगेको देखिन्छ। बेरोजगारीको समस्या नगरको विकराल समस्याको रुपमा रहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका युवाहरू विदेसिने क्रम समेत नगरबाट बढ्न थालेको छ। खुला सिमानाको उपयोग गर्दै निर्वाधरुपले भारत आवतजावत गर्न सकिने हुँदा निश्चित रुपमा गणना गर्न नसकिएका भारतमा जाने युवाहरूको संख्या निकै ठुलो रहने गरेको छ।

## ३.१८ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण


नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न निश्चित कानुनी प्रकृयाहरु पालना गर्नु पर्ने हुन्छ । नागरिकता, राहदानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रावधान रहेका हुन्छन्। जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता गर्नु पर्ने हुन्छ जसको कानूनी प्रमाणपत्र सरकारले उपलब्ध गराउँछ। संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ। त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो। यसबाट राष्ट्रिय तथ्याङ्क निर्माण गर्ने विश्वव्यापी मान्यता रहेको हुन्छ। कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ। यसको आधारमा सरकारले नीति बनाउने हुनाले जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ। नगरपालिकामा भएको व्यक्तिगत घटना दर्ताको विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. २१ : व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण २०७३

| क्र.सं. | वर्ष | साविकको गा.वि.स. | जन्म | | | मृत्यु | | | बसाईसराई | | | | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | विवाह दर्ता | दर्ता संख्या | बसाईसराई आएको संख्या | बसाईसराई गएको संख्या | |
| १ | | गोलबजार न.पा १ | ८ | ७ | १५ | १ | २ | ३ | २ | १ | ० | ५ | ० |
| २ | | गोलबजार न.पा २ | ५ | २ | ७ | ३ | १ | ४ | ३ | ० | ० | ० | ० |
| ३ | | गोलबजार न.पा ३ | १० | ७ | १७ | ० | २ | २ | ७ | ० | ० | ० | ० |
| ४ | | गोलबजार न.पा ४ | २ | ० | २ | १ | ० | १ | २ | ० | ० | ० | ० |
| ५ | | गोलबजार न.पा ५ | ४ | ३ | ७ | ० | ० | ० | २ | २ | ५ | ० | ० |
| ६ | | गोलबजार न.पा ६ | ८ | ५ | १३ | १ | ० | १ | १ | ३ | १५ | ० | ० |
| ७ | २०७४ | गोलबजार न.पा ७ | ३ | ८ | ११ | ० | ० | ० | ० | १ | ० | १ | ० |
| ८ | | गोलबजार न.पा ८ | ८ | २ | १० | १ | ० | १ | ३ | ० | ० | ० | ० |
| ९ | | गोलबजार न.पा ९ | ३ | ४ | ७ | २ | ० | २ | ४ | १ | ० | ७ | ० |
| १० | | गोलबजार न.पा १० | ७ | ६ | १३ | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | | गोलबजार न.पा ११ | ५ | ३ | ८ | २ | २ | ४ | ९ | २ | ४ | ५ | ० |
| १२ | | गोलबजार न.पा १२ | १४ | १५ | २९ | ३ | ० | ३ | ६ | १ | ० | २ | ० |
| १३ | | गोलबजार न.पा १३ | १५ | ८ | २३ | २ | ३ | ५ | ३ | २ | ० | ८ | ० |
| **जम्मा** | | | ९२ | ७० | १६२ | १६ | १० | २६ | ४२ | १३ | २४ | २८ | ० |


*श्रोत : गोलबजार नगरपालिका कार्यालय २०७४*

नगरपालिकामा २०७३ सालको व्यक्तिगत घटना दर्ताको अवस्थालाई देखाइएको छ। जसमा २०७३ सालभरी १६२ जनाले जन्म दर्ता गरेका छन् भने २६ जनाको मृत्यु दर्ता भएको छ। विवाह दर्ताको स्थिति हेर्दा नगरमा ४२ जनाको विवाह दर्ता भएको देखिन्छ। यस अवधिमा जम्मा १३ बसाई सराई दर्ता भएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




नक्सा नं. ९ : नगरपालिकाको बसोवासको अवस्था

# खण्ड ४ : भू-उपयोग




नक्सा नं. १० : नगरपालिकाको भू-उपयोग विवरण


## ४.१ नगरपालिका भू-उपयोगको विवरण

गोलबजार नगरपालिका विद्यमान भू-उपयोग हेर्दा नगरका ६६.९६ प्रतिशत (७४.९६ वर्ग कि.मी.) जग्गा खेतियोग्य जमिनको रुपमा रहेको छ भने २४.१२ प्रतिशत (२७ वर्ग कि.मी.) वनले ओगटेको छ। नगरपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस नगरपालिका खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। त्यस्तै चरन क्षेत्रले २.३५ प्रतिशत (२.६३ वर्ग कि.मी) जग्गा ओगटेको पाइन्छ। गोलबजार नगरपालिकामा पानी क्षेत्रले ०.२८ प्रतिशत (०.३१ वर्ग कि.मी ) भूभाग ओगटेको छ। नगरमा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरबासीहरुको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नीतिहरु अवलम्बन गर्न सकिन्छ । यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । भू-उपयोगको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. २२ : भू-उपयोग विश्लेषण २०७४

| विवरण | क्षेत्रफल (वर्ग कि.मी. मा) | प्रतिशत |
|---|---|---|
| **झाडी** | १.४२ | १.२७ |
| **वन जंगल** | २७ | २४.१२ |
| **चरन क्षेत्र** | २.६३ | २.३५ |
| **बालुवा** | ५.६२ | ५.०२ |
| **पानी** | ०.३१ | ०.२८ |
| **खेतियोग्य जमिन** | ७४.९६ | ६६.९६ |
| **जम्मा** | १११.९४ | १००.०० |

*स्रोत : नापी विभाग, २०७४*



## ४.२ शहरीकरणको स्वरूप

गोलबजार नगरपालिकाको सडक सञ्जाल देशको सबै मुख्य मुख्य शहरी क्षेत्रहरुसँग जोडेका हुँदा नगरको सबै वडाहरुमा सडक, विद्युत, संचार जस्ता सुविधाहरूको पहुँच पुगेको देखिन्छ। कृषि एवम् वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता, २ नं प्रदेशको प्रमुख व्यापारिक केन्द्रहरु मध्ये एक गोलबजार भएका कारण नगरमा अन्य उद्योगधन्दाको साथै सूचना प्रविधिमा आधारित उद्योगको समेत विकास विस्तारको सम्भावना रहेको छ । यसका अतिरिक्त अधिकांश क्षेत्रहरू शहरोन्मुख अवस्थामा रहेको देखिन्छन्। नगरका अधिकांश भू-भागबाट सदरमुकाम अर्थात नगरपालिकामा बसाइसराइको क्रम वृद्धि भइरहेको र नगरका अन्य क्षेत्रहरुमा व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित नगर योजना बनाएर बाटो, खानेपानी, ढल निकास इत्यादीको समयमै विकास गर्नुपर्ने देखिन्छ। नगरबासीहरुलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा समिति कार्यालयहरु, सम्बन्धित वडा मै स्थापना गरी सेवा प्रवाह गर्ने वडा समिति स्थापना गरी सेवा प्रवाह भै रहेका छन्

### ४.२.१ जग्गा विकास कार्यक्रम (Land Development Program)

वस्ती विस्तार क्षेत्र नीतिले शहर (वस्ती) लाई कुन क्षेत्र तर्फ क्रमश: विस्तार गर्दै लाने भन्ने दिशा निर्देश गरेको हुन्छ । पूर्वाधार लगानी नीति अनुरुप भौतिक पूर्वाधार योजनाको निर्माण गरिएमा वस्तीहरु जथाभावी छरिएर विकास हुनबाट नियन्त्रण गर्न सक्दछ । तर प्रस्ताव गरिएका विस्तार क्षेत्रको व्यवस्थित तवरले विकास गर्न (प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण आदि) निम्न अनुसार जग्गा विकास कार्यक्रहरु संचालन गर्नुपर्ने हुन्छ ।

(क) निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Programme)

(ख) जग्गा एकीकरण कार्यक्रम (Land Pooling Programme)

(ग) घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme)

आवधिक योजना तर्जुमा गर्ने समयमा माथि उल्लेखित के कस्ता जग्गा विकास कार्यक्रमहरु नगर क्षेत्रमा संचालन गर्न सकिन्छ त्यस्ता क्षेत्रको पहिचान गर्ने कार्य मात्र गर्न सकिन्छ। त्यस्ता क्षेत्रहरूको पहिचान गर्दा प्रस्तावित शहरी विस्तार क्षेत्रलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ । जग्गा विकास कार्यक्रम सम्वन्धी थप जानकारी तल उल्लेख गरिएको छ ।

#### (क) निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Programme):

निर्देशित जग्गा विकास कार्यक्रम विशेष गरी बस्तीहरूको विकास भइसकेको र निकट भविष्यमा हुने क्षेत्रहरूमा बाटोघाटो चौडा गर्न र नयाँ बाटो खोल्न संचालन गरिने कार्यक्रम हो। विद्यमान बस्तीहरू योजना विना नै आफैं विकास हुँदै आएको हुनाले यस्ता बस्तीहरूका बाटाघाटाहरू साँघुरा र नागवेली प्रकारका छन्। आपतकालीन अवस्थामा (जस्तो आगलागी हुँदा दमकल लैजान र विरामी पर्दा एम्वुलेन्स वा ट्याक्सी प्रवेशको लागि) यस्ता बाटाहरू बाधक बनेका हुन्छन्। तसर्थ यस्ता बस्तीका बासिन्दाहरूले

आफ्नो इलाकामा बाटो चौडा गरी आवागमन सहज बनाई सुधार गर्न आवश्यकता अनुसार केही जग्गा र कहीं कहीं घर, टहराको केही अंश समेत भत्काउन पछि पर्न हुँदैन । जग्गाधनी र घरधनीको अनुमति बेगर यस्ता कार्यक्रमहरू संचालन गर्न सकिँदैनन् ।

जग्गा विकास कार्यक्रममा जग्गा अधिग्रहण गर्ने र जग्गा एकीकरण गर्ने जस्ता केही कार्य गर्नु पर्दैन । जग्गा र घरधनीको सहमतिमा नगर विकास समितिले बाटो चौडा गरिदिने कार्य गर्दछ । यस कार्यक्रम अन्तर्गत कुनै कुनै ठाउँमा नयाँ बाटो खोल्ने कार्य पनि हुन्छ । नेपालको संविधान वमोजिम जग्गा विकास सम्बन्धी काम नगरपालिका आफैले गर्न सक्छ ।

### (ख) जग्गा एकीकरण कार्यक्रम (Land Pooling Programme):

जग्गा एकीकरण कार्यक्रम संचालन गर्न जग्गा अधिग्रहण गर्नुपर्दैन । जग्गा एकीकरण गरिने क्षेत्र भित्रका घर जग्गाको किनबेच धनीहरूको अनुमतिमा केही समयको लागि बन्द गरिन्छ । यस अवधि भित्र एकीकरण गरिएका सम्पूर्ण जग्गालाई एउटै चाक्लाका रूपमा मिलाएर बाटोघाटो, ढल, टेलिफोन, चउर आदि सुविधाहरू निर्माण गर्ने कार्य हुन्छ । पूर्वाधार सुविधा निर्माण गर्नको लागि केही जग्गा बिक्री गरिन्छ र सो जग्गाबाट प्राप्त रकमबाट उक्त निर्माण कार्य सम्पन्न गरिन्छ ।

पूर्वाधार निर्माणको लागि चाहिने खर्च खुला क्षेत्र तथा सडक आदिमा जाने जग्गाको मोल हिसाब गर्नुपर्दछ । यस अतिरिक्त जग्गाधनीले कति जग्गा दिनुपर्ने हो सो समेत पहिल्यै यकिन गर्नुपर्दछ । जग्गाधनीहरूले योजनाले निर्धारित गरे अनुसार जग्गा दिए बापत पछि विकसित घडेरी पाउँछन् । विकसित घडेरीको (सबै पूर्वाधारयुक्त) बजार मूल्य पहिला को भन्दा धेरै गुणा बढी हुने हुनाले जग्गाधनीहरू यस कार्यक्रमबाट प्रत्यक्ष रूपले लाभान्वित हुने हुन्छन् । यसरी जग्गाधनीहरूको सहमति र अनुमति बेगर संचालन नहुने यो कार्यक्रमबाट जग्गाधनीहरू प्रत्यक्ष लाभान्वित हुने हुँदा यो कार्यक्रम अहिले अत्यन्त लोकप्रिय सावित भएको छ ।

यो कार्यक्रमको राम्रो पक्ष भनेको नै जग्गा अधिग्रहण गर्नुनपर्ने भएकोले मुआब्जा वितरण गर्ने जस्तो झन्झट यसमा झेल्नुपर्दैन । तुलनात्मक हिसाबले योजना चाँडो सम्पन्न हुने हुनाले जग्गाधनीले एकातिर चाँडो फाइदा हासिल गर्न सक्दछ भने अर्कातिर बजारमा विकसित घडेरीको आपूर्ति हुन गई व्यवस्थित शहरीकरणको प्रयासमा समेत यसले निकै ठुलो टेवा पुऱ्याउने हुन्छ ।

### (ग) घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme):

यो कार्यक्रम कार्यान्वयन गर्नको लागि कुनै निश्चित ठाउँ (जहाँ घडेरी तथा सेवा सुविधा कार्यक्रम गर्न प्रस्ताव गरिएको छ) जग्गा अनिवार्य रूपले अधिग्रहण गर्नुपर्दछ । योजना क्षेत्रको लागि आवश्यक जग्गा अधिग्रहण गरेपछि जग्गा तथा घरधनीलाई तोकेको मुआब्जा दिनुपर्दछ । यसरी अधिग्रहण गरेपछि योजनामा व्यवस्था गरिए अनुसारको बाटोघाटो, ढल, टेलिफोन, खानेपानी, खुला चौर आदि निर्माण गर्ने कार्य हुन्छ । व्यवस्थित बसोबासका हिसाबले चाहिने प्राय: सम्पूर्ण सेवा सुविधाहरूको व्यवस्था र निर्माण कार्य सम्पन्न भइसकेपछि यस्ता विकसित घडेरीहरू (एकै किसिमको वा विभिन्न किसिमको) निर्धारित मूल्यमा निश्चित

नीति अन्तर्गत रही बिक्री वितरण गरिन्छ। विकसित घडेरीको मूल्यमा अधिग्रहणको मुआब्जाको रकमका साथै पूर्वाधार विकास निर्माणमा लागेको खर्च, खुला चौरको लागि छाडेको जग्गाको मूल्य आदि जोडिन्छ। तसर्थ विकसित घडेरीको मोल सुरुको अधिग्रहणको मोल भन्दा धेरै गुणा बढ्नु स्वाभाविक छ। काठमाडौंको कुलेश्वर र गल्फुटारमा संचालित आवास योजनाहरू यसका उदाहरणहरू हुन्।

## ४.३ क्रमिक विकास भइरहेका बस्तीहरूको वर्तमान स्वरूप

गोलबजार नगरपालिका भूबनोट, सुगमता र जलवायुको आधारमा बसोबासको लागि उपयुक्त मानिएको छ। सिंचाई परियोजनाको नहर निर्माणबाट नहर प्रणालीसँगै सडक प्रणालीको समेत समानान्तर विकास भएको र शिक्षा, स्वास्थ्य जस्ता सुविधाहरू समेत विकास हुँदै गएको छ। हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथसाथै आन्तरिक ट्याक्सी सेवाको सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ। यसका साथै विभिन्न स्थानहरुमा नगरपालिकाहरुले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा हाट बजारको व्यवस्थापन गर्ने काम साथै स-साना व्यापारिक केन्द्रको रुपमा क्रमिक विकास भइरहेको छ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरुपले मूल्य बृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ।

नगर क्षेत्रहरुको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्दछ। यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरुलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ।

नगरपालिकाको कुल १०,११० परिवारहरू मध्ये, घरको जग काठको खम्बा गाडेका घरधुरी ५९.९७ प्रतिशत, बाहिरी गारो बाँसजन्य सामग्री भएका घरधुरी ६०.६९ प्रतिशत र टायल/खपडा/झिंगटी/ढुङ्गा छाना भएका घरधुरी ६१.६६ प्रतिशत छन्। नगरपालिकामा कुल ४०७ (४.०३ प्रतिशत) परिवारहरू मात्र घर भाडा लिई बसेका छन् भने ९,५८४ (९४.८० प्रतिशत) परिवारको आफ्नै घर रहेको छ। नगरभित्र ५ (०.०५ प्रतिशत) घरहरू विभिन्न संस्थाहरूले उपयोग गरेका छन्। शहरोन्मुख बस्ती विकासको सन्दर्भमा नगरपालिका साथै सम्बन्धित विषयगत कार्यालयहरू र हाल विभिन्न नामबाट गठन भइरहेका नगरपालिका विकास समिति एवं बजार व्यवस्थापन समितिहरूले पनि बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ।

## ४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू

बढ्दो जनसंख्या सँगै क्रमश विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- ✓ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।
- ✓ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।
- ✓ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु सकेको छैन।



## ४.५ भू-क्षय सम्भावित क्षेत्र

नगरपालिकाका नदी तथा खोला किनारका भागहरु भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। मानिसको अत्यधिक बसाई सराईका कारणबाट नगर क्षेत्रमा परिरहेको वनविनासको चाप, अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रवृत्ति एवं अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेती तर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरुमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ । मूलत: नगरका खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकुल प्रभाव पारेको छ। यसक्रमलाई रोक्नको लागि ढल निकासको व्यवस्था मिलाउनुपर्ने देखिन्छ । त्यस्तै, अल्पकालिन, मध्यकालिन र दीर्घकालिन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालिन उपायको रुपमा स्पर एवं तटबन्ध निर्माण गर्ने मध्यकालिन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरी वृक्षारोपण गर्ने र दीर्घकालिन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्ने तर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ। उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ।

## ४.६ नगरपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं. २३ : नगरमा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र. सं. | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र नगरपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागु नभएको | जुनसुकै समयमा |
| २ | बाढी | नगरमा विशेषत: साना ठुला नदी/खोलाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भुभागहरू बर्षेनी डुवान र कटान गरि क्षति पुऱ्याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |

| | | | |
|---|---|---|---|
| ३ | आगलागी | नगरको धेरै जसो भु–भागमा घनावस्ती रहेका (सुकुम्वासी, मुक्त कमैया, वाढी विस्थापित) लगायतका अति विपन्न समुदायका घरहरु सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। | चैत्र–जेष्ठ |
| ४ | महामारी | बाढी पश्चात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ५ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ६ | शितलहर | चिसोको मात्रा बढ्दै गएको समयमा विपन्न वस्ती बढी प्रभावित | पुस –माघ |
| ७ | जंगली जनावर आतंक | नगरको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरु | जुनसुकै समयमा |
| ८ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाईं नपुगेका भागहरु | असार –भदौ |
| ९ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| १० | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*स्रोत: जिल्ला समन्वय समिति, सिराहा २०७४*

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ नगर अर्थतन्त्रको संरचनात्मक स्वरूप

नगरको अर्थतन्त्र मुख्यतया: कृषि, वन, मत्स्यपालन, उद्योग, ग्याँस, पानी, निर्माण, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा समतल भएको यस नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको तराईको क्षेत्र भएको हुँदा नगरमा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन । यस परिवेशमा आधुनिक कृषि तथा पशुपालनलाई बढि जोड दिनुपर्दछ। नगरमा रहेका तालहरूसहितको सिमसार क्षेत्र, वनजंगल तथा जैविक विविधताले नगरपालिकाको विकासमा थप सम्भावना बोकेको छ । मील, फर्निचर उद्योग, धागोको उद्योग, क्रसर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन् । यस नगरका मानिसहरु क्रमश साना तथा ठूला उद्योगहरुको विकास तर्फ लागिरहेका छन् । यस नगरका मुख्य आर्थिक क्रियाकलापहरुमा व्यापार व्यवसाय, नोकरी र वैदेशिक रोजगार रहेको देखिन्छ।

## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

तालिका नं. २४ : आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | १५ वर्षदेखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्या | | आर्थिकरुपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| | पुरुष | महिला | |
| ४५,५८५ | १३,५०५ (४६.६२%) | १५,४६१ (५३.३८%) | २८,९६६ (५५.५६%) |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

नगरपालिकामा १५ वर्ष देखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा पुरुषको संख्या १३,५०५ (४६.६२ प्रतिशत), महिलाको संख्या १५,४६१ (५३.३८ प्रतिशत) देखिन्छ। आर्थिकरुपले सक्रिय जनसंख्यामा लैगिंक भिन्नता खासै देखिदैन। नगरपालिकाको कुल जनसंख्याको २८,९६६ अर्थात् ५५.५६ प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन् भने आर्थिक रुपमा निस्कृय जनसंख्या ४४.४४ प्रतिशत देखिन्छन्। जसको विस्तृत विवरण माथि तालिकामा देखाइएको छ।

## ५.३ आश्रित जनसंख्याको विवरण

तालिका नं. २५ : आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बाल बालिका (०-१४) | | आश्रित वृद्धवृद्धाहरु (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| २०६८ | १७,५५८ | ८२.२२ | ३५४० | १६.७८ | २१,०९८ | ४६.२८ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

नगरमा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित बालबालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ। जसमा आश्रित बालबालिकाको संख्या १७,५५८ ( ८२.२२ प्रतिशत), आश्रित बृद्धबृद्धाहरुको संख्या ३,५४० (१६.७८ प्रतिशत) देखिन्छ । कुल जनसंख्यामध्ये जम्मा आश्रित जनसंख्या २१,०९८ (४६.२८ प्रतिशत) देखिन्छ । जसको विस्तृत विवरण तालिका उल्लेख गरिएको छ ।

## ५.४ कृषि

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्तरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि तथा सहकारी मंत्रालय र केन्द्रीत तथ्याङ्क विभाग रहेका छन् । स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ । नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागी कृषिमा निर्भर रहेका छन् । वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरु हुन् । कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई, सडक, विजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरुमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ ।

नगरपालिकाको ठूलो क्षेत्रफल समथर भूभागले भरिएको हुँदा कृषिका लागि प्रशस्त मात्रामा उपयोगी क्षेत्र रहेको छ । सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरु धान, मकै, गहुँ आदि हुन् । यस्तै दलहन बालीमा मास, मसुरो, रहर, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, सुर्यमुखी र भटमास उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, टमाटर उत्पादन हुन्छ । त्यस्तै उखु, सुर्ती, अलैंची जुट आदी नगदे बाली हुन् र यीनको उत्पादकत्व पनि राम्रो रहेको छ साथै नगरपालिकामा आँप, केरा, लिचि, कागती जस्ता फलफुल पनि उत्पादन हुने गरेको पाईन्छ । गोलबजार नगरपालिका कृषि क्षेत्रलाई अझ व्यवसायिक र आधुनिकरण गर्नु पर्ने देखिन्छ । जसले नगरपालिकाको आर्थिक वृद्धिदर वृद्धि भई विकास हुने देखिन्छ ।



### (क) हिउँदे बाली

नगरपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरुमा उखु, मसुरो, चना, अरहर, मास, गहत, राजमा, भटमास, मुङ, तोरी, तिल, आलस, केरा, तरकारी, आलु, मसला बाली रहेका छन् ।

### (ख) वर्षे बाली

नगरपालिकाका प्रमुख वर्षे बालीहरुमा धान, मकै, दलहन, भटमास, मास, मुग, गहन, वर्षे तरकारी, आलु, फलफूल, सुन्तला, कागती निबुवा, स्याउ, ओखर, केरा, मसला बाली, अदुवा छन् ।

## ५.४.१ कृषिजन्य बाली सम्बन्धी विवरण

**तालिका नं. २६ : नगरमा कृषिजन्य बाली सम्बन्धी विवरण**

| वालीको किसिम | बालीको नाम | वडा अनुसार प्राथमिकताको क्रम | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वडा नं. | | | | | | | | | | | | |
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ |
| **खाद्यान्न वाली** | धान | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | |
| | गहुँ | ३ | २ | ३ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | |
| | मकै | २ | ३ | २ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | |
| **दलहन** | मास | ३ | ३ | ४ | २ | २ | ३ | ३ | १ | ४ | ४ | ४ | १ | |
| | मसुरो | ४ | २ | २ | ३ | ३ | २ | ४ | ४ | २ | ३ | २ | २ | |
| | रहर | १ | १ | १ | ४ | १ | ४ | १ | २ | १ | १ | १ | ३ | |
| | चना | २ | ४ | ३ | १ | ४ | १ | २ | ३ | ३ | २ | ३ | ४ | |
| **तेलहन** | तोरी | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | |
| | सुर्यमुखी | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | २ | |
| | भटमास | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | |
| **तरकारी** | आलु | १ | १ | २ | १ | १ | १ | १ | १ | १ | २ | १ | १ | |
| | प्याज | २ | ३ | ४ | ४ | ३ | ४ | २ | २ | २ | ३ | २ | २ | |
| | काउली | ३ | २ | ३ | २ | २ | ३ | ३ | ३ | ३ | ४ | ३ | ३ | |
| | टमाटर | ४ | ४ | १ | ३ | ४ | २ | ४ | ४ | ४ | १ | ४ | ४ | |
| **नगदे वाली** | ऊखु | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | |
| | सुर्ति | २ | २ | २ | २ | २ | २ | २ | २ | ० | २ | २ | २ | |
| | जुट | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ० | ३ | ३ | ३ | |
| | अलैंची | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ४ | ० | ४ | ४ | ४ | |
| **फलफुल** | केरा | २ | ४ | २ | २ | २ | २ | २ | २ | ३ | २ | १ | २ | |
| | आँप | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | १ | २ | १ | |
| | लिचि | ४ | २ | ३ | ३ | ३ | ३ | ३ | ४ | २ | ० | ३ | ३ | |
| | कागती | ३ | ३ | ४ | ४ | ४ | ४ | ४ | ३ | ५ | ० | ४ | ४ | |
| **घाँसे वाली** | डाले घाँस | २ | १ | २ | १ | २ | २ | १ | २ | २ | २ | २ | २ | |
| | भईं घाँस | १ | २ | १ | २ | १ | १ | २ | १ | १ | १ | १ | १ | |

*स्रोत: गोलबजार नगरपालिकाको कार्यालय, २०७४*

## ५.४.२ कृषि बालीमा लाग्ने रोग

नगरको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदी नै मुख्य रुपमा रहेको छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन् । यसैगरी मकैमा डाठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटब्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, जरा कुहिने, ओइलाउने आदी रोगहरुको प्रकोपबाट कृषकहरु समस्यामा परेका छन् । मुख्य बालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

तालिका नं. २७ : विभिन्न बालीमा लाग्ने रोग विवरण

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कटुवा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे, फट्याङ्ग्रा | मरुवा, डढुवा, खैरो, थोप्ले, सिथ ब्लाइट, खैरे रोग |
| २ | गहुँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे, खैरा |
| ३ | मकै | खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्ग्रा, लाही | डाठ कुहिने, घोगा कुहिने, कालोपोके |
| ४ | आलू | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, धमिरा, आलुको पुतली | लेटब्लाइट, मोजाइक, ओइलाउने रोग, खोस्टे रोग, डढुवा |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स, खुम्रे | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ ब्याक, जरा कुहिने, पाउडरी मिल्ड्यू |
| ६ | फलफूल | आपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली, होपर | एनथ्राक्नोजा, ससेतो ढुसी, डाईव्याक, आँपको गुच्चा हुने, डाउनी मिल्ड्यू |
| ७ | केरा खेती | केराको स्किपर, थाम र गानोका गवारा तथा घुनहरु, खपटे | जरा कुहिने रोग, ओईलाउने रोग, गुवो कुहिने, डढुवा, बन्चिटप |

*स्रोत : जिल्ला स्तरिय प्रोफाईल, २०७३*

### ५.४.३ माछापालन सम्वन्धी विवरण

गोलबजार नगरपालिकामा दर्जनौ पोखरी रहेका छन् । नगरमा माछापालन व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न वडाहरु समेट्ने गरी केही क्षेत्रलाई माछापालन पकेट क्षेत्रको रुपमा विकास गरिएको देखिन्छ । यसैगरी नगरका धेरै ठाउँहरुमा प्राकृतिक पोखरी भएको र थप केही अन्य संभावित ठाउँहरुमा पोखरी निर्माण गरी माछापालन व्यवसाय गारिएको देखिन्छ । यस गोलबजार नगरपालिकाले माछापालन व्यवासयलाई अझ व्यवसायिकता तर्फ लैजान सकेको खण्डकमा सजिलैसँग रोजगारका अवसरहरु बढ्ने र खासगरी भारतबाट आयात गरिएका माछाहरु प्रतिस्थापन भै स्वदेश कै माछाले बजार लिने सम्भावना देखिन्छ ।

तालिका नं. २८ : माछापालन सम्बन्धी विवरण

| वडा नं. | क्र.सं. | पोखरीको नाम र स्थान | क्षेत्रफल | | | स्वामित्व (नीजि, सार्वजनिक, गुठी) | प्रयोग |
|---|---|---|---|---|---|---|---|
| | | | विघा | कट्ठा | धुर | | |
| १ | १ | भर्तिवाल पोखरी | ० | १० | ० | सार्वजनिक | १ |
| | ३ | अनुपलाल पोखरी | ० | १९ | ० | सार्वजनिक | १ |
| | ४ | महाजनी पोखरी | १ | ० | ० | सार्वजनिक | १ |
| | ५ | बहिरी बाँध पोखरी | १ | १५ | ० | सार्वजनिक | १ |
| | ६ | सिँचाई बाँध | ० | १८ | ० | सार्वजनिक | १ |
| | ७ | भुल्ली बाँध | ० | १५ | ० | सार्वजनिक | १ |
| | ८ | खज्ञानपुरी | ० | १५ | ० | सार्वजनिक | १ |
| | ९ | चारघारे पोखरी | १ | १९ | ० | सामुदायिक वन उपभोक्ता समूह | १ |
| | १० | सतपत्रे पोखरी | ० | १८ | ० | सामुदायिक वन उपभोक्ता समूह | १ |
| २ | ११ | कुम्भी खडी संग्रामपुर दह | १० | ० | ० | सार्वजनिक | १ |
| | १२ | सुकदेव पोखरी | ० | १० | ० | सार्वजनिक | १ |
| | १३ | गरुधाम पोखरी | ० | ८ | ० | सार्वजनिक | १ |
| ३ | १४ | मगरटोली पोखरी तेरीयाम | ० | ८ | १० | सार्वजनिक | १ |
| | १५ | इन्द्रेणी पोखरी कुपगौरी | ० | ८ | ० | संस्थागत | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | १६ | लमा डाँडा सामुदायिम पोखरी | ० | १२ | ० | स्वामित्व | १ |
| | १७ | सेती पोखरी | १ | १० | ० | स्वामित्व | १ |
| | १८ | काली पोखरी | ० | १० | ५ | स्वामित्व | १ |
| | २० | मोहन पोखरी अधिकारी टोल | ० | ७ | १५ | निजी | १ |
| | २३ | जरुवा पोखरी, जँम्दह ६ | ० | ४ | ० | सामुदायिक | १ |
| | २४ | भालु पोखरी | ० | ३ | ० | सामुदायिक | १ |
| | २६ | ईश्वरमानको पोखरी | ० | ५ | ० | निजी | १ |
| ४ | २७ | भोटपोखरी गा.न.पा.४ निपाने | ० | ४ | ० | सार्वजनिक | १ |
| ५ | २८ | गौतम पोखरी | ० | ६ | ० | स्वाामित्वको लागि विवाद | १ |
| | २९ | चुवाहास पोखरी | ० | ८ | ० | सार्वजनिक | १ |
| | ३० | रामनरेश यादव पोखरी | ० | १९ | ० | निजी | १ |
| | ३१ | साह पोखरी | ० | ७ | ० | सार्वजनिक | १ |
| ६ | ३२ | डोहटीया पोखरी | ० | ५ | ० | सार्वजनिक | १ |
| ७ | ३४ | कुर्मीटोल पोखरी | ० | १२ | ० | सार्वजनिक | १ |
| ८ | ३५ | गिटीवाला पोखरी,चन्द्रलालपुर | ० | १६ | १३ | सार्वजनिक | १ |
| | ३६ | विष्ट घर नजिकको पोखरी,चन्द्रलालपुर | ० | ९ | ० | सार्वजनिक | १ |
| | ३७ | नि.मा.वि. छेउको पोखरी,चन्द्रलालपुर | १ | ६ | ० | सार्वजनिक | १ |
| | ३८ | भरत कुण्ड पोखरी (मैनाबत्ति नदी पुर्व) | ० | १७ | १० | सार्वजनिक | १ |
| | ३९ | डण्डा पोखरी | १ | ० | ० | सार्वजनिक | १ |
| | ४० | ईन्द्रेणी पोखरी | ० | १५ | ० | सार्वजनिक | १ |
| १० | ४१ | भढी बाला पोखरी,धर्मपुर | ० | ८ | ० | सार्वजनिक | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ४२ | अधिकारवाला पोखरी बद्ध चोक | ० | ९ | ० | सार्वजनिक | १ |
| ११ | ४३ | ढाङ्गर टोल पोखरी | ० | ५ | ० | सार्वजनिक | १ |
| 12 | ४४ | अर्जिलाल पोखरी पडवाटोल | १ | १० | ० | सार्वजनिक | १ |
| | ४५ | मोहन शाह पोखरी | १ | १० | ० | सार्वजनिक | १ |
| | ४७ | श्यामसुन्दर पाल पोखरी गा.वि.स. भवन | १ | १ | १० | सार्वजनिक | १ |
| | ४८ | कारीलाल पोखरी पहाडी टोल | १ | १९ | १५ | सार्वजनिक | १ |
| | ४९ | लडगरुवा पोखरी | १ | ८ | ५ | सार्वजनिक | १ |
| | ५१ | शिव मन्दिर नजिक पोखरी | ० | १५ | १५ | सार्वजनिक | १ |
| | ५२ | मलहाटोल पोखरी | ० | १६ | १६ | सार्वजनिक | १ |
| | ५३ | राम जानकी पोखरी | २ | ३ | ५ | सार्वजनिक | १ |
| | ५४ | हरिपुर पोखरी | ० | ४ | १३ | सार्वजनिक | १ |

*स्रोत: गोलबजार नगरपालिकाको कार्यालय, २०७४*

### ५.४.४ कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरुले असंगठीत रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरुको बजारीकरण प्रचलन विकास हुन थालेको छ । नगर निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका ढाँचाहरु विभिन्न खालका अभ्यासमा आएका छन् । यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरुले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन् । हालसम्म बजारीकरण ढाँचामा विभिन्न कृषि बजारीकरणका मोडलहरु विकास र अभ्यास भएको देखिन्छ । नगरपालिकामा विभिन्न हाट बजारहरुबाट कृषि लगायत अन्य वस्तुहरुको (तरकारी, खाद्यान्न तथा लत्ताकपडा, पशुजन्य ) बजारीकरण हुने गरेको देखिन्छ ।

गोलबजार नगरपालिकामा विभिन्न किसिमका हाट बजारहरु रहेका छन् । नगरपालिकामा ५ वटा हाट बजार सञ्चालनमा रहेका छन् । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. २९ : नगरपालिकामा रहेको हाट बजारहरुको विवरण

| क.सं. | हाटबजारको नाम | हाट लाग्ने स्थान | हाट लाग्ने बार | किनबेच हुने मुख्य बस्तुहरु |
|---|---|---|---|---|
| १ | तरकारी बजार | गोलबजार शिव मन्दिर नजिक | प्रत्येक दिन खुद्रा बजार | तरकारीहरु |
| २ | बाखा बजार | गो.न.पा. ६ धमिनि थान नजिक | मंगलबार र शनिवार | खसी, बोका, पाठी र बाखा |
| ३ | गुदरी बजार | गो.न.पा. ६ धमिनि थान नजिक | मंगलबार र शनिवार | खाद्यान्न बस्तु लगायत लत्ताकपडा तरकारीहरु |
| ४ | चोहर्वा पशुबजार | पुरानो चोहर्वा | सोमवार र विहिवार | गाई, भैंसी, गोरु, पाडा, पाडी, बाछा, बाछी आदी । |
| ५ | आ.सोपुर बल्कावा बजार | गो.न.पा. ११ | आईतवार र बुधवार | तरकारी लगायत खाद्यान्न सामाग्रीहरु |

*स्रोत: गोलबजार नगरपालिकाको कार्यालय, २०७४*

## ५.४.५ कृषि फर्मको विवरण

तालिका नं. ३० : नगरपालिकामा रहेको कृषि फर्मको विवरण

| क्र. सं. | फर्मको नाम | स्थान | क्षेत्रपल | | | मुख्य उत्पादन | स्थापना वर्ष | निर्यात हुने स्थान |
|---|---|---|---|---|---|---|---|---|
| | | | विघा | कठ्ठा | धुर | | | |
| १ | सगरमाथा वि कर्न्सन | गो.न.पा. ३ मिलनचोक | ० | ५ | १० | मह | २०६१ साल | स्थानीय तथा अन्य स्थान |
| २ | गोलबजार ऊखु उत्पादक सहकारी संस्था | गो.न.पा. ८ | | | | ऊखु बाली | २०६७ साल | संस्था सम्म |

*स्रोत: गोलबजार नगरपालिकाको कार्यालय, २०७४*

## ५.४.६ कृषि पकेट क्षेत्रको विवरण

गोलबजार नगरपालिकामा कृषि पेशा अगाल्ने परिवारको संख्या उच्च रहेको छ । कृषि पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यस नगरमा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले नगरमा विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रुपमा विकास गरी नगदे, तरकारी, फलफुल, खाद्यान्न, मौरी पालन, उखुजस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रशस्त सम्भावना देखिन्छ। नगरपालिकामा २ वटा कृषि पकेट क्षेत्रहरु रहेका छन् । जसको विस्तृत विवरण तालिकमा उल्लेख गरिएको छ ।

तालिका नं. ३१ : कृषि पकेट क्षेत्रको विवरण

| क्र.सं. | पकेट क्षेत्र | स्थान |
|---|---|---|
| १ | कृषि तथा पशुपालन | गो.न.पा. १ मुक्सार |
| २ | धान, रहर, मसुरो, चना | गो.न.पा. ३ |

*स्रोत: गोलबजार नगरपालिकाको कार्यालय, २०७४*

### ५.४.७ जग्गाको उर्वराशक्ति

नगरको ठूलो क्षेत्रफल समथर भूभागले ओगटेकोले कृषि उत्पादनको लागि उर्वर भूमि प्रशस्त रहेको छ। विगतमा गोलबजार नगरपालिकामा रहेका उर्वरा क्षेत्र हाल क्रमश बस्ती विस्तारको प्रभावसंगै उर्वरभूमि साँगुरिदै गएको देखिन्छ। नगरको समथर भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरुमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ।

### ५.४.८ कृषि सहकारी संस्थाहरुको विवरण

तालिका नं. ३२ : कृषि सहकारी संस्थाहरुको विवरण

| क्र.सं. | सहकारी संस्थाको नाम | ठेगाना | सहकारीको प्रकार/ उद्देश्य | पुरुष सदस्य | महिला सदस्य | जम्मा सदस्य संख्या | शेयर पुँजी |
|---|---|---|---|---|---|---|---|
| १ | सगरमाथा बचत तथा ऋण सहकारी संस्था | गो.न.पा.५ | कृषि | २५ | १० | ३५ | २५००० |
| २ | राष्ट्रिय कृषक समूह | गो.न.पा.५ | कृषि | १५० | ५० | २०० | ० |
| ३ | सपित कृषि सहकारी सस्था | गो.न.पा.६ | कृषिमा लगानी | ७४ | ६७ | १४१ | ५००००० |

*स्रोत: गोलबजार नगरपालिकाको कार्यालय, २०७४*

### ५.४.९ नगरपालिकामा संचालित कृषिजन्य उद्योगहरुको विवरण

तराईको उर्वर भुमि रहेको गोलबजार नगरपालिकामा कृषि उपजहरुको उत्पादन राम्रो रहेको देखिन्छ। नगरपालिकामा उत्पादन हुने कृषि उपजको विवरण हेर्दा धान प्राथमिकतामा पहिलो स्थानमा रहेको छ। यस नगरपालिकामा १८ वटा कृषिजन्य उद्योगहरु संचालित रहेको पाईन्छ। जसको विस्तृत विवरण तल तालिकामा दिइएको छ।

तालिका नं. ३३ : गोलबजार नगरपालिकामा संचालित कृषिजन्य उद्योगहरुको विवरण

| वडा नं.. | क्र.सं. | उद्योगको नाम,ठेगाना | उद्देश्य | उत्पादन हुने वस्तु | कर्मचारी संख्या |
|---|---|---|---|---|---|
| ३ | १ | ए विन राईस मिल | कटानी पिसानी | चामल, पीठो ,दाल | २ जना |
| | २ | शान्ति राईस मिल | कटानी पिसानी | चामल, पीठो ,दाल | २ जना |
| ७ | ३ | विनोद कुटान पिसान मिल | धान, गहुँ कुटान पिसान | चामल, पीठो | १ जना आफैं |
| | ४ | मुकेश कुटान पिसान मिल | धान, गहुँ कुटान पिसान | चामल, पीठो | १ जना आफैं |
| ८ | ५ | श्री माँ दुगौ राईस मिल चन्द्रलालपुर | धान, गहुँ कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| | ६ | धनिराम राईस मिल चन्द्रलालपुर १ | धान, गहुँ कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| | ७ | कृष्ण कुटानी पिसानी मिल चन्द्रलालपुर ८ | धान, गहुँ कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| | ८ | राम राईस मिल चन्द्रलालपुर ९ | धान, गहुँ कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| | ९ | पशुपति राईस मिल चन्द्रलालपुर ९ | धान, गहुँ कुटान पिसान | चामल पिठो | हाल सञ्चालनमा नरहेको |
| | १० | विश्वकर्मा राईस मिल चन्द्रलालपुर ९ | धान, गहुँ कुटान पिसान | चामल पिठो | हाल सञ्चालनमा नरहेको |
| | ११ | बबिता राईस मिल चन्द्रलालपुर ६ | धान, गहुँ कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| ९ | १२ | प्रभु राईस मिल | कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| १० | १३ | नवदुर्गा राईस मिल | कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| | १४ | सुर्य राईस मिल | कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| ११ | १५ | भवेश राईस मिल आ बल्कावा | कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| | १६ | लक्ष्मी राईस मिल आ बल्कावा | कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| | १७ | हिमाल राईस मिल आ बल्कावा | कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| | १८ | शान्ति राईस मिल आ बल्कावा | कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| | १९ | ऋषि राईस मिल आ बल्कावा | कुटान पिसान | चामल पिठो | १ जना आफैं |

*स्रोत: गोलबजार नगरपालिकाको कार्यालय, २०७४*

## ५.५ सिंचाइ

नगरमा सतह एवं भुमीगत जल सिंचाईको स्रोत पर्याप्त मात्रामा रहेको छ। कृषिको लागि उर्वर माटो भएको र नगरमा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त बृद्धि हुने देखिन्छ।

**भूमिगत सिचाई :** नगरमा भूमिगत रुपमा रहेको जलस्रोतलाई उपयोग गर्न र लगानी र प्रतिफलको हिसावले तत्काल सतह सिचाईमा जान नसकिने ठाउँहरूमा जमिनमुनीको पानीलाई प्रयोग गरी सिंचित गर्नु उपयुक्त देखिन्छ।

गोलबजार नगरपालिकामा धेरै पोखरीहरु रहेको छन् जसले नगरको सिचाँईमा महत्वपुर्ण भुमिका निर्वाह गरेको देखिन्छ । नगरपालिकामा १८ वटा सिँचाई आयोजनाहरु रहेका छन् । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ३४ : नगरपालिकामा रहेका सिँचाई योजनाको विवरण

| क्र.सं. | आयोजनाको नाम | आयोजना रहेको स्थान | आयोजना सुरुवात भएको वर्ष |
|---|---|---|---|
| १ | मुक्सार सिँचाई योजना | गोलबजार नगरपालिका १, ठकुरीटोल | २०६९ साल |
| २ | आरहा सिँचाई योजना | गोलबजार नगरपालिका १, आरहा | २०६७ साल |
| ३ | बलडा सिँचाई योजना | गोलबजार नगरपालिका १, बलडडा | २०६९ साल |
| ४ | टोडके सिँचाई योजना | गोलबजार नगरपालिका २, टोडके | २०६८ साल |
| ५ | विष्णु डिप ट्युववेल | गोलबजार नगरपालिका ३, जम्दह | आ.व.२०६६/०६७ |
| ६ | लक्ष्मी डिप टयुववेल | गोलबजार नगरपालिका ३, जम्दह | आ.व.२०६६/०६८ |
| ७ | डिप टयुववेल बोरिङ्ग | गोलबजार नगरपालिका ६, टुर्किया | २०४४ साल |
| ८ | डिप टयुववेल बोरिङ्ग | गोलबजार नगरपालिका ६, डोहटिया | २०५३ साल |
| ९ | सामुदायिक डिप टयुववेल | गोलबजार नगरपालिका७, जिम्दारटोल | २०५८ साल |
| १० | श्रमजिवी डिप टयुववेल | गोलबजार नगरपालिका ७, कदिमाटोल | २०५८ साल |
| ११ | सामुदायिक डिप टयुववेल | गोलबजार नगरपालिका ७, चोहर्वा | २०५८ साल |
| १२ | सामुदायिक डिप टयुववेल | गोलबजार नगरपालिका ८, भाईजी टोल | २०५८ साल |
| १३ | सामुदायिक डिप टयुववेल | गोलबजार नगरपालिका ८, चोहर्वा | २०५८ साल |
| १४ | विराटनगर सिँचाई आयोजना | गोलबजार नगरपालिका १०,गुम्बाटोल | २०४५ साल |
| १५ | मैना बति नदी बाटो कुलो सिँचाई | गोलबजार नगरपालिका ११ | |
| १६ | डिप बोरिङ्ग | गोलबजार नगरपालिका १२ | २०७० साल |
| १७ | स्यालो टयुववेल | गोलबजार नगरपालिका १२ | २०५७ साल |
| १८ | मैनबत्ती नदी कुलो | गोलबजार नगरपालिका १२ | |

*स्रोतः गोलबजार नगरपालिकाको कार्यालय, २०७४*

## ५.६ पशुपालन



नगरपालिकामा विशेषगरी गाई, भैँसी, बाखा, सुँगुर नै यहाँका मुख्य घरपालुवा जनावर हुन् । यसबाट नगरबासीहरुको जीविकोपार्जनमा उल्लेख्य सुधार भैरहेको छ। पशुजन्य उत्पादनहरु जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, खसी, बोकाहरुको बिक्रीबाट आम्दानी बढेको देखिन्छ। यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैसी, कुखुरा फार्महरु लगायतका कृषिजन्य उद्योगहरु रहेका छन् । नेपालको सन्दर्भमा कृषि सेवाको पुरकको पशुपालन व्यवसाय रहेको देखिन्छ यस्तै गोलबजार नगरपलिकामा पनि विभिन्न व्यवसायिक तथा सामान्य पशुपालन हुने गरेको देखिन्छ । नगरपालिकामा पुशपालन व्यवसायलाई अझ व्यवस्थित बनाउन सके अर्थतन्त्रमा विकास हुने देखिन्छ ।

### ५.६.१ पशु नश्ल

नगरपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरुमा गाई, भैंसी, बाखा, भेंडा र बंगुर रहेका छन्। सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरुको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाखा र बंगुरतर्फ उन्नत जातका भालेहरुसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरुमा वर्णशंकरको संख्या बढ्दो छ। तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरुले अपेक्षाकृत बढी उत्पादक जनावरहरुको आहारा खाई दिनु समेत यस क्षेत्रको समस्या हो। तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरुलाई भविष्यको राम्रो माउमा विकसित गर्ने कुरा मध्यनजर गरी थप कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ।

सारांशमा, विगतका वर्षहरुमा नगरको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणात्मक विकास सम्भव भएको छ । तर हालको परिमाणात्मक विकासको गति सुस्त छ ।पशु

पालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तरपशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईंदैन । त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको पनि एकदम खाँचो सर्वत्र महसुस गरिएको छ । पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरुको उत्पादकत्व अति न्युन हुनु, युवा वर्गहरु विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा यान्त्रिकिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन ।

## ५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरु

कृषकहरुको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरुको पालन यस नगरपालिकामा पनि आम्दानीको स्रोत रहेको देखिन्छ । नगरमा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धि र जुका पर्दछन्। नगरको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस नगरमा त्यत्तिकै रहेको पाइन्छ। यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आवत जावत तथा आयात, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ। यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास भइरहेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस नगरका किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेका छन्। नगरमा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत नगरका विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन । तथापी यहाँका पशुपंक्षीहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरुको प्रकोप रहेको छ भने पंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ ।

तालिका नं. ३५ : पशुमा देखिएका रोगको विवरण

| S.N. | Disease | Animals | | | | Other |
|---|---|---|---|---|---|---|
| 1 | Liver Fluke | Cattle | Buffalo | Goats | | |
| 2 | HS@BQ | Cattle | Buffalo | Goats | | |
| 3 | Pramphistomom | Cattle | Buffalo | Goats | | |
| 4 | Nerves Sign | Cattle | Buffalo | Goats | | |
| 5 | Respiratory Sign | Cattle | Buffalo | Goats | | |
| 6 | Cocciodiosis | | | | Fowl | |
| 7 | Skin Lesions | | | | Fowl | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 8 | Wound/Abscess | Cattle | Buffalo | Goats | | |
| 9 | Red Urine | Cattle | Buffalo | Goats | | |
| 10 | Abortion | Cattle | Buffalo | Goats | | |
| 11 | Warble Infestation | Cattle | Buffalo | Goats | | |
| 12 | Diarrhoea | Cattle | Buffalo | Goats | | |
| 13 | Infertility | Cattle | Buffalo | Goats | | |
| 14 | Mastitis | Cattle | Buffalo | Goats | | |
| 15 | Distocia | Cattle | Buffalo | Goats | | |
| 16 | Prolapse | Cattle | Buffalo | Goats | | |
| 17 | Retained Placenta | Cattle | Buffalo | Goats | | |
| 18 | Mange | Cattle | Buffalo | Goats | | |
| 19 | Rabis | Cattle | Buffalo | Goats | | Dog |
| 20 | Tick/Lice(External Parasite) | Cattle | Buffalo | Goats | Fowl | |
| 21 | Intestinal Helmenthis | | | | Fowl | |
| 22 | Orf | | | Goats | | |
| 23 | Parasitic Gastroenteritis | Cattle | Buffalo | Goats | | Pig |
| 24 | Anoestrous | Cattle | Buffalo | Goats | | |
| 25 | Indigestion/Anorexia | Cattle | Buffalo | Goats | | |
| 26 | Tympany/Bloats | Cattle | Buffalo | Goats | | |
| 27 | Magout wound | Cattle | Buffalo | Goats | | |
| 28 | Cough | Cattle | Buffalo | Goats | | |
| 29 | Pnoumonia | Cattle | Buffalo | Goats | | |
| 30 | Gumbarrow | | | | Fowl | |
| 31 | Cyst | Cattle | Buffalo | Goats | | |
| 32 | FMD | | | Goats | | |
| 33 | PPR | | | Goats | | |
| 34 | Ranikhet | | | | Fowl | |
| 35 | CRD | | | | Fowl | |

*स्रोत: जिल्ला पशु कार्यालय, २०७४*

### ५.६.३ नगरपालिकामा दुग्ध बजारीकरण

गोलबजार नगरपालिकामा पशुपालन एक प्रमुख पेशाको रुपमा रहि आएको छ। दुग्ध विकासको कुरा गर्दा साइकल र मोटरसाइकलबाट दुध ल्याएर बेच्ने चलन छ र धेरै कृषकहरूले आफै नै घर घर वा पसल पसलमा नै लगेर बेच्ने गर्दछन्। यसरी बेच्दा दुधको गुणस्तर नाप ल्याक्टोमिटरबाट गर्ने गरिन्छ र जति बढी ल्याक्टोमिटर उति बढी मुल्य हुने गरेको पाइन्छ। उत्पादित केही दुध स्थानीय बजारमा अवस्थित केही डेरी र मिठाई पसलले प्रयोगमा ल्याएतापनि अन्य घरमा नै विभिन्न किसिमले प्रयोग गरेको पाइन्छ।

### ५.६.४ मासु बजारीकरण

कुखुरा पालन झैं विगतका केही वर्षहरुदेखि बंगुर पालन तथा बाख्रा पालन व्यवसायमा समेत नगरपालिकाले ठूलो फड्को मारेको छ। यति हुँदा हुँदै पनि मासु उत्पादन तर्फ व्यवसायिकताको खाँचो रहेको छ। नगरपालिकाको हकमा यसका मुख्य दुईवटा कारणहरु आधारभूत भौतिक पूर्वाधारहरुको कमी तथा पशुपंक्षी पालन प्रयोजन रहेका छन् । मासुको बढ्दो माग, उपभोक्ताको बढ्दो क्रयशक्ति, फस्टाउँदो पर्यटन व्यवसाय, नगरमा संचालित परियोजनाहरुले गर्दा मासुको माग दिन प्रतिदिन बढेको छ । यसको शुरुवातको मोडेल बंगुरको मासु व्यवसायीकरणबाट गर्न सकिन्छ। बंगुर पालनको आधार नै व्यवसायिकता हो; कृषकले वैज्ञानिक पद्धतिका खोर बनाउने देखि यसको प्रजनन, आहारा, स्वास्थ्य तथा बजार व्यवस्थापन तर्फ कृषकहरु सजग रहेको पाईन्छ।

## ५.७ पर्यटन

प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं साँस्कृतिक विविधताले भरिपूर्ण रहेको कारण नेपालको आकर्षक पर्यटन गन्तव्यहरुमध्ये गोलबजार नगरपालिका पनि एक महत्वपूर्ण स्थान रहेको पाइन्छ।

गोलबजार नगरमा स्वदेशी पर्यटकहरुको आकर्षक बढी रहेको पाइन्छ। विभिन्न किसिमका जातजातिको विभिन्न किसिमका संस्कृति, रहनसहन तथा चाडपर्वलगायत उल्लेख्य संख्यामा रहेका धार्मिक, पौराणिक महत्वका स्थलहरू धमिनि मन्दिर, श्री कृष्ण मन्दिर, शिव मन्दिर, श्री राम जानकी मन्दिर, हनुमान मन्दिर, दुर्गा मन्दिर, बुद्ध गुम्बा, सल्हेश गहवर, महस्जित आदि नगरका प्रमुख पर्यटकीय आकर्षणको रुपमा रहेका छन्। नगरपालिकामा रहेका पर्यटकीय क्षेत्रको विस्तृत विवरण तल तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ३६ : गोलबजार नगरपालिकामा रहेका पर्यटकीय महत्वका क्षेत्र

| क्र.सं. | धार्मीक स्थानको नाम | ठेगाना | महत्व |
|---|---|---|---|
| १ | धमिनि मन्दिर | गोलबजार नगरपालिका २ | प्रत्येक वर्ष असारमा सम्पुर्ण गाउँले मिलि पुजा गर्ने |

| | | | |
|---|---|---|---|
| २ | शिव मन्दिर | गोलबजार नगरपालिका १, ठकुरीटोल | शिवरात्रीमा मेला लाग्ने |
| ३ | हनुमान मन्दिर | गोलबजार नगरपालिका १, चौधरीटोल | सातामा एक पटक भजनकृतन |
| ४ | दुर्गा मन्दिर | गोलबजार नगरपालिका १, खजनपुरीटोल | कालरात्री पछि बोकाको बली चढाईन्छ। |
| ५ | हनुमान मन्दिर | गोलबजार नगरपालिका १, बहिरीबाँध | दैनिक पुजाअजा गर्ने गरेको |
| ६ | टाँसी डोकरलिङ्ग गुम्बा | गोलबजार नगरपालिका ३ | धार्मिक संस्कार अभिवृद्धि गराउने |
| ७ | शिव मन्दिर | गोलबजार नगरपालिका ४ | पुजा अर्चना गरिएको |
| ८ | राम मन्दिर | गोलबजार नगरपालिका ४ | पुजा अर्चना गरिएको |
| ९ | मस्जित | गोलबजार नगरपालिका ४ | पुजा अर्चना गरिएको |
| १० | हनुमान मन्दिर | गोलबजार नगरपालिका ४ | पुजा अर्चना गरिएको |
| ११ | शिव मन्दिर | गोलबजार नगरपालिका ४ | निर्माणधीन रहेको |
| १२ | सरस्वती मन्दिर | गोलबजार नगरपालिका ४ | पुजा अर्चना गरिएको |
| १३ | शिव मन्दिर | गोलबजार नगरपालिका ५ | पुजा अर्चना गरिएको |
| १४ | धमिनि मन्दिर | गोलबजार नगरपालिका ६ | पुजा अर्चना गरिएको |
| १५ | बुद्ध गुम्बा | गोलबजार नगरपालिका ६ | लामाहरुले पुजा अर्चना गरिएको |
| १६ | लक्ष्मी मन्दिर | गोलबजार नगरपालिका ६ | पुजा अर्चना गरिएको |
| १७ | राधा कृष्ण मन्दिर | गोलबजार नगरपालिका ६ | पुजा अर्चना गरिएको |
| १८ | दुर्गा मन्दिर | गोलबजार नगरपालिका ६ | पुजा अर्चना गरिएको |
| १९ | राम सिता मन्दिर टुर्किया | गोलबजार नगरपालिका ६ | पुजा अर्चना गरिएको |
| २० | श्री दुर्गा मन्दिर | गोलबजार नगरपालिका ७ | पुजा अर्चना गरिएको |
| २१ | शिव मन्दिर | गोलबजार नगरपालिका ८ | पुजा आजा बिहेबारी |
| २२ | मस्जित | गोलबजार नगरपालिका ८ | मुस्लिमहरुले पुजाआजा गर्ने |
| २३ | चर्च | गोलबजार नगरपालिका ८ | कृषचनहर मनाईरहेको |
| २४ | कविर मन्दिर | गोलबजार नगरपालिका ८ | पुजा आजा गर्ने |
| २५ | सल्हेश गहवर | गोलबजार नगरपालिका ९ | राजाको सल्हेशको गाथा |
| २६ | कविर कुटी | गोलबजार नगरपालिका ९ | कविरहरु |
| २७ | गुलसने मदिना मस्जित | गोलबजार नगरपालिका ९ | |

| | | | |
|---|---|---|---|
| २८ | मस्जित | गोलबजार नगरपालिका ९ | |
| २९ | गुम्बा मन्दिर | गोलबजार नगरपालिका १० | पुजा आजा गर्ने |
| ३० | बुद्ध मन्दिर | गोलबजार नगरपालिका १० | पुजा आजा गर्ने |
| ३१ | राम जानकी मन्दिर | गोलबजार नगरपालिका ११ | हिन्दुहरुले पुजाआजा गर्ने गरेको |
| ३२ | मस्जित ईस्लाम | गोलबजार नगरपालिका ११ | मुसल्मानहरुले नवाज गर्ने गरेको |
| ३३ | श्री राम जानकी मन्दिर | साविकको वडा नं.१ हाल गो.न.पा. १२ | पाठ पुजा गर्ने गरेको |
| ३४ | श्री दुर्गा मन्दिर | साविकको वडा नं.३ हाल गो.न.पा. १२ | पाठ पुजा गर्ने गरेको |
| ३५ | श्री भगवती मन्दिर | साविकको वडा नं.३ हाल गो.न.पा. १२ | पाठ पुजा गर्ने गरेको |
| ३६ | श्री शिव मन्दिर | साविकको वडा नं.७ हाल गो.न.पा. १२ | पाठ पुजा गर्ने गरेको |
| ३७ | श्री राम जानकी मन्दिर | साविकको वडा नं.८ हाल गो.न.पा. १२ | पाठ पुजा गर्ने गरेको |
| ३८ | श्री राम जानकी मन्दिर | साविकको वडा नं.९ हाल गो.न.पा. १२ | पाठ पुजा गर्ने गरेको |

*स्रोत : गोलबजार नगरपालिकाको कार्यालय, २०७४*

## ५.८ उद्योग

विकासको प्रमुख अधारशीला मध्ये उद्योग पनि एक प्रमुख आधार हो। गोलबजार नगरपालिकामा ठुला उद्योगहरु नभएता पनि कृषि तथा वन पैदावारमा आधारित साना उद्योगहरु सञ्चालनमा रहेका छन्। यस बाहेक मह, बेसार, अदुवा, भटमास, जस्ता कृषिजन्य घरेलु उत्पादनमा पनि क्रमश व्यवसायिक हुँदै जान थालेको छ। परम्परागत उद्योगमा आधारित स-साना घरेलु उद्योगहरु भने सञ्चालनमा रहेको देखिन्छ तर यसलाई अझ व्यवसायिक र प्राथमिकता साथ लैजानु पर्ने देखिन्छ। गोलबजार नगरपालिकामा उपलब्ध प्राकृतिक कच्चा पदार्थ तथा विभिन्न स्रोत र साधनले गोलबजार नगरपालिकामा उद्योगको संभावना प्रखर देखिन्छ तर लगानी अभाव तथा विभिन्न पुर्वाधारको असुविधाको कारण उद्योगमा अपेक्षित विकास हुन सकेको देखिँदैन। यहाँ सञ्चालित केही साना उद्योगहरुले गोलबजार नगरपालिका लगायत आसपासका क्षेत्रहरुको सिमित स्थानिय आवश्यकता परिपुर्ति गर्न मात्र सफल भएका छन् तर ती उद्योगहरुले राष्ट्रिय माग तथा अर्थतन्त्रको हिस्सा भने खासै ओगट्न सकेको देखिँदैन। गोलबजार नगरपालिकामा सञ्चालित कृषिजन्य लगायत अन्य केही उद्योगको विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ३७ : गोलबजार नगरपालिकामा रहेका उद्योगको विवरण**

| बडा नं. | क्र. सं. | उद्योगको नाम, ठेगाना | उद्देश्य | उत्पादन हुने वस्तु | कर्मचारी संख्या |
|---|---|---|---|---|---|
| १ | १ | पोल्ट्रि उद्योग, मूक्सार भुल्के | मासु उत्पादन | कुखुराको मासु | १० जना |
| ३ | २ | ए विन राईस मिल | कुटानी पिसानी | चामल, पीठो, दाल | २ जना |
| | ३ | शान्ति राईस मिल | कुटानी पिसानी | चामल, पीठो, दाल | २ जना |
| | ४ | चन्द्र ईटा उद्योग गोलबजार | घर निर्माणको लगि ईटा | ईटा | १० जना |
| | ५ | सागर ईटा उद्योग गोलबजार | घर निर्माणको लगि ईटा | ईटा | ८ जना |
| | ६ | शैलेन्द्र छापाखाना | कागज छाप्ने | लेखिएको कागजातहरु | ४ जना |
| | ७ | धमिनि अपसेट प्रेस | कागज छाप्ने | लेखिएको कागजातहरु | ३ जना |
| | ८ | श्याम स: मिल उद्योग | फर्निचर | काठको चिरानहरु | ५ जना |
| | ९ | नवदुर्गा मिल उद्योग | फर्निचर | काठको चिरानहरु | ६ जना |
| | १० | जानकी डेरी उद्योग | दुग्ध संकलन | दही, घ्यु | ४ जना |
| | ११ | महावीर डेरी उद्योग | दुग्ध संकलन | दही, घ्यु | ४ जना |
| | १२ | सागर ईटा उद्योग | ईटा निर्माण | ईटा | ५ जना |
| | १३ | स्वामी ईटा उद्योग | ईटा निर्माण | ईटा | ६ जना |
| | १४ | हिरा ईटा उद्योग | ईटा निर्माण | ईटा | ४ जना |
| | १५ | श्रीराम ईटा उद्योग | ईटा निर्माण | ईटा | ५ जना |
| | १६ | सगुन ईटा उद्योग | ईटा निर्माण | ईटा | ४ जना |
| | १७ | माँ धमिनि डेरी उद्योग | दुग्ध संकलन | नौनी,घ्यु,दुध, दही | २ जना |
| ५ | १८ | विशाल ईटा उद्योग | ईटा उत्पादन | ईटा | २ जना |
| | १९ | मुनाल ईटा उद्योग | ईटा उत्पादन | ईटा | ३ जना |
| | २० | गुडु ईटा उद्योग | ईटा उत्पादन | ईटा | २ जना |
| | २१ | चन्द्र ईटा उद्योग | ईटा उत्पादन | ईटा | २ जना |
| | २२ | नेपाल ईटा उद्योग | ईटा उत्पादन | ईटा | ३ जना |
| ६ | २३ | अस्मिता अफसेट प्रेस | छपाई सम्बन्धी | कागज छपाई | ३ जना |
| | २४ | जानकी ईटा उद्योग | घर बनाउनको लागि ईटा | ईटा | ५ जना |

| | | | | | |
|---|---|---|---|---|---|
| | २५ | गणपति ईटा उद्योग | घर बनाउनको लागि ईटा | ईटा | ८ जना |
| | २६ | श्री सागर ईटा उद्योग | घर बनाउनको लागि ईटा | ईटा | |
| | २७ | शिव ईटा उद्योग | घर बनाउनको लागि ईटा | ईटा | |
| | २८ | बाबा शोप उद्योग | साबुन | साबुन | २ जना |
| | २९ | कृष्ण डेरी उद्योग | दुग्ध संकलन | दुध,दही,घ्यु | ४ जना |
| | ३० | अमित पाउरोटी उद्योग | पाउरोटी | पाउरोटी | ४ जना |
| | ३१ | बरफ उद्योग | बरफ | बरफ | २ जना |
| | ३२ | कमलामाई पानी उद्योग | खानेपानी | खानेपानी | ४ जना |
| | ३३ | अनमोल केसर मिल उद्योग | उखु पेल्ने | गुड बनाउने | ७ जना |
| ७ | ३४ | विनोद कुटान पिसान मिल | धान, गहुँ कुटान पिसान | चामल, पीठो | १ जना आफैं |
| | ३५ | मुकेश कुटान पिसान मिल | धान, गहुँ कुटान पिसान | चामल, पीठो | १ जना आफैं |
| | ३६ | लिला विडी फ्याक्ट्री | विडि उत्पादन | विडि | ७ जना |
| | ३७ | दुर्गा विडी फ्याक्ट्री | विडि उत्पादन | विडि | ५ जना |
| | ३८ | श्रेष्ठ काठ उद्योग फ्याक्ट्री | काठ चिरान | काठको सामाग्री | २ जना |
| | ३९ | साईकृपा एडभर टाईजीङ्ग | फलेक्स प्रिन्ट | फलेक्स प्रिन्ट | ३ जना |
| | ४० | आनन्द जल उद्योग | शुद्ध पानी उत्पादन | पानी | ३ जना |
| ८ | ४१ | श्री माँ दुगौ राईस मिल चन्द्रलालपुर | धान, गहुँ कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| | ४२ | कृष्ण सह मिल चन्द्रलालपुर १ | काठ चिरान | काठको सामाग्री उत्पादन | हाल सञ्चालनमा नरहेको |
| | ४३ | विरेन्द्र सह मिल चन्द्रलालपुर १ | काठ चिरान | काठको सामाग्री उत्पादन | ३ जना |
| | ४४ | धनिराम राईस मिल चन्द्रलालपुर १ | धान, गहुँ कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| | ४५ | कृष्ण कुटानी पिसानी मिल चन्द्रलालपुर ८ | धान, गहुँ कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| | ४६ | राम राईस मिल चन्द्रलालपुर ९ | धान, गहुँ कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| | ४७ | पशुपति राईस मिल चन्द्रलालपुर ९ | धान, गहुँ कुटान पिसान | चामल पिठो | हाल सञ्चालनमा नरहेको |

| | | | | | |
|---|---|---|---|---|---|
| | ४८ | विश्वकर्मा राईस मिल चन्द्रलालपुर ९ | धान, गहुँ कुटान पिसान | चामल पिठो | हाल सञ्चालनमा नरहेको |
| | ४९ | बबिता राईस मिल चन्द्रलालपुर ६ | धान, गहुँ कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| | ५० | ईन्दिरा जल उद्योग चन्द्रलापुर १ | शुद्ध पानी उत्पादन | पानी | ३ जना |
| ९ | ५१ | श्री मारुती सिमेन्ट प्रा लि | सिमेन्ट उत्पादन | सिमेन्ट आ.पी.सी. | २९४ जना |
| | ५२ | शारदा डिष्टिनरी प्रा.लि. | मदिरा उत्पादन | मदिरा | ७५ जना |
| | ५३ | शिव ओम फ्युल सेन्टर प्रा.लि | पेट्रोल विक्रि | | |
| | ५४ | शिव ओम क्रसर सेन्टर प्रा.लि | क्रसिङ गर्ने | त्रस गिट्टी विक्रि | १० जना |
| | ५५ | प्रभु राईस मिल | कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| १० | ५६ | नवदुर्गा राईस मिल | कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| | ५७ | सुर्य राईस मिल | कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| ११ | ५८ | भबेश राईस मिल आ बल्कावा | कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| | ५९ | लक्ष्मी राईस मिल आ बल्कावा | कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| | ६० | हिमाल राईस मिल आ बल्कावा | कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| | ६१ | शान्ति राईस मिल आ बल्कावा | कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| | ६२ | ऋषि राईस मिल आ बल्कावा | कुटान पिसान | चामल पिठो | १ जना आफैं |
| **जम्मा कर्मचारी** | | | | | ५५५ |

*स्रोत : गोलबजार नगरपालिका,२०७४*

## ५.९ व्यापार तथा उद्योगको विवरण

यस नगरपालिका मार्फत् विभिन्न पहाडी जिल्लाहरूसँगको व्यापार समेत हुने गरेको छ। यहाँ विभिन्न हाट बजारहरु व्यापार व्यवसायका लागि प्रशिद्ध रहेका छन् । यस्ता बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ। यसैगरी, गोलबजार नगरपालिकाबाट थोक व्यापार समेत हुने गरेको छ। थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल अन्य पहाडी तथा तराईका जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस नगरपालिका हुने गरेको पाइन्छ।

ठूलो भूमिमा विस्तार भएको समथर जमिन, कृषि तथा वनजन्य कच्चा पदार्थहरुको उपलब्धता, परम्परागत तथा जातिगत सीप, कौशल, पर्यटकीय महत्वका स्थलहरुको उपलब्धता लगायतका विभिन्न कारणले नगरपालिकामा औद्योगिक विकासको राम्रो सम्भावना रहेको छ । यस नगरपालिकाका मानिसहरु उल्लेखनीय रुपमा औद्योगिक विकासतर्फ लागीसकेका छैनन् । तथापी, स्थानीय माग कार्यमा केही मझौला, साना तथा घरेलु उद्योग भने संचालित

छन् । उखु, गन्ना मिल वा (कोलु), कुखुरा फार्म, पशु फार्म आदि यस नगरपालिकामा रहेका केही औद्योगिक व्यवसायका उदाहरणहरु हुन् । त्यसैगरी साप्ताहिक रुपमा लाग्ने विभिन्न हाट बजारमा स्थानीय उत्पादन तथा चौपायाको किनबेच हुने गर्दछ । यसले पनि आर्थिक कारोबारको मात्रामा वृद्धि गराएको छ ।

## ५.१० थोक तथा खुद्रा व्यापार

थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल, तरकारी, फलफुल, माछा, गेडागुडी तथा मसला पहाडी जिल्ला तथा तराईका अन्य जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरेको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस नगरबाट हुने गरेको पाइन्छ।

### ५.१०.१ निकासी पैठारी स्थिति

नगरबाट बाहिर निकासी हुने भाउबस्तुहरूमा तयारी खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन, चाउचाउ, प्लास्टीक व्याग, पाइप, रेडीमेट कपडा, इन्धन, विस्कुट, साबुन, निर्माण सामाग्री, लत्ता कपडा र दैनिक उपभोग्य बस्तुहरू छन्। आयात गरिने बस्तुहरूमा घरायसी सामानहरू, साबुन, इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरू, मोटर पार्टस, कपडा, मसलाहरू, मैदा, मिश्रि, फलफुल तथा तरकारी रहेका छन्।

### ५.१०.२ ढुवानी तथा भण्डार व्यवस्था

नगरपालिकाभित्र उत्पादित मालसामानहरू नगरको एक ठाँउबाट अर्को ठाउँमा पुऱ्याउन ढुवानी साधनको रुपमा, ट्रक, ट्याक्टर, रिक्सा, ठेला आदि रहेका छन्। नगरको पक्की सडक नभएका क्षेत्रहरुमा ढुवानी गर्न समस्या भएको पाइन्छ। कतिपय ठाउँहरूमा विभिन्न खोलाहरूमा पुल नभएका कारण बिशेषत: आवागमनको समेत समस्या रहेको सन्दर्भमा मालसामान ढुवानी गर्ने समस्या झन टड्कारोरुपमा रहेको छ। नगरको आन्तरिक ढुवानी प्रणालीलाई सुदृढ गर्न विभिन्न खोला तथा नदीहरुमा पुल निर्माण गर्नुपर्ने देखिन्छ ।

नगरमा कृषकहरूले खाद्यान्नको उचित दरभाउ पाएमा व्यापारीहरूलाई बिक्री गर्ने र व्यापारीहरूले त्यसरी खरिद गरेको खाद्यान्न आफ्नै गोदाममा जम्मा गरी ठूलो परिमाणमा बिक्री गर्दछन् । नगरका कृषकहरूको आलु, तरकारी तथा फलफुल सुरक्षित राख्न पर्याप्त मात्रामा शीत भण्डारको निर्माण गर्नुपर्ने देखिन्छ।

### ५.१०.३ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनस“ग गर्नु परिरहेको प्रतिस्पर्धा

स्थानीय उद्योगहरूबाट उत्पादित बस्तुहरू चामल, तेल, दाल, पिठो, पोल्ट्री प्रोडक्ट, फलफुल तथा तरकारी सम्बन्धी उद्योगहरूको अन्य नगर तथा भारतीय सामाग्रीसँग प्रतिस्पर्धा गर्नु परिरहेको छ।

उद्यमशीलता, सिप विकास, बजारीकरण, सेवा कर्जा बजारको सुचनामा उद्यमीहरूको पहुँचको स्थिति, सिप विकास तालिम, उद्यमशिलता विकास तालिमका माध्यमबाट नगरमा रोजगारी बढाउने, उद्योग व्यवसायमा बृद्धि गर्ने उद्देश्य पूर्ति गर्न यस नगरपालिका लागि परेको छ। नगरमा उद्योग व्यवसाय गर्ने एवं सिपमुलक तालिम गरी स-साना व्यवसाय गर्ने व्यक्तिहरूलाई कर्जा बजारको सुचना भएको र नगरमा स्थापित वित्तीय संस्थाहरूबाट कर्जा लिनेहरूको संख्या पर्याप्त रहेको देखिन्छ।

### ५.१०.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति

नगरपालिकामा कृषिजन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, कुखुरा, फलफुल, काष्ठजन्य र निर्माणजन्य आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित विभिन्न उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ। व्यापारको प्रकृति अनुसार खाद्यान्न धान, गहुँ, तोरी, काष्ठजन्य वस्तुहरु व्यापारीहरूले अन्य गाउँपालिका तथा जिल्लामा आयात तथा निर्यात गर्ने गरेको पाइन्छ।

#### क) कृषि जन्य पदार्थ

नगरमा कृषि जन्य कच्चा पदार्थहरूमा धान, गहुँ, उखु, फलफुल आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित खाद्य मिल, उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ भने बढी भएको खाद्यान्न धान, गहुँ, तोरी व्यापारीहरूले अन्य नगर तथा जिल्लामा निकासी गर्ने गरेको पाइन्छ।

#### ख) वनजन्य

वन जंगलमा आधारित कच्चा पदार्थहरुमा साल, सिसौ, खयर र बाँस हो। साल, सिसौका काठहरु नगरपालिकाका साथै अन्य छिमेकी जिल्लाहरुबाट निर्यात गर्ने गरेको पाइन्छ। नगरमा उत्पादीत बहुमुल्य काठहरुको प्रयोग उद्योगको रुपमा भएको पाइँदैन तर कृषकहरूले आफ्नो घरायसी प्रयोगमा अत्यधिकरुपमा प्रयोग गरेको पाइन्छ। नगरपलिकामा रहेका वनजन्य कच्चा वस्तुहरुको उपयोग र व्यवसायिक व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

### ५.१०.५ प्रमुख स्थानीय उत्पादनको बजारीकरण

कृषिजन्य तथा उत्पादनमुलक उद्योग अन्तर्गत पर्ने खाद्य मिलबाट उत्पादन हुने बस्तु, दाल, चामल, तेल, पिठो, मसला, आदिले स्थानीय बजारको आवश्यकता पुर्ति गर्नुको साथै यिनले अन्य नगर तथा छिमेकी जिल्लाहरुको बजारको रुपमा सेवा समेत पुऱ्याइरहेका छन् । इटा, क्रसर, ग्रिल, काष्ठ सम्बन्धि उद्योगहरू नगरकोस्थानीय बजारको आवश्यकता पूर्ति गर्नका साथै अन्य छिमेकि नगर तथा जिल्लाहरुको बजारमा समेत सेवा पुऱ्याएको देखिन्छ।

## ५.११ अन्य आर्थिक विकासका सम्भावनाहरू

गोलबजार नगरपालिकामा आर्थिक विकास अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन्। समग्रमा यस गोलबजार नगरपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ। नगरपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

नगरपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वरा शक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा सूरक्षित स्थानको जोहो गर्न सकिनेछ।

नगरपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यावसायिक रुपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र नगरको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ। यस नगरपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणीय मित्रवत प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

नगरपालिकामा भएका पोखरीहरूलाई माछापालन, सिंचाइ, पर्यटन प्रवर्द्धन लगायत जीविकोपार्जन र आर्थिक विकासका विविध क्षेत्रहरूमा परिचालन गर्न सकिने अवस्था रहेको छ । माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई नगरकै माछाले बजार लिने सम्भावना रहेको छ।

नगरपालिकाका सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

नगरपालिकाको नजिकमा विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्र भएको कारणले यहाँ पर्यटनको विशिष्ट सम्भावना रहेको छ । नगरपालिकाको आसपासमा पर्यटकीय होटेल व्यवसायहरुबाट प्रशस्त लाभ लिन सकिने सम्भावना रहेको छ ।

देशमै बेरोजगारी समस्या एक चुनौती रहेको र त्यसको प्रभाव यस नगरपालिकामा समेत रहेकाले र बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस नगरका युवाहरूलाई व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति सिर्जना गर्न सकेमा नगरको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने सम्भावना देखिन्छ।

## ५.१२ नगरको अर्थतन्त्रको विशिष्टिकरण

नगरको अर्थतन्त्रमा वनपैदावार र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ। साथै यो नगर व्यापारिक केन्द्र तथा पर्यटकिय क्षेत्रको रुपमा समेत रहेको छ। कृषी, पशु एवम् वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, नगरका सबैजसो वडाहरुमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त समथर जमिन यस नगरपालिका रहेको हुँदा नगरमा कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ । अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा नगरको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ।

## ५.१३ बैंकको विवरण

नगरपालिकामा उद्योग व्यापार लगानी गर्न वित्तीय संस्थाहरुमा वाणिज्य बैंकहरु मार्फत कर्जा लगानी हुने गरेको देखिन्छ । यसबाहेक नगरमा संचालित अन्य बैंकहरुले पनि कर्जा उपलब्ध गर्दै आएका छन् भने नगरबासीहरुसँग रहेको रकमलाई निक्षेपको रुपमा स्विकार गरी बचत पनि गर्दै आएका छन् । नगरपलिकामा संचालित ६ वटा बैंकहरुको विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ३८ : बैंकहरुको विवरण

| क्र.सं. | बैंक तथा वित्तिय संस्थाको नाम | स्थान वडा | वर्ग | कर्मचारी संख्या |
|---|---|---|---|---|
| १ | नेपाल बैंक लि. | गोलबजार न.पा. ४ | क | १० |
| २ | कृषि विकास बैंक | गोलबजार न.पा. ४ | क | १० |
| ३ | नेपाल वाणिज्य बैंक | गोलबजार न.पा. ४ | क | ४ |
| ४ | ग्लोबल आई.एम ई बैंक | गोलबजार न.पा. ६ | क | ९ |
| ५ | गोलबजार लघु वित्त विकास बैक | गोलबजार न.पा. ७ | घ | ५ |
| ६ | सिर्जना सामुदायिक विकास केन्द्र लघु वित्त संस्था | गोलबजार न.पा. ७ | घ वर्गमा रुपान्तरण रहेको | १२५ |
| **जम्मा कर्मचारी** | | | | **१६३** |

*स्रोत : गोलबजार नगरपालिका कार्यालय,२०७४*

## ५.१४ सहकारी संस्थाको विवरण

नगरपालिकाको आर्थिक तथा सामीजक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँ बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ । गोलबजार नगरपालिमा रहेका सहकारी संस्थाको विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ३९ : सहकारी संस्थाको विवरण

| क्र.सं. | कार्य/प्रकृति | संस्था संख्या | क्र.सं. | कार्य/प्रकृति | संस्था संख्या |
|---|---|---|---|---|---|
| १ | बचत तथा ऋण | २४ | ५ | सुचना तथा सञ्चार | ० |
| २ | वित्तीय | २ | ६ | विद्युत | ० |
| ३ | खाद्यान्न तथा विउ | १ | ७ | अन्य | ० |
| ४ | कृषि | ३ | | जम्मा | ३१ |

*स्रोत : गोलबजार नगरपालिका कार्यालय, २०७४*

तालिका नं. ४० : सहकारी संस्थाको नामावली

| क्र.सं. | सहकारी संस्थाको नाम | ठेगाना | सहकारीको प्रकार/उद्देश्य | पुरुष सदस्य | महिला सदस्य | जम्मा सदस्य संख्या | शेयर पुँजी |
|---|---|---|---|---|---|---|---|
| १ | आकाश गंगा साना किसान कृषि सहकारी संस्था मुक्सार | गो.न.पा.१ | बचत तथा ऋण | | ६२७ | ६२७ | ६२७०० |
| २ | उज्वल दीप महिला सहकारी संस्था लि. | गो.न.पा.२ | बचत तथा ऋण | ३० | ५० | ८० | ४००००० |
| ३ | श्री कोपिला महिला बचत तथा ऋण सहकारी संस्था | गो.न.पा.३ | बचत तथा ऋण | | ११५४ | ११५४ | २९२६३०० |
| ४ | पसिना कृषि सहकारी संस्था लि. | गो.न.पा.३ | बहुउद्देश्य बचत तथा ऋण | २५ | १५ | ४० | ७०००० |
| ५ | श्री धमिनि बचत तथा ऋण सहकारी संस्था | गो.न.पा.४ | बचत तथा ऋण | ११०० | ४०० | १५०० | १८३००००० |
| ६ | श्री बलाजी बचत तथा ऋण सहकारी संस्था | गो.न.पा.४ | बचत तथा ऋण | २५ | १ | २६ | ४३००००० |
| ७ | श्री धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था | गो.न.पा.४ | बचत तथा ऋण | २६१ | ६८ | ३२९ | २१७८००० |
| ८ | श्री आकाश गंगा बचत तथा ऋण सहकारी संस्था | गो.न.पा.४ | बचत तथा ऋण | ३२१ | ६८ | ३८९ | २४१२८०० |
| ९ | हिमाल बचत तथा ऋण सहकारी संस्था | गो.न.पा.४ | बचत तथा ऋण | १८ | ७ | २५ | ६२५००० |
| १० | कान्तिपुर बचत तथा ऋण सहकारी संस्था | गो.न.पा.४ | बचत तथा ऋण | १४० | १९५ | ३३५ | १५०००००० |
| ११ | सगरमाथा बचत तथा ऋण सहकारी संस्था | गो.न.पा.४ | बचत तथा ऋण | १६ | ९ | २५ | ५००००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १२ | तिरुपति बचत तथा ऋण सहकारी संस्था | गो.न.पा.४ | बचत तथा ऋण | २७५ | ४० | ३१५ | २९०००० |
| १३ | शिवअञ्जली बचत तथा ऋण सहकारी संस्था | गो.न.पा.४ | बचत तथा ऋण | ९५ | ३५ | १३० | ७५०१००० |
| १४ | सगरमाथा बचत तथा ऋण सहकारी संस्था | गो.न.पा.५ | कृषि | २५ | १० | ३५ | २५००० |
| १५ | राष्ट्रिय कृषक समूह | गो.न.पा.५ | कृषि | १५० | ५० | २०० | ० |
| १६ | गोलबजार संचार सहकारी संस्था | गो.न.पा.६ | सूचना सञ्चार | ५२ | १२ | ६४ | ६४००००० |
| १७ | विलससन बहुउद्देश्य सहकारी संस्था | गो.न.पा.६ | बचत तथा ऋण | ४६२ | ३३२ | ७९४ | ४५५३६०० |
| १८ | ओम शिवम् कृषि सहकारी संस्था | गो.न.पा.६ | खाद्यान्न विउ वितरण | १४९ | १०३ | २४२ | १६८०९०० |
| १९ | मितेरी बचत तथा ऋण सहकारी संस्था | गो.न.पा.६ | वित्तीय कारोबार | १८४ | ६८ | २५२ | ३०४६४६५ |
| २० | मनकामना बचत तथा ऋण सहकारी संस्था | गो.न.पा.६ | बचत तथा ऋण | ४७० | ३०५ | ७७५ | ७६१३४१० |
| २१ | सपित कृषि सहकारी सस्था | गो.न.पा.६ | कृषिमा लगानी | ७४ | ६७ | १४१ | ५००००० |
| २२ | श्रमजिवी लघुवित्त संस्था | गो.न.पा.६ | बचत तथा ऋण | ० | ३५०० | ३५०० | |
| २३ | साझा बचत तथा ऋण सहकारी संस्था | गो.न.पा.६ | लगानी वित्तीय कारोबार | ९० | ३८ | १२८ | २१०००० |
| २४ | ऋद्धिसिद्धि बचत तथा ऋण सहकारी संस्था | गो.न.पा.७ | बचत तथा ऋण | ३५ | २७ | ६२ | २१७५००० |
| २५ | लाली गुराँस बचत तथा ऋण सहारी संस्था | गो.न.पा.८ | बचत तथा ऋण | १४६ | ५८ | २०४ | २१२७४०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २६ | दिया बचत तथा ऋण सहारी संस्था | गो.न.पा.८ | बचत तथा ऋण | १७० | ६२ | २३२ | २२१४४०० |
| २७ | श्रम उदय बचत तथा ऋण सहारी संस्था | गो.न.पा.८ | बचत तथा ऋण | ४० | १२ | ५२ | ४००००० |
| २८ | दीपज्योति बचत तथा ऋण सहारी संस्था | गो.न.पा.८ | बचत तथा ऋण | १८ | ७ | २५ | ३१७००० |
| २९ | हरियाली बचत तथा ऋण सहकारी संस्था | गो.न.पा.११ | बचत तथा ऋण | | | | हाल सञ्चालनमा नरहेको |
| ३० | कोसेली बचत तथा ऋण सहकारी संस्था | गो.न.पा.११ | बचत तथा ऋण | | | | हाल सञ्चालनमा नरहेको |
| ३१ | दर्णि कृषि सहकारी संस्थाको नाम | गो.न.पा.१२ | बचत तथा ऋण | १० | ६ | १६ | ८००००० |
| **जम्मा** | | | | ४३८१ | ७३२६ | ११६९७ | ८६६२८९७५ |

*स्रोत : गोलबजार नगरपालिका कार्यालय, ,२०७४*

नगरपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, वित्तिय, संचार खाद्यान्न तथा विउ उत्पादन आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ। साथै नियमित रुपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ। जसमा बचत तथा ऋण सहकारी संस्था २४ कृषि ३, वित्तिय २, सुचना १, खाद्यान्न तथा विउ उत्पादन १ गरी जम्मा ३१ वटा सहकारी संस्थाहरु संचालनमा रहेका छन्।

## ५.१५ संघ संस्था तथा विभिन्न समूहहरू

यस नगरमा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्ना कार्यक्रमहरु संचालन गरिरहेका छन्। यहाँ रहेका सरकारी संस्थाहरु क्रमश नगरपालिका कार्यालय, स्वास्थ्य चौकी, इलाका हुलाक, अतिरिक्त हुलाक, इलाका प्रहरी, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र आदि रहेका छन्। यसैगरी गैरसरकारी संस्थाहरुद्धारा महिला सशक्तिकरण जनचेतना कार्यक्रमहरु संचालनमा रहेका छन्। यसका अतिरिक्त नगरमा विभिन्न समूहहरु, युवा क्लबहरु, नागरिक समाज, राजनीतिक दलहरु रहेका छन्।

गोलबजार नगरपालिकामा विभिन्न उद्देश्य बोकेका १३ गैरसरकारी संस्था रहेका छन् जस मध्ये २ हाल सञ्चालनमा रहेका छैनन्। संस्थाको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।


## तालिका नं. ४१ : गैर सरकारी संस्थाको विवरण

| वडा नं. | क्र.सं. | संस्थाको नाम ठेगाना | स्थापना वर्ष | उद्देश्य | विषयगत क्षेत्र | कार्यक्षेत्र | कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | १ | साना किसान तथा कृषि सहकारी, मुक्सार | २०६७ | कृषि योजनामा ऋण लगानी गर्ने | कृषि | मुक्सार गा.न.पा.१ | २ |
| २ | २ | कुम्भी खडी सहकारी संस्था | २०६७ | कृषि योजनामा ऋण लगानी गर्ने | कृषि | लालपुर | २ |
| ३ | ३ | ईन्द्रणी समाज सेवा ( ईसेन्स) | २०४८ साल | शिक्षा, स्वास्थ्य, बालबालिकाहरुको क्षमता अभिबृद्धि | शिक्षा स्वास्थ्य | हाल सञ्चालनमा नरहेको | |
| ४ | ४ | सहकार्य नेपाल | २०६९ | सामाजिक उत्थान कार्यक्रम | सामाजिक परिचालन | सिराह जिल्ला भरी | ११ |
| | ५ | दलित जागरण नेपाल | २०५६ | सामाजिक उत्थान कार्यक्रम | सामाजिक परिचालन | सिराह जिल्ला भरी | ७ |
| | ६ | महिला उद्धार सेवा संस्था | २०५३ | महिला उत्थान महिला सशक्तिकरण | सामाजिक उत्थान | सिराह जिल्ला भरी | ४ |
| ६ | ७ | दलित जागरण सेवा केन्द्र | | सामाजिक उत्थान | सामाजिक उत्थान | सिराह जिल्ला भरी | ४ |
| | ८ | महिला विकास शिल्प कला केन्द्र | | सामाजिक विकास महिला विकास | महिला उत्थान र समाजिक विकास | सिराह जिल्ला भरी | ३ |
| | ९ | तामाङ्ग घेदुङ्ग संघ | | जनचेतना | जनचेतना | सिराह जिल्ला भरी | |
| | १० | मुक्ति नेपाल | | हरुवा जरुवा कार्यक्रम | जनचेतना | सिराह जिल्ला भरी | ३ |
| ७ | ११ | सृजना सामुदायिक विकास क्षेत्र | २०४९ | सामाजिक तथा समाजिक विकास गर्ने | शिक्षा,आय आजन,स्वास्थ्य सरसफाई | सिराह जिल्ला भरी | १२ |
| ८ | १२ | उदय युवा क्लव | २०५१ | अति विपन्न घरपरिवार लाई जिवन स्तर सुधार सीपमुलक व्यवसायमुलक | सामाजिक परिचालन | चन्द्रलालपुर ,महेशपुर, चत्री, बर्छवा, थल्हा, सुकचैना | ६ |
| | १३ | जनज्योति सेवा समुदाय | २०४८ | | | | सञ्चालनमा नरहेको |

*स्रोत : गोलबजार नगरपालिका कार्यालय, २०७४*

# खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार

## ६.१ यातायात




नक्सा नं. ११ : नगरपालिकामा रहेको सडक सञ्जाल

कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासलाई गतिशिल बजाउन सार्वजानिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन, कृषि तथा गैह्र कृषि क्षेत्रको विकास गर्न सडक यातयात एउटा महत्वपूर्ण पूर्वाधारको रुपमा रहेको हुन्छ। नेपालको प्रदेश नम्बर २ मा पर्ने गोलबजार नगरपालिकाको सबै क्षेत्रहरूमा बाह्रै महिना चल्ने सडक सञ्जाल विस्तार भएको छ । नगरमा सिंचाइको व्यवस्था राम्रो भएकोले खाद्यान्न, कपास, ऊखु, परवल, आलु, तेलहन, दलहन, फलफूल, दुग्ध उत्पादन आदिको राम्रो उत्पादन भैरहेकोमा नगरका सबै वडाहरुमा सडकको सुविधा भएकाले उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन सजिलो परेको देखिन्छ। नगरमा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। नगरमा रिक्सा, टेक्टर, गाडा, साइकल, ट्याक्सी, मोटरसाइकलहरूको समेत उपयोग गरिएको देखिन्छ। सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी सधान पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ।


### (क) बिद्यमान सडक सञ्जाल :

गोलबजार नगरपालिकाको बाटो-घाटोको स्थिति हेर्दा कालोपत्रे बाटो ८.१ कि.मि रहेको छ। त्यस्तै कच्ची बाटो १३१.४१ कि.मि. छ र ग्राभेल बाटो ८३.५२ कि.मि. रहेको छ । नगरपालिकामा रहेका सडकको विस्तृत विवरण तल उल्लेख गरिएको छ ।

तालिका नं. ४२ : सडकको स्तर अनुसार सडकको विवरण

| लम्बाई (कि.मी.) | | | | |
|---|---|---|---|---|
| **बाटोको किसिम** | कच्ची | ग्राभेल | पीच | जम्मा |
| **बाटोको लम्बाई** | १३९.४१ | ८३.५२ | ८.१ | २३१ |

*स्रोत : गोलबजार नगरपालिका यातायात गुरुयोजना ,२०७३*



तालिका नं. ४३ : विद्यमान सडक सञ्जाल

| क्र.सं. | बाटोको नाम | नगरपालिका भित्र पर्ने बाटोको लम्बाई |
|---|---|---|
| १ | बलुवा -चन्द्रउदयपुर | ११.३ |
| २ | महेन्द्रनगर राजमार्ग -कमलदह | २.७७ |
| ३ | पुरानो चोहर्वा -पानवारी-लालभित्या | ७.०५ |
| ४ | चन्द्रलालपुर-चोहर्वा पुरानो बजार - घुर्मी | ४.०८ |
| ५ | बस्तीपुर-गोविन्दपुर-मुक्सारगोला | ४.९४ |
| ६ | जम्दह-लगाधी-गधियानी | १४.८९ |
| ७ | गोलबजार -दुर्गापुर-वेली | ५.४५ |
| ८ | कक्ष-गाहारिया सडक | २.९६ |
| ९ | गोलबजार -वल्कवा-देविपुर | ३.२३ |
| १० | कक्ष-मुक्सार | ५.३९ |
| **जम्मा** | | ६२.०६ |

*स्रोत : गोलबजार नगरपालिका यातायात गुरुयोजना ,२०७३*

### (ख) यातायात सेवा

नगरपालिकामा यातायातको साधनको उपयोग हेर्दा हालको गाडीको स्वामित्व अनुसार झन्डै २७ प्रतिशत घरधुरीमा मोटरसाईकल रहेको छ, ७२ प्रतिशत घरधुरीमा साइकल रहेको छ भने कारको स्वामित्व भएको घरधुरी जम्मा १ प्रतिशत रहेको छ। नगरपालिकामा साइकलको स्वामित्व सबैभन्दा बढी रहेको देखिन्छ। दैनिक यात्रामा ६२ प्रतिशत पैदल यात्रा नै हुने गरेको छ भने साइकलको प्रयोग २३ प्रतिशत भएको देखिन्छ । सवारी साधनमा मोटरसाइकलको प्रयोग ८ प्रतिशत र साना सवारीको प्रयोग ७ प्रतिशत भएको देखिन्छ । नगरपालिकामा सार्वजनिक सवारीको प्रयोग न्युन भएको छ । यसको प्रमुख कारण नगरपालिकामा यात्राको माग कम हुनु को साथै यात्रा तथा आर्थिक गातिविधि विशेषत हाटबजार लाग्ने दिनहरुमा सिमित रहेको हुन्छ। बस बाहेक अन्य सार्वजनिक सवारी जस्तै ट्याक्सी र विद्युतीय सवारीको (ई-रिक्सा) प्रयोग हाल बढ्दै गएको देखिन्छ।

## ६.२ संचार

सूचना र प्रविधिमा भएका नविनतम खोज तथा विकासको गाउँ, समुदाय, देश, अन्तर देशलाई एउटा सीमाहिन विश्व समुदायको रुपमा रुपान्तरित गरिदिएको छ। दिनानुदिन संचार प्रविधिको प्रयोग विस्तारित भइरहेको छ । सन् १९९० सालको दशकमा सिमित जनसंख्याले प्रयोग गर्ने संचारका माध्यामहरु हाल आधारभूत

आवश्यकतामा परिणत भएको छ । ११०.३ प्रतिशत टेलिफोनको घनत्व ४६.५ प्रतिशत इन्टरनेटका प्रयोगकर्ता, रेडियोको राष्ट्रिय प्रसारणमा पँहुच ८८ प्रतिशत रहेको तथ्यांकले संचार क्षेत्रको तीब्र विकास र विकासका अन्य क्षेत्रमा यसको प्रभाव दर्शाउँछ ।

गोलबजार नगरपालिकामा स्थानीय एफ.एम स्टेसनहरु र रेडियो नेपाल लगायत विभिन्न अन्य स्टेसनहरु काठमाडौंबाट नै सिधा प्रशारण हुन्छन् । नगरमा नेपाल टेलिकम र एनसेल दुवैको 3G Network उपलब्ध छ । नगरमा ADSL, NCell, NTC आदि कम्पनीहरुले इन्टरनेट सेवा पुऱ्याउँदै आइरहेका छन् विभिन्न केवल नेटवर्क तथा सेटलाइट च्यानल जस्तै डिस होम आदिद्धारा नगरबासीहरुले मनोरन्जनात्मक टेलिभिजन कार्यक्रमहरु हेर्ने गरेको पाइन्छ । गोलबजार नगरपालिका तराईको सुगम क्षेत्रमा रहेको हुँदा संञ्चार माध्यमको विस्तार राम्रो भएको पाईन्छ ।

### ६.२.१ नगरमा रहेका एफ.एम. रेडियोहरु तथा टेलिभिजन

तालिका नं. ४४ :एफ.एम. रेडियो विवरण

| क्र.स. | एफ.एम. को नाम | कार्यलय रहेको स्थान | व्यवसायिक/सामुदायिक |
|---|---|---|---|
| १ | आकाश गंगा एफ.एम. | गोलबजार न.पा.६ | सामुदायिक |

*स्रोत : गोलबजार नगरपालिका कार्यलय, २०७४*

यस नगरपालिकामा एउटा स्थानीय एफ्.एम्. रहेको छ भने अन्तर्राष्ट्रिय स्तरका बीबीसी नेपाली सेवा तथा राष्ट्रिय स्तरका रेडियो नेपाल पनि प्रसारण हुने गरेको पाईन्छ । जुन सुविधाबाट यस नगरका वासिन्दाले प्रत्यक्ष लाभ लिइरहेको पाइन्छ । जुन स्थानीय एफ.एम.हरु पनि रहेको छ त्यसको पनि यस नगरमा अन्य एफ.एम. कै जति भूमिका रहेको छ ।

### ६.२.२ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस नगरका १३ ओटै वडाहरुमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल जस्ता कम्पनीहरूले उपलब्ध गराएका छन् । नगरपालिकाको केही क्षेत्रहरुमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ।

### ६.२.३ हुलाक सेवा

नगरमा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल नगरका विभिन्न वडाहरुमा कार्यरत छन्। नगरपालिकामा भएका हुलाक कार्यालयहरुबाट नगरभित्र र नगर बाहिर एवम् विदेशमा समेत हुलाक

सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन्। यद्यपी संचार र यातायातका सेवामा भएको तीब्र र उच्च विकासले हुलाक सेवा प्रयोगकर्ताको संख्या घट्दै गैरहेको छ।

### ६.२.४ पत्रपत्रिका

कुनै पनि स्थानमा सञ्चार माध्यमको महत्वपुर्ण भुमिका रहन्छ। आजको युगमा विज्ञान प्रविधि तथा सञ्चारको विकासमा महत्वपुर्ण स्थान रहेको छ। संसार साँघुरिदै (Globalized) भईरहेको अवस्थामा विश्वमा घटिरहेका विभिन्न घटनासँग जानकार रहन सञ्चार अति आवश्यक पुर्वाधार हो। गोलबजार नगरपालिकामा दैनिक पत्रिका ३, साप्ताहिक २ गरी जम्मा ५ ओटा पत्रपत्रिकाहरु नियमित रुपमा प्रकाशित भैरहेका छन्। यसका अतिरिक्त काठमाडौंबाट प्रकाशित हुने सबैजसो दैनिक अखबारहरु, साप्ताहिक र मासिक पत्रिकाहरु (राष्ट्रिय समाचार समिति, गोरखापत्र, कान्तिपुर दैनिक, नागरिक दैनिक, नेपाल समाचार पत्र, राजधानी दैनिक, अन्नपूर्ण पोष्ट, नयाँ पत्रिका दैनिक आदि) समेत नगरका विभिन्न वडाहरुमा पाइन्छन्।

तालिका नं. ४५ : पत्रपत्रिकाको विवरण

| क्र.स. | पत्रपत्रिकाको नाम | कार्यलय रहेको स्थान | व्यवसायिक/सामुदायिक |
|---|---|---|---|
| १ | सिराहा सन्देश दैनिक | गोलबजार न.पा.४ | व्यवसायिक |
| २ | अनुकल्प राष्ट्रिय दैनिक | गोलबजार न.पा.४ | व्यवसायिक |
| ३ | मार्गानुगामी दैनिक | गोलबजार न.पा.६ | सामुदायिक , व्यवसायिक |
| ४ | धमिनि साप्ताहिक | गोलबजार न.पा.६ | सामुदायिक , व्यवसायिक |
| ५ | गणधारण साप्ताहिक पत्रिका | गोलबजार न.पा.७ चोहर्वा | व्यवसायिक |

*स्रोत : गोलबजार नगरपालिका, २०७४*

## ६.३ विद्युत

### ६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण


गोलबजार नगरपालिकाका सबै वडाहरुमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ। राष्ट्रिय जनगणना २०६८ (सन् २०११) को नतिजाअनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रुपमा रहेको देखिन्छ। नगरमा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या ६,६२९ (६५.५७ प्रतिशत) रहेको छ। त्यस्तै दोस्रोमा कुल घरधुरीको ३,१८९ (३१.५४ प्रतिशत) ले मट्टितेल, ७८ (०.७७ प्रतिशत) ले सोलार र ८१ (०.८० प्रतिशत) घरधुरीले मात्र गोबर ग्याँसको प्रयोग गरेको देखिन्छ। अन्य स्रोतको प्रयोग गर्ने घरधुरी संख्या ६८ र उल्लेख नगरिएको घरधुरी संख्या ६५ रहेका

छन् । त्यस्तै औषतमा वडागतरुपमा तुलना गर्दा प्राय: सबै वडाहरुमा विजुलीको प्रयोग धेरै भएको पाइन्छ । जसको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. ४६ : बत्ती बाल्न प्रयोग गरिने श्रोत**

| वडा नं. | बिजुली | मट्टितेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २९० | ३९८ | ० | ८ | २ | ५ | ७०३ |
| २ | ६४७ | १०७ | १ | २ | ० | ५ | ७६२ |
| ३ | ६४१ | ४५४ | १ | १५ | ० | ७ | १,११८ |
| ४ | ७०९ | ५९ | १ | ० | ५२ | २ | ८२३ |
| ५ | ३६३ | १३७ | ० | १ | ८ | ० | ५०९ |
| ६ | ७६७ | ३२८ | ७० | ६ | १ | ६ | १,१७८ |
| ७ | ५०१ | ७५ | १ | १५ | ० | १० | ६०२ |
| ८ | ३३२ | १४२ | ३ | ८ | ० | ६ | ४९१ |
| ९ | २१३ | २९० | १ | ६ | १ | २ | ५१३ |
| १० | २२७ | ३७५ | ० | ७ | ० | १ | ६१० |
| ११ | ४४२ | ४७८ | १ | २ | ० | ७ | ९३० |
| १२ | ७९३ | १८० | २ | ६ | ३ | ८ | ९९२ |
| १३ | ७०४ | १६६ | ० | २ | १ | ६ | ८७९ |
| **जम्मा** | ६,६२९ | ३,१८९ | ८१ | ७८ | ६८ | ६५ | १०,११० |
| **प्रतिशत** | ६५.५७ | ३१.५४ | ०.८० | ०.७७ | ०.६७ | ०.६४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*




## ६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

तालिका नं. ४७ : खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा नं. | काठ/दाउरा | मटीतेल | एल.पी. ग्याँस | कुइठा/ठोरहा | गोबरग्यास | बिजुली | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६९४ | ३ | ० | १ | ० | ० | ० | ५ | ७०३ |
| २ | ७१० | ३ | ७ | ३५ | ० | १ | ० | ६ | ७६२ |
| ३ | १०५२ | १९ | ४ | ३६ | ० | ० | ० | ७ | १,११८ |
| ४ | ५८१ | २ | २१७ | १९ | १ | ० | १ | २ | ८२३ |
| ५ | २९० | ४ | ४ | २११ | ० | ० | ० | ० | ५०९ |
| ६ | ७८३ | ११ | १४८ | २३० | ० | ० | ० | ६ | १,१७८ |
| ७ | ४१० | १० | ४ | १६६ | २ | ० | ० | १० | ६०२ |
| ८ | २८० | १८ | १९ | १६७ | १ | ० | ० | ६ | ४९१ |
| ९ | ३२० | २० | ३ | १३४ | ८ | २६ | ० | २ | ५१३ |
| १० | ५७६ | ५ | ३ | २३ | ० | १ | १ | १ | ६१० |
| ११ | ६२० | ४ | ९ | २८५ | २ | १ | २ | ७ | ९३० |
| १२ | २८ | २ | २ | ९५० | २ | ० | ० | ८ | ९९२ |
| १३ | ८७ | १ | ० | ७४८ | २ | ० | ३५ | ६ | ८७९ |
| **जम्मा** | ६,४३१ | १०२ | ४२० | ३,००५ | १८ | २९ | ३९ | ६६ | १०,११० |
| **प्रतिशत** | ६३.६१ | १.०१ | ४.१५ | २९.७२ | ०.१८ | ०.२९ | ०.३९ | ०.६५ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

वि.सं. २०६८ को जनगणना अनुसार गोलबजार नगरपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा काठ तथा दाउरा सबैभन्दा बढी ६,४३१ (६३.६१ प्रतिशत) रहेको छ । यसैगरी दोस्रोमा कुइँठा तथा ठोरहा प्रयोग गर्ने घरधुरी संख्या ३,००५ (२९.७२ प्रतिशत), एल.पी. ग्याँस प्रयोग गर्ने घरधुरी संख्या ४२० (४.१५ प्रतिशत), मटीतेलको प्रयोग गर्ने १०२ (१.०१ प्रतिशत), गोबरग्याँस प्रयोग गर्ने १८ (०.१८ प्रतिशत) रहेका छन् भने बिजुली प्रयोग गर्ने घरधुरी २९ (०.२९ प्रतिशत) रहेको देखिन्छ। वडागत रुपमा हेर्दा समग्र सबै वडाहरुमा काठ/दाउराको प्रयोग गर्नेको संख्या बढि रहेको पाइन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। यसलाई तलको चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ ।




वैकल्पिक उर्जाको वर्तमान स्थिति र जनताले यस क्षेत्रमा देखाएको आकर्षणलाई हेर्दा वैकल्पिक उर्जाको क्षेत्रमा ध्यान दिनुपर्ने देखिन्छ । तराईको क्षेत्र भएकोले गोबरग्याँसको लागी उपर्युक्त तापक्रम रहेको र पशुहरुबाट प्राप्त गोबरलाई पूर्णरुपमा प्रयोग गर्न सके वन अतिक्रमण रोकिनुको साथै महिलाहरुको स्वास्थ्यमा पर्ने नकारात्मक असर समेत न्यून गर्न सकिन्छ ।

# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ। यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ। यसै सिलसिलामा गोलबजार नगरपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ। विकासको प्रमुख आधारशिला नै शिक्षा हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रकै सर्वोपरि भुमिका रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक सशक्त माध्यमको रुपमा नीतिगत रुपमा अवलम्बन गरिएको छ।

## ७.२ साक्षरता स्थिति

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा गोलबजार नगरपालिका कमजोर रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरपालिकाको साक्षरता दर ५४.१८ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो नगरपालिकामा पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस नगरपालिकाको पुरुषको साक्षरता दर ६४.२५ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ४४.७३ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा १९.५२ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। साक्षरताको विस्तृत विवरण तल तालिकामा र स्तम्भमा उल्लेख गरिएको छ।


तालिका नं. ४८ : साक्षरता दर

| वडा नं. | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | ८६९ | ६१२ | ६१ | ८५ | ५०९ | ८८० | ० | ० | १,४३९ | १,५७७ | ३,०१६ |
| २ | ११६० | ८३७ | १९ | २३ | ४८८ | ९०२ | ० | ० | १,६६७ | १,७६२ | ३,४२९ |
| ३ | १५४४ | ११६९ | ५१ | ५७ | ७८९ | ११६८ | ६१ | १०७ | २,४४५ | २,५०१ | ४,९४६ |
| ४ | १४१७ | ११०० | ८ | १० | ५२३ | ८१८ | ० | ० | १,९४८ | १,९२८ | ३,८७६ |
| ५ | ७३७ | ५४९ | २३ | ३ | ३६९ | ६२० | ० | ० | १,१२९ | १,१७२ | २,३०१ |

| वडा नं. | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| ६ | १९०१ | १४४४ | ३७ | २७ | ६५३ | ११४४ | ३ | २ | २,५९४ | २,६१७ | ५,२११ |
| ७ | ७६४ | ६७४ | ५७ | ५९ | ५०८ | ७३३ | ० | ४ | १,३२९ | १,४७० | २,७९९ |
| ८ | ६८६ | ५०५ | २३ | ३३ | ३९७ | ५२१ | ७ | ८ | १,११३ | १,०६७ | २,१८० |
| ९ | ६९६ | ५३२ | १४ | १७ | ४२२ | ६६५ | ४ | ६ | १,१३६ | १,२२० | २,३५६ |
| १० | ८११ | ५८१ | १५ | ३० | ४८३ | ८२५ | ६ | ४ | १,३१५ | १,४४० | २,७५५ |
| ११ | ११७० | ९०४ | ८६ | १०५ | ७९४ | १२७४ | ० | ० | २,०५० | २,२८३ | ४,३३३ |
| १२ | ११६९ | ७२५ | ४८ | ५२ | ८०० | १५७६ | २ | २ | २,०१९ | २,३५५ | ४,३७४ |
| १३ | ११५४ | ८२९ | ४३ | ४६ | ५२७ | १११३ | २ | ५ | १,७२६ | १,९९३ | ३,७१९ |
| जम्मा | १४,०७८ | १०,४६१ | ४८५ | ५४७ | ७,२६२ | १२,२३९ | ८५ | १३८ | २१,९१० | २३,३८५ | ४५,२९५ |
| प्रतिशत | ६४.२५ | ४४.७३ | २.२१ | २.३४ | ३३.१४ | ५२.३४ | ०.३९ | ०.५९ | १००.०० | १००.०० | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

गोलबजार नगरपालिकाको साक्षरताको स्थिति वर्णन गर्नुपर्दा सबैभन्दा बढि साक्षरता दर वडा नं. ४ मा ६४.९४ प्रतिशत रहेको छ जसमध्ये पुरुष साक्षरता दर ७२.७४ प्रतिशत र महिला साक्षरता दर ५७.०५ प्रतिशत रहेको छ। त्यस्तै गरि सबैभन्दा कम साक्षरता दर वाड नं. १२ मा रहको छ। जसमा कुल साक्षरता दर ४३.३० प्रतिशत रहेको छ। जसमध्ये पुरुष साक्षरता दर ५७.९० प्रतिशत र महिला साक्षरता दर ३०.७९ प्रतिशत रहेको छ। माथिको तथ्यांकलाई हेर्दा यस गोलबजार नगरपालिका शैक्षिक हिसाबमा सामान्य स्थानमा रहेको देखिन्छ। माथिको तालिका लाई तल स्तम्भमा प्रस्तुत गरिएको छ।




## ७.२.१ शैक्षिक जनशक्तिको विवरण

**तालिका नं. ४९ : शैक्षिक जनशक्तिको विवरण**

| लिङ्ग | स्कूल नगएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल.सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सोभन्दा माथी | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | ४६५ | ५९७८ | २८१३ | २०६३ | १४०९ | १०७७ | ४०३ | १२६ | १७ | २३४ | १३१ | १४,७१६ |
| **महिला** | ४२० | ५११३ | २२१२ | १३८० | ९०८ | ५३३ | १०६ | २२ | १४ | २०५ | १२९ | ११,०४२ |
| **जम्मा** | ८८५ | ११,०९१ | ५,०२५ | ३,४४३ | २,३१७ | १,६१० | ५०९ | १४८ | ३१ | ४३९ | २६० | २५,७५८ |
| **प्रतिशत** | ३.४४ | ४३.०६ | १९.५१ | १३.३७ | ९.०० | ६.२५ | १.९८ | ०.५७ | ०.१२ | १.७० | १.०१ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस तालिकामा गोलबजार नगरपालिकामा विभिन्न शैक्षिक तह उर्त्तीण गरेका जनशक्ति देखाइएको छ। जसमा ८८५ (३.४४ प्रतिशत) जना स्कुल नगएका देखिन्छ । नगरमा विभिन्न शैक्षिक तह उर्त्तीण गरेका जनशक्तिहरुमा ११,०९१ (४३.०६ प्रतिशत) प्राथमिक तह, ५,०२५ (१९.५१ प्रतिशत) नि.मा.वि. तह, ३,४४३ ( १३.३७ प्रतिशत) मा.वि. तह, २,३१७ (९.०० प्रतिशत) एस.एल.सी. तह, १,६१० (६.२५ प्रतिशत) प्रमाणपत्र तह, ५०९ (१.९८ प्रतिशत) स्नातक तह, १४८ (०.५७ प्रतिशत) स्नातकोत्तर तह र सोभन्दा माथि अध्ययन गरेको देखिन्छ भने ४३९ (१.७० प्रतिशत) ले अनौपचारिक शिक्षा हाँसिल गरेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा र तल स्तम्भमा उल्लेख गरिएको छ।




## ७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण

तालिका नं. ५० : विषयगत शैक्षिक जनशक्तिको विवरण

| | मानविकी र कला | व्यापार र प्रशासन | शिक्षा | विज्ञान | स्वास्थ्य | इन्जिनीयरिङ र निर्माण | कानुन | सामाजिक र व्यवहारिक विज्ञान | गणित र तथ्याङ्क | कृषी, वन र मत्स्य | कम्प्यूटिङ्ग | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | ४४९ | १९७ | ४८३ | १७८ | ४९ | १२ | १९ | ५९ | ३५ | ५ | २ | ७७९ | २,२६७ |
| **प्रतिशत** | १९.८१ | ८.६९ | २१.३१ | ७.८५ | २.१६ | ०.५३ | ०.८४ | २.६० | १.५४ | ०.२२ | ०.०९ | ३४.३६ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा नगरमा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरणलाई तालिकामा देखाइएको छ । जसअनुसार यस नगरमा सबैभन्दा बढी शिक्षा विषय लिएर पढ्नेको संख्या ४८३ (२१.३१ प्रतिशत) रहेको छ भने दोस्रोमा मानविकी र कला विषय लिएर पढ्नेको जनसंख्या ४४९ (१९.८१ प्रतिशत), तेस्रो स्थानमा व्यापार र प्रशासन विषय लिएर पढ्नेको संख्या १९७ (८.६९ प्रतिशत) रहेको देखिन्छ । यसैगरी विज्ञान विषय पढ्नेको संख्या १७८ (७.८५ प्रतिशत), स्वास्थ्य विषय लिएर पढ्ने ४९ ( २.१९ प्रतिशत), कानुन १९ (०.८४ प्रतिशत), गणित र तथ्याङ्क ३५ (१.५४ प्रतिशत) त्यसैगरि कृषी, वन र मत्स्य ५ (०.२२ प्रतिशत) विषय लिएर अध्ययन गरेको देखिन्छ । नगरपालिकामा प्राविधिक जनशक्तिको संख्या अत्यन्त न्यून देखिन्छ। अहिलेको प्राविधिक युगमा प्राविधिक विषयमा शिक्षामा नगरपालिकाले जोड गर्नु पर्ने हुन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।



## ७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

तालिका नं. ५१ : उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

| विवरण | उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गइरहेको जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | प्रतिशत |
| पूर्व प्रा.वि. (नर्सरी, किन्डरगार्डन) जाने उमेर समूह | ३-४ वर्ष | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| आधारभूत तहमा जाने उमेर समूह (कक्षा १-८) | ५-१२ वर्ष | ४,२६२ | ३,७१४ | ७,९७६ | ४,११६ | ३,५५४ | ७,६७० | ९६.१६ |
| मा.वि. जाने उमेर समूह (कक्षा ९-१०) | १३-१४ वर्ष | ६९ | ५३ | १२२ | ६६ | ४९ | ११५ | ९४.२६ |
| उच्च मा.वि. जाने उमेर समूह (१०+२) | १५-१७ वर्ष | २९ | ३२ | ६१ | २५ | २९ | ५४ | ८८.५२ |
| **जम्मा** | | ४,३६० | ३,७९९ | ८,१५९ | ४,२०७ | ३,६३२ | ७,८३९ | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

माथिको तालिकामा स्कुल जाने उमेर समूहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समूहका बालबालिका मध्ये कोही पनि स्कुल नगएको देखिन्छ। ५ देखि १२ वर्ष उमेर समूहको जनसंख्या मध्ये ९६.१६ प्रतिशत स्कुल गएको देखिन्छ भने ३.८४ प्रतिशत स्कुल गएको देखिदैन त्यस्तै १३ देखि १४ वर्ष उमेर समूहको जनसंख्याको ९४.२६ प्रतिशत संख्या स्कुल गएको देखिन्छ भने ५.७४ प्रतिशत स्कुल नगएको देखिन्छ । यसैगरी १५ देखि १७ वर्ष उमेर समूहको जनसंख्याको ८८.५२ प्रतिशत उच्च मावि तह अध्ययन गरीररहेको र बाँकी ११.४८ प्रतिशत संख्या सो तहको अध्ययन गर्न नगएको देखिन्छ। बाल्यकालमा सुरुवातको समयमा विद्यालय गएको (९६.१६ प्रतिशत) देखिए पनि माथिल्लो उमेर तथा तह पुगे पछि पढ्नेको संख्या क्रमश घटेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

*(नोट : नयाँ शिक्षा ऐन अनुसार कक्षा १ देखि ८ सम्मको तहलाई आधारभूत तह र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक तहमा घोषणा गरिएको छ। त्यस्तै कक्षा १ भन्दा मुनिको तहलाई बाल विकास भनेर नामाकरण गरिएको छ।)*

## ७.२.४ नगरमा रहेका शिक्षण संस्थाहरूको विवरण

### (क) शैक्षिक पूर्वाधार तथा सेवा

नगरमा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन। तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवम् सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ।

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरुप यस नगरपालिकामा आ.व.२०७३/७४ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण अनुसार नगरमा २८ वटा सामुदायिक विद्यालयहरु रहेका छन्। जसमा २२ आधारभुत विद्यालय रहेका छन् भने ६ माध्यमिक विद्यालयहरु रहेका छन्। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ५२ : गोलबजार नगरपालिकामा रहेका विद्यालयको विवरण

| क्र.सं. | तह | संख्या |
|---|---|---|
| १ | माध्यमिक (१–१२) | ४ |
| २ | माध्यमिक (१–१०) | २ |
| ३ | आधारभुत (१–८) | ४ |
| ४ | आधारभुत (१–५) | १५ |
| ५ | आधारभुत (१–३) | २ |
| ६ | आधारभुत (१–२) | १ |
| **जम्मा** | | २८ |

*स्रोत : गोलबजार नगरपालिका, २०७४*

तालिका नं. ५३ : गोलबजार नगरपालिकामा रहेका विद्यालयको नामावली

| क्र.सं. | विद्यालयको नाम ठेगाना | संचालित कक्षा | निजी /सामुदायिक | विद्यालयको किसिम |
|---|---|---|---|---|
| १ | श्री मा.वि. आ. बल्कावा | १-१० | सामुदायिक | माध्यमिक तह |
| २ | श्री ज.मा.वि महनोर बेतौना | १-१० | सामुदायिक | माध्यमिक तह |
| ३ | श्री सरस्वती मा.वि. तेतरीया, जम्दह | १-१२ | सामुदायिक | माध्यमिक तह |
| ४ | श्री ज.न.उ.मा.वि. असनपुर गो.न.पा.४ | १-१२ | सामुदायिक | माध्यमिक तह |
| ५ | श्री ज.उ.मा.वि. चन्द्रलालपुर १ | १-१२ | सामुदायिक | माध्यमिक तह |
| ६ | श्री ज.मा.वि. चन्द्रउदयपुर | १-१२ | सामुदायिक | माध्यमिक तह |
| ७ | श्री दलित प्रा.वि.,बहिरीबाध मुक्सार ५ | १-२ | सामुदायिक | आधारभुत तह |
| ८ | श्री ज.प्रा.वि. चन्द्रलालपुर ६ | १-३ | सामुदायिक | आधारभुत तह |
| ९ | श्री ज.प्रा.वि. बेतौना | १-३ | सामुदायिक | आधारभुत तह |
| १० | श्री जनता प्रा.वि.,बलडारा मुक्सार २ | १-५ | सामुदायिक | आधारभुत तह |
| ११ | श्री जनता प्रा.वि.,चारघरे मुक्सार ७ | १-५ | सामुदायिक | आधारभुत तह |
| १२ | श्री जन समूह प्रा.वि. गरुधाम | १-५ | सामुदायिक | आधारभुत तह |

| | | | | |
|---|---|---|---|---|
| १३ | रामसुन्दर प्रा.वि तेतरीया | १-५ | सामुदायिक | आधारभुत तह |
| १४ | श्री जनमुखी प्रा.वि. गोला मुक्सार | १-५ | सामुदायिक | आधारभुत तह |
| १५ | श्री गरुवा प्रा.वि. गोला जम्दह ६ | १-५ | सामुदायिक | आधारभुत तह |
| १६ | श्रमिक प्रा.वि. निपाने गो.न.पा.४ | १-५ | सामुदायिक | आधारभुत तह |
| १७ | श्री कविर प्रा.वि.असनपुर ३ | १-५ | सामुदायिक | आधारभुत तह |
| १८ | श्री प्रा.वि. चन्द्रलालपुर ७ | १-५ | सामुदायिक | आधारभुत तह |
| १९ | श्री ज.प्रा.वि. गोविन्दपुर ९ | १-५ | सामुदायिक | आधारभुत तह |
| २० | श्री प्रा.वि. धर्मपुर | १-५ | सामुदायिक | आधारभुत तह |
| २१ | श्री ज.आधारभुत वि. वि.आ.बल्कवा | १-५ | सामुदायिक | आधारभुत तह |
| २२ | श्री ज.प्रा.वि.आ.बल्कावा | १-५ | सामुदायिक | आधारभुत तह |
| २३ | श्री प्रा.वि.हरिपुर बेतौना | १-५ | सामुदायिक | आधारभुत तह |
| २४ | श्री प्रा.वि. जयनगर बेतौना | १-५ | सामुदायिक | आधारभुत तह |
| २५ | श्री ज.नि.मा.वि. टोडके | १-८ | सामुदायिक | आधारभुत तह |
| २६ | श्री नि.मा.वि. गरुधाम | १-८ | सामुदायिक | आधारभुत तह |
| २७ | श्री ज.नि.मा.वि. असनपुर ८ | १-८ | सामुदायिक | आधारभुत तह |
| २८ | श्री ज.नि.मा.वि.चन्द्रलापुर ९ | १-८ | सामुदायिक | आधारभुत तह |

*स्रोत : गोलबजार नगरपालिका, २०७४*

**तालिका नं. ५४ : नगरपालिकामा रहेको क्याम्पसको विवरण**

| क्र.सं. | क्याम्पसको नाम ठेगाना | स्वीकृत दरबन्दी | कार्यरत शिक्षक संख्या | कार्यरत शिक्षिका संख्या | छात्र संख्या | छात्रा संख्या | दलित (छात्रा/छात्र) | अपाङ्ग (छात्रा/छात्र) | संचालित कक्षा | निजी / सामुदायिक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | रा.रा.ता.ज.ब. क्याम्पस, गो.न.पा.४ | ० | २२ | १ | ११३० | १३६५ | ६०७ | ० | स्नातकोत्तर | सामुदायिक |

*स्रोत : गोलबजार नगरपालिका, २०७४*

गोलबजार नगरपालिकामा स्नातककोत्तर तह सम्म अध्यापन हुने १ वटा सामुदयिक क्यामपस रहेको छ। क्याम्पसमा २४९५ विद्यार्थी अध्ययनरत रहेका छन्। यसरी नगरपालिकामा स्नातकोत्तरसम्म अध्ययनको लागि सुविधा रहेको छ।

## ७.२.५ विद्यार्थी विवरण

तालिका नं. ५५ : विद्यार्थी विवरण

| तह | समावेशी | | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|---|
| | दलित | अपांग | छात्रा | छात्र | |
| मा.वि. | १४४८ | ११ | २९२५ | २६७२ | ५५९७ |
| आधारभुत | ८५४ | १० | १६६४ | १५५९ | ३२२३ |
| कुल जम्मा | | | | | ८८२० |

*स्रोत : गोलबजार नगरपालिका, २०७४*

माथिको तालिकामा गोलबजार नगरपालिकाको सामुदयिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको विवरण दिईएको छ। नगरपालिकामा आधारभुत तर्फ ३,२२३ विद्यार्थी र माध्यमिक तर्फ ५,५९७ गरी जम्मा ८,८२० विद्यार्थी अध्ययनरत रहेका छन्। जसको विस्तृत विवरण तालिमा उल्लेख गरिएको छ।

## ७.२.६ शिक्षकको विवरण

तालिका नं. ५६ : विद्यालय अनुसार शिक्षकको विवरण

| विद्यालय अनुसार शिक्षकको विवरण | | | |
|---|---|---|---|
| विद्यालयको नाम ठेगाना | स्वीकृत दरबन्दी | कार्यरत शिक्षक संख्या | कार्यरत शिक्षिका संख्या |
| श्री मा.वि. आ. बल्कावा | १० | १३ | ४ |
| श्री ज.मा.वि महनोर बेतौना | ८ | ८ | १ |
| श्री सरस्वती मा.वि. तेतरीया, जम्दह | १७ | १३ | ४ |
| श्री ज.न.उ.मा.वि. असनपुर गो.न.पा.४ | २५ | ४१ | ९ |
| श्री ज.उ.मा.वि. चन्द्रलालपुर १ | १८ | १७ | २ |
| श्री ज.मा.वि. चन्द्रउदयपुर | १४ | १२ | १ |
| श्री दलित प्रा.वि.,वहिरीबाध मुक्सार ५ | १ | १ | |
| श्री ज.प्रा.वि. चन्द्रलालपुर ६ | ० | ३ | ० |
| श्री ज.प्रा.वि. बेतौना | १ | २ | १ |
| श्री जनता प्रा.वि.,बलडारा मुक्सार २ | ३ | २ | १ |
| श्री जनता प्रा.वि.,चारघरे मुक्सार ७ | ३ | १ | २ |
| श्री जन समूह प्रा.वि. गरुधाम | २ | २ | १ |
| रामसुन्दर प्रा.वि तेतरीया | ५ | ५ | १ |

| | | | |
|---|---|---|---|
| **श्री जनमुखी प्रा.वि. गोला मुक्सार** | १३ | १ | ३ |
| **श्री गरुवा प्रा.वि. गोला जम्दह ६** | ६ | २ | ४ |
| **श्रमिक प्रा.वि. निपाने गो.न.पा.४** | १ | १ | २ |
| **श्री कविर प्रा.वि.असनपुर ३** | २ | २ | २ |
| **श्री प्रा.वि. चन्द्रलालपुर ७** | २ | ३ | २ |
| **श्री ज.प्रा.वि. गोविन्दपुर ९** | ३ | ३ | १ |
| **श्री प्रा.वि. धर्मपुर** | ५ | २ | २ |
| **श्री ज.आधारभुत वि. वि.आ.बल्कवा** | ० | २ | १ |
| **श्री ज.प्रा.वि.आ.बल्कावा** | २ | १ | २ |
| **श्री प्रा.वि.हरिपुर बेतौना** | २ | १ | २ |
| **श्री प्रा.वि. जयनगर बेतौना** | ६ | ७ | ० |
| **श्री ज.नि.मा.वि. टोडके** | ५ | ५ | ३ |
| **श्री नि.मा.वि. गरुधाम** | ६ | ६ | २ |
| **श्री ज.नि.मा.वि. असनपुर ८** | ४ | ७ | २ |
| **श्री ज.नि.मा.वि.चन्द्रलापुर ९** | ६ | ६ | २ |
| **जम्मा** | १७० | १६९ | ५७ |

*स्रोत : गोलबजार नगरपालिका, २०७४*

गोलबजार नगरपालिकामा रहेका २८ आधारभुत तथा माध्यमिक विद्यालयमा १७० स्वीकृत दरबन्दी रहेकोमा १६९ शिक्षक र ५७ शिक्षिका कार्यरत रहेका छन्। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ७.२.७ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- ✓ **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :** विद्यार्थीहरु प्राथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरुको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ।

- ✓ **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु :** प्राथमिक तहको विद्यार्थीहरुको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ।

- ✓ **दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु :** विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु नगरको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ।

- ✓ **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर :** नगरको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो।

- ✓ **विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु :** नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिले समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरुको आर्थिक स्थिति निकै कमजोर देखिन्छ। दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न बाधा पुगेको देखिन्छ।

- ✓ **अभिभावकहरु चनाखो नहुनु :** बालबालिकाहरुको शैक्षिक प्रगतिबारे अभिभावकहरुको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरुको स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ।

- ✓ **शिक्षक दरबन्दी कम हुनु :** दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरु खाली रहने गरेको देखिन्छ। यसरी शिक्षकहरु तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन। एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी अनुसार शिक्षक उपलव्ध गराउन नसक्नु अर्कोतर्फ स्थानीय निकाय एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन।

- ✓ **राजनीतिकरण हुनु :** विभिन्न राजनीतिक पार्टीहरुले शिक्षकहरुको संगठनहरु मार्फत शिक्षकहरुलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ। राजनीतिक पार्टीहरुको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरुमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ। यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरुलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ।

- ✓ **शिक्षकहरुमा प्रतिबद्धताको कमी :** शिक्षकहरुले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ। प्राय: पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रुपमा देखिएको छ।

- ✓ **आधुनिक प्रविधिको प्रयोग नहुनु :** सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ। प्राय: धेरै विद्यार्थी र शिक्षकहरु कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेको छन्।

## ७.३ स्वास्थ्य

नेपालको प्रदेश २ अन्तरर्गत तराईको सुगमा भागमा रहेतापनि यस गोलबजार नगरपालिकामा धेरैजसो जनताले आवश्यकता अनुसारको स्वास्थ्य सेवा लिन सफल भएका छैनन्। नगरपालिकामा ८ वटा स्वास्थ्य चौकी, १९ जना कर्मचारी, १ वटा निजी अस्पताल भएतापनि आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन्। तथापी ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति सामान्य रहेको छ।

तालिका नं. ५७ : नगरमा रहेका स्वास्थ्य संस्थाहरुको विवरण

| वडा नं. | स्वास्थ्य संस्थाको नाम, ठेगाना | स्वस्थ्य संस्थाको प्रकार (सामुदायिक/निजी) | कर्मचारी संख्या | उपलब्ध सेवाहरु |
|---|---|---|---|---|
| १ | मुक्सार स्वास्थ्य चौकी | सामुदायिक | ६ जना | प्राथमिक उपचार |
| २ | स्वास्थ्य चौकी | सामुदायिक | ५ जना | परिवार नियोजन सम्बन्धी र स्वास्थ्य सम्बन्धी |
| ३ | स्वास्थ्य चौकी | सामुदायिक | ५ जना | प्राथमिक उपचार तथा विभिन्न खोपहरु |
| ४ | भुमिजा हस्पिटल प्रा.लि गो.न.पा.४ | निजी | १९ जना | एक्सरे,एम्बुलेन्स,ओ.पी.डी,ईमरजेन्सी |
| | आयुर्वेदिक औषधालय | सामुदायिक | ४ जना | भिडियो एक्सरे आदी आयुर्वेदिक औषधी उपचार |
| | लाईफलाईन पोलि क्लिनिक | निजी | ६ जना | ओ.पी.डी. इमरजेन्सी, ल्याव, नेवुलीजेसन आदी। |
| ५ | - | - | - | - |
| ६ | स्वास्थ्य चौकी | सामुदायिक | ९ जना | ओ.पी.डी.र खोपहरु |
| | श्री राम पोलिक्लिनिक | निजी | ६ जना | ल्याव, एक्सरे र ईमरजेन्सी सेवा |
| | स्तार फार्मेशी | निजी | १ जना | औषधीहरु |
| | धमिनि हस्पिटल | निजी | ६ जना | ओ.पी.डी. र ईमरजेन्सी सेवा |
| ७ | स्वास्थ्य चौकी | सामुदायिक | ६ जना | ओ.पी.डी., मार्तशिशु, परिवार नियोजन,स्वयम सोविका शिक्षा |
| ९ | स्वास्थ्य चौकी | सामुदायिक | ४ जना | ओ.पी.डी., परिवार नियोजन,सुत्केरी जाँच, विभिन्न खोपहरु |
| ११ | स्वास्थ्य चौकी | सामुदायिक | ३ जना | ओ.पी.डी., परिवार नियोजन, विभिन्न खोपहरु |
| १२ | स्वास्थ्य चौकी | सामुदायिक | ४ जना | गर्भवती जाँच ओ.पी.डी. सेवा तथा विभिन्न खोपहरु |

*स्रोत : गोलबजार नगरपालिका, २०७४*

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्र यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्ति अनुसार यस नगरमा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रुपमा रहेको छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि लामो यात्रा गर्नुपर्ने सेवाको लागत, परम्परागत विश्वास, आदिका कारण स्वास्थ्य सेवा लिनेको संख्यामा कमी देखिन्छ।

नगरमा रहेको सामुदायिक अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ। दरबन्दी अनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरु उपलब्ध हुन सकेको छैन । अस्पतालमा हालसम्म अवस्ट्रेटीसियन (Obstetrician) वा अनेस्थेसिओलोजिस्ट (Anaesthesiologist) छैनन् र पर्याप्त मात्रामा औषधीको आपुर्ति हुदैन।

नगरका विभिन्न वडाहरुमा स्वास्थ्य चौकी रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ। दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

### ७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers)

सन् १९९० देखि तराईमा जम्मा ४०० जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वयंसेवीकाहरू छनौट गर्ने प्रावधान अनुसार नगरमा १९५ जना कार्यरत रहेका छन् । नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति अनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्।

### ७.३.२ गाउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक नगरपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। नगरका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ। यी स्थानहरुमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गरिएको देखिन्छ । यद्यपी तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक

बृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू स्वास्थ्य चौकीको तहमा मात्र उपलब्ध गराइन्छ। नगरमा नियमित खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

### ७.३.३ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एचआईभीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका समेत यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिना सम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एच.आइ.भी.संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एच.आइ.भी. संक्रमण भेटिएको छ। भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एच.आइ.भी.को प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार सिराहा जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ।

### ७.३.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलत: आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानुनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू १५ देखि १९ वर्ष उमेरमा गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)।

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

### ७.३.५ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन् । तसर्थ यिनीहरु स्वस्थ र निरोगी हुनु आवश्यक छ । शिशु र बाल्य अवस्थामा उनीहरुलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ । बालबालिकाहरुको लागि पाँचओटै खोपहरु नियमित पुरा मात्रमा दिनु पर्दछ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

### ७.३.६ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाई विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलबियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ । कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

### ७.३.७ शिशु तथा ५ वर्ष मुनिको बाल मृत्युदर

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ अनुसार शिशुमृत्यदर सन् १९९६ मा ७९ प्रतिहजार थियो भने सन् २००१ मा क्रमशः घट्दै ६४ प्रतिहजारमा पुगेको छ। सन् २००६ को उक्त सर्वेक्षणअनुसार ४८ प्रतिहजार पुगेको थियो। त्यस्तै सन् २०११ को सर्वेमा शिशु मृत्युदर ४६ प्रतिहजारमा झरेता पनि अघिल्लो सर्वेसँग तुलना गर्दा झिनो मात्रै अन्तर देखिएको छ।

### ७.३.८ बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालबृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान ( २०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ । यस नगरपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन् । स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन् । कार्यक्रम सञ्चालनको सहयोगका लागि गाउँ गाउँमा स्वास्थ्य सञ्जाल विस्तार भएको छ ।

## ७.४ खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी नगरको खेल अनुशासन र खेलकुद विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस नगरमा खेलकुदको विकास भएको पाइन्छ। यसको लागि नगरले विभिन्न खुला स्थानहरू छोडेको छ। तर ती स्थानहरूमा खेलकुदको लागि केही मात्र पूर्वाधार तयार भएको देखिन्छ। जिल्ला विकास समिति तथा गाविस र नगरपालिकाहरूले पनि आ-आफ्ना कार्यक्षेत्र भित्र गतिशिल रहने गरी जिल्ला, नगर गाँउ खेलकुद विकास समितिहरू गठन गरेका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा विभिन्न खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वस्थ शारिरीक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्युन लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरुमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, ब्याडमिन्टन जस्ता केही खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ ।

यस नगरपालिकामा मनोरञ्जनको लागी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद मैदानहरु भएको पाईदैन । खुल्ला जमिन, चौर, फुटबल मैदानमा यहाँका मानिसहरुले मनोरञ्जन लिने गरे पनि व्यवस्थित मैदान नभएको पाइन्छ । मनोरञ्जनको लागी नगरपालिकामा विभिन्न किसिमको सिनेमा हल, पार्क आदि नभएतापनि यस नगरपालिकामा खुल्ला चौर, खेल मैदान र पार्कहरु रहेका छन् । यहाँका किसानहरु धेरै समय आफ्नो खेत बारीमा विताउने गर्दछन् भने फुर्सदको समयमा उनिहरु त्यहाँको स्थानिय प्राकृतिमा रमाउने र आफ्नो पहुँचमा रहको मनोरञ्जनका क्रियाकलापहरु गर्ने गरेको पाइन्छ ।

तालिका नं. ५८ : खेलकुद मैदानको विवरण

| क्र.सं. | खेल मैदानको किसिम/खुला स्थान (नीजि वा सार्वजनिक) | अनुमानित क्षेत्रफल (रोपनी वा हेक्टर) | स्थान, वडा | उपयोगको अवश्था र सञ्चालक |
|---|---|---|---|---|
| १ | खुला | १ हेक्टर | मुक्सार गगन खोला किनार | फुटबल खेलिरहेको |
| २ | सार्वजनिक | १० कट्ठा | श्री ज.प्रा.वि. चारघरे | फुटबल खेलिरहेको |
| ३ | फुटबल खेलमैदान | १० कट्ठा | गो.न.पा.२ टोडके | फुटबल खेलिरहेको |
| ४ | फुटबल खेलमैदान | १ रोपनी | गो.न.पा.२ गरुधाम | फुटबल खेलिरहेको |
| ५ | खुला स्थान, सार्वजनिक | १३ कट्ठा | गो.न.पा.३ जम्दह | खेलाडीहरु फुटबल खेलिरहेको छ । |
| ६ | ज.उ.मा.वि.,गोलबजारको सामुदायिक | १ रोपनी | गो.न.पा.४ | उपयोगमा रहेको ज.उ.मा.वि.संचालक |
| ७ | खुल्ला | २ रोपनी | गो.न.पा.५,गायन खोला | उपयोगमा रहेको |
| ८ | मैनाबति मैदान | २ रोपनी | गो.न.पा.११ | युवाहरु समूहहरुबाट सञ्चालनमा रहेको |
| ९ | प्रा.वि खेल मैदान | १ कट्ठा | गो.न.पा.१२ | विद्यालयको सञ्चालनमा |
| १० | प्रा.वि खेल मैदान | ३ कट्ठा | गो.न.पा.१२ | विद्यालयको सञ्चालनमा |
| ११ | सार्वजनिक मा.वि. | १ रोपनी | गो.न.पा.१२ | विद्यालयको सञ्चालनमा |

*स्रोत : गोलबजार नगरपालिकाको कार्यालय, २०७४*

## ७.५ नागरिक सुरक्षा सेवा

### ७.५.१ सामाजिक सुरक्षा

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०६९ बमोजिम समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा, दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाति, अशक्त अपाङ्गता भएका नागरिकहरु एवंम दलित बालबालिकाहरुले सामाजिक सुरक्षा भत्ता वृत्ति अनुदान प्राप्त गर्ने व्यवस्था गरेको छ । यसै अनुरुप गोलबजार नगरपालिकाको सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विस्तृत विवरण तल तालिकामा दिईएको छ ।

तालिका नं. ५९ : नगरपालिकामा वितरण भएको समाजिक सुरक्षा सम्बन्धी विवरण

| गोलबजार नगरपालिका | जेष्ठ नागरिक (दलित) | | | जेष्ठ नागरिक (अन्य) | | | एकल महिला | विधुवा महिला | पुर्ण अशक्त अपाङ्ग भएको व्यक्ति | | | आंशिक अशक्त अपाङ्ग भएको व्यक्ति | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| | २१८ | २६६ | ४८४ | २७७ | ४७८ | ७५५ | ७ | १२३७ | १३ | १० | २३ | १३ | २३ | ३६ |

*स्रोत:गोलबजार नगरपालिकाको कार्यालय,२०७४*

### ७.५.२ बृद्धबृद्धाहरूको अवस्था

जनगणना २०६८ को नतिजा अनुसार यस गोलबजार नगरपालिकामा ७० वर्ष उमेर नाघेका २.४४ प्रतिशत (११७१ जना) बृद्धबृद्धाहरू रहेका छन्। शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ। पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई कमजोर बनाउँदै छ। राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाई दिइने भनिएको बृद्ध भत्ता समेत सबैले पाउन सकेका छैनन्। यस नगरमा अर्ध बृद्धावस्थाकै हाराहारिमा रहेको ६०-६४ वर्षको २.८९ प्रतिशत (१,५०७ जना), ६५-६९ वर्षका १.८८ प्रतिशत (९८२ जना) र र थप बृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम ल्याएको छैन। यस स्थितिलाई कसरी सहज बनाउने र नगरपालिकामा जिवित यी जेष्ठ नागरिकहरूको अमुल्य अनुभवबाट नयाँ पिढीले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ।

## ७.६ महिला तथा बालबालिका

### ७.६.१ महिला सम्बन्धी विवरण

कुल जनसङ्ख्याको आधा हिस्सा भन्दा बढी ओगटेका महिलाहरु अझै पनि देश विकासको मुल प्रवाहमा उल्लेखनीयरुपमा आउन सकेका छैनन् । महिला सहभागिता, सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरु पछिल्लो समयमा हुँदै आए पनि समान सहभागिता र लैङ्गिक समता भने कायम हुन सकेको देखिँदैन । यसको कारण समाजमा व्याप्त असमान शक्ति सम्बन्घ, पितृसत्तात्मक सोच तथा समाजिक संरचना आदी रहेका छन् जसको फलस्वरुप महिलाहरु आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, शैक्षिकरुपमा अझै पनि तुलनात्मकरुपमा पछाडी परेको देखिन्छ ।

विकासमा महिलाहरुको समानुपातिक र सक्रिय सहभागिता सुनिश्चत गर्न उनीहरुको आर्थिक र समाजिक जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ अभियानका रुपमा आ.व.२०३८/०३९ देखि ५ जिल्लाबाट सुरु भएको महिला विकास कार्यक्रम हाल नेपालको ७५ जिल्लामा विस्तार भएको छ । महिला विकास कार्यक्रम महिला विकास

र सशक्तिकरणको लागि एउटा महत्वपुर्ण प्रयास हो। ग्रामीण विपन्न महिलाहरुलाई समूह, समिति, संस्थामा संगठित गराई जनचेतना अभिवृद्धि, क्षमता विकास गरी समाजिक तथा आर्थिकरुपमा सशक्त बनाउन,सामाजिक विभेद र लैङ्गिक हिंसा विरुद्ध जागरुकता बढाउन यस कार्यक्रमले प्रमुख भुमिका निर्वाह गर्दै आईरहेको छ।

नेपाल सरकार तथा विभिन्न निकायहरुले महिला विकास तथा उत्थानको लागि कार्यक्रम अघि बढि रहेता पनि परिवर्तन र सुधारको बाबजुत समाजिक संरचनामा अझै पनि समान अवश्था देख्न सकिएको छैन। यसलाई कम गर्न सरकार तथा नागरिक मञ्च सबैको भुमिका अपरिहार्य रहन्छ। गोलबजार नगरपालिकामा महिला विकास तथा जन जागरण गर्ने उद्देश्य बोकेका २ गैरसरकारी संस्था रहेका छन्। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

| वडा नं. | क्र.सं. | संस्थाको नाम ठेगाना | स्थापना वर्ष | उद्देश्य | विषयगत क्षेत्र | कार्यक्षेत्र | कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|
| ४ | १ | महिला उद्धार सेवा संस्था | २०५३ | महिला उत्थान महिला सशक्तिकरण | सामाजिक उत्थान | सिराह जिल्ला भरी | ४ |
| ६ | २ | महिला विकास शिल्प कला केन्द्र | | सामाजिक विकास महिला विकास | महिला उत्थान र समाजिक विकास | सिराह जिल्ला भरी | ३ |

*स्रोत: गोलबजार नगरपालिका कार्यालय, २०७४*

यद्यपि गर्भवती महिलाहरुको नि:शुल्क वा न्यूनतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्न तथा महिलाहरुमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ। जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगि जस्ता कार्यक्रम ल्याई महिलाहरुका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रुपमा सबल बनाउनु पर्ने देखिन्छ। आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै नगर विकासमा महिलाहरुको समान सहभागिता गराउन अझैपनि थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ। सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ। महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरुमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरु सञ्चालन गरि समावेशी अवधारणा अनुरुप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ।

### ७.६.२ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानुनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हल्का र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरु बालश्रमिकका रुपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनु देखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रममा नेपाली बालबालिकाको एक दु:खद यथार्थ हो।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपालले राज्य पक्षका रुपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्युनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रमसम्बनधी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

गोलबजार नगरपालिकालाई बालमैत्री नगरको रुपमा विकसित गर्नका लागि सबै वडाहरुमा वडा बालक्लब गठन गरी बालमैत्री स्थानीय शासन पूर्ण रुपमा लागु गर्ने उद्देश्यले बालबालिका लक्षित कार्यक्रममा तोकिएको १० प्रतिशत बजेट बढाएर १५ प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ। नगर क्षेत्रमा निकृष्ठ प्रकारको बाल श्रमको अन्त्य गर्न बालश्रम नराखेको कबुल गर्नेलाई मात्र नगरपालिकाबाट सेवा प्रवाह गर्नुपर्ने व्यवस्था मिलाउने प्रावधान राख्नुका साथै १ वर्ष मुनिका बालबालिकाहरुलाई नियमित खोपको सुनिश्चित गरी पूर्ण खोपयुक्त नगरको रुपमा पनि अगाडी बढाउने उद्देश्य राखिएको छ।

### ७.६.३ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरु क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यमा बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरुमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समूहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्त गर्नका लागि विभिन्न स्तरका नीति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ।

व्यक्तिगत रुपमा नगरमा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेका छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालाय भर्ना अभियान, (३) बालश्रम न्युनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्। यस गोलबजार नगरपालिकामा ८६ बालक्लव रहेका छन् जसको विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ६० : नगरपालिकामा रहेका बालक्लवको विवरण

| क्र.सं. | वर्ष | वडा नं. | बालक्लव संख्या |
|---|---|---|---|
| १ | २०७४ | गोलबजार न.पा १ | ५ |
| २ | | गोलबजार न.पा २ | ७ |
| ३ | | गोलबजार न.पा ३ | १६ |
| ४ | | गोलबजार न.पा ४ | ५ |
| ५ | | गोलबजार न.पा ५ | ४ |
| ६ | | गोलबजार न.पा ६ | ५ |
| ७ | | गोलबजार न.पा ७ | ७ |
| ८ | | गोलबजार न.पा ८ | ५ |
| ९ | | गोलबजार न.पा ९ | ७ |
| १० | | गोलबजार न.पा १० | ५ |
| ११ | | गोलबजार न.पा ११ | १ |
| १२ | | गोलबजार न.पा १२ | १० |
| १३ | | गोलबजार न.पा १३ | ९ |
| जम्मा | | | ८६ |

*स्रोत : गोलबजार नगरपालिकाको कार्यालय , २०७४*

## ७.७ अपाङ्गताको विवरण

राष्ट्रिय जनगणना २०६८ अनुसार गोलबजार नगरपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या १.२६ प्रतिशत (६५९ जना) रहेको छ। जसमा शरिरीक अपाङ्गता भएका २१७ (३२.९३ प्रतिशत), श्रवण /दृष्टिविहीन सम्बन्धी अपाङ्गता भएका ५ (०.७६ प्रतिशत), श्रवण सम्बन्धी अपाङ्गता १२० (१८.२१ प्रतिशत ) स्वर बोलाई सम्बन्धी समस्या भएका ७६ जना (११.५३ प्रतिशत) देखिन्छन् भने दृष्टि सम्बन्धी अपाङ्गता भएका


१४० जना (२१.२४ प्रतिशत) र बौद्धिक अपाङ्गता भएका ११ जना (१.६७ प्रतिशत) रहेको देखिन्छ। साथै मानसिक अपाङ्गता ४९ जना (७.४४ प्रतिशत) र बहु अपाङ्गता ४१ (६.२२ प्रतिशत) रहेका छन्। खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने सम्सयाका कारण उत्पन्न Trachoma रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ।

नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ। २०६८ सालको जनगणना अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत रहेको छ। सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्युन दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ। नगरपालिकाको अपाङ्गता सम्बन्धी विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ६१ : अपाङ्गताको विवरण**

| लिङ्ग | शारिरीक अपाङ्गता | दृष्टी सम्बन्धी अपाङ्गता | श्रवण सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहीन अपाङ्गता | स्वरबोलाई सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १२८ | ६४ | ६६ | ४ | ३९ | २८ | ४ | २४ | ३५७ |
| महिला | ८९ | ७६ | ५४ | १ | ३७ | २१ | ७ | १७ | ३०२ |
| जम्मा | २१७ | १४० | १२० | ५ | ७६ | ४९ | ११ | ४१ | ६५९ |
| प्रतिशत | ३२.९३ | २१.२४ | १८.२१ | ०.७६ | ११.५३ | ७.४४ | १.६७ | ६.२२ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*




## ७.८ खानेपानी तथा सरसफाई

नगरपालिका स्वच्छ र सफा हुनुपर्छ । खानेपानी स्वच्छ जीवनको प्रमुख आधार हो । खानेपानी सुरक्षित नहँदा विभिन्न दुषित तथा असुरक्षित पानी बाट लाग्ने रोगको जोखिम हुन्छ । खानेपानी सुरक्षित राख्न त्यस ठाउँको वातावरण पनि सफा र स्वच्छ रहनु पर्दछ । खानेपानीमा प्रयोग गरिएको स्रोतको आधारमा नगर तथा गाउँपालिकाको स्वास्थ्य स्थिति निर्धारण गर्न सकिन्छ । सुरक्षित खानेपानीको प्रयोगबाट विभिन्न रोगको जोखिम न्युनीकरण गर्न सकिन्छ । गोलबजार नगरपालिकाको खानेपानीको स्थिति बुझ्न तल नगरबासीहरुले खानेपानीमा प्रयोग गरेको स्रोतको विवरण देखाईएको छ ।


### ७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण

तालिका नं. ६२ : परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत

| धारा/पाइप | ट्युबवेल/हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/कुवा | मूल धारा | नदी/खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| ३४६ | ६०४५ | १३० | ३०६५ | ८ | १५३ | ३०१ | ६२ | १०,११० |
| ३.४२ | ५९.७९ | १.२९ | ३०.३२ | ०.०८ | १.५१ | २.९८ | ०.६१ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

गोलबजार नगरपालिकाको खानेपानीको प्रमुख स्रोत भूमिगत जलस्रोत भएकोले नगरका परिवारहरुले सबैभन्दा बढी ट्युवेल/हाते पम्प को पानी प्रयोग गरेको पाइएको छ जुन स्वास्थ्यको दृष्टिकोणमा त्यति सुरक्षित मानिदैन। नगरमा ट्युवेल/हाते पम्पको प्रयोग गर्नेको संख्या ६,०४५ (५९.७९ प्रतिशत) सबैभन्दा बढी रहेको छ भने दोस्रोमा खुला इनार तथा कुवाको पानी प्रयोग गर्ने घरधुरी संख्या ३,०६५ (३०.३२ प्रतिशत) रहेको देखिन्छ। तेस्रोमा धारा तथा पाइपको पानी प्रयोग गर्ने घरधुरी संख्या ३४६ (३.४२ प्रतिशत), ढाकिएको इनार तथा कुवाको पानी प्रयोग गर्ने घरधुरी १३० (१.२९ प्रतिशत) रहेको छ र नदी तथा खोलाको पानी प्रयोग गर्ने घरधुरी संख्या १५३ ( १.५१ प्रतिशत) रहेको देखिन्छ। यसरी नगरमा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ साथै तल स्तम्भमा प्रस्तुत गरिएको छ।




माथिको तालिका र स्तम्भ अध्ययन गर्दा नगरपालिकामा खानेपानीको आपुर्ति सुरक्षित बनाउन पहल गर्नु पर्ने देखिन्छ।

## ७.८.२ खानेपानीको विवरण

तालिका नं. ६३ : खानेपानीको विवरण

| वडा नं. | धारा/ पाइप | ट्युबवेल/ हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार /कुवा | मूल धारा | नदी/ खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १९ | ८२ | ० | ५८२ | १ | १५ | ० | ४ | ७०३ |
| २ | ६ | १६४ | ८९ | ५०० | ० | ० | ० | ३ | ७६२ |
| ३ | २५ | २८९ | १४ | ६९५ | २ | ८५ | १ | ७ | १,११८ |
| ४ | १७१ | ६३९ | ० | ० | ० | ० | ११ | २ | ८२३ |
| ५ | २ | ३९१ | २ | ९ | ० | ० | १०५ | ० | ५०९ |
| ६ | ९ | ७७७ | ७ | २२३ | ० | ० | १५६ | ६ | १,१७८ |
| ७ | २९ | २२८ | ७ | ३२६ | १ | ० | १ | १० | ६०२ |
| ८ | ६४ | ३९५ | २ | २४ | ० | ० | ० | ६ | ४९१ |
| ९ | ३ | २४९ | १ | २५७ | १ | ० | ० | २ | ५१३ |
| १० | १० | ९२ | ८ | ४४२ | ३ | ५३ | १ | १ | ६१० |
| ११ | ४ | ९१३ | ० | ४ | ० | ० | २ | ७ | ९३० |
| १२ | २ | ९५७ | ० | १ | ० | ० | २४ | ८ | ९९२ |
| १३ | २ | ८६९ | ० | २ | ० | ० | ० | ६ | ८७९ |
| **जम्मा** | ३४६ | ६,०४५ | १३० | ३,०६५ | ८ | १५३ | ३०१ | ६२ | १०,११० |
| **प्रतिशत** | ३.४२ | ५९.७९ | १.२९ | ३०.३२ | ०.०८ | १.५१ | २.९८ | ०.६१ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार यस नगरका विभिन्न वडाहरूका घरधुरीहरुले प्रयोग गर्ने खानेपानीको विभिन्न श्रोतको विवरण तालिकामा देखाइएको छ। समग्रमा यस नगरपालिकामा ट्युवेल/हाते पम्प प्रयोग भएको छ तर वडागत रुपमा तुलनात्मक अध्ययन गर्दा खानेपानीको मुख्य स्रोतको रुपमा अन्य वडा को तुलनामा वडा नं. ४ मा धारा तथा पाइपको पानी प्रयोग गरेको देखिन्छ भने वडा नं. १ र २ मा सबै भन्दा बढी खुला इनार तथा कुवाको पानी प्रयोग गर्ने घरधुरी संख्या बढी रहेको पाइन्छ । जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ ।


## ७.८.३ शौचालयको विवरण

तालिका नं. ६४ : शौचालयको प्रकार

| | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टि ट्याङ्की) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| **जम्मा** | २४३ | १२६८ | १११५ | ७४१९ | ६५ | १०,११० |
| **प्रतिशत** | २.४० | १२.५४ | ११.०३ | ७३.३८ | ०.६४ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा गोलबजार नगरपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ। नगरमा सबैभन्दा धेरै घरपरिवार शौचालयविहिन रहेको देखिन्छ। कुल घरपरिवारको आधाभन्दा बढी अर्थात् ७,४१९ (७३.३८ प्रतिशत) घरपरिवारमा शौचालय नै नभएको देखिन्छ । यसैगरी शौचालय प्रयोग गर्ने घरपरिवारमा पनि सबैभन्दा बढी फ्लस भएको (सेप्टि ट्याङ्की) शौचालय प्रयोग गरेको पाइन्छ। फ्लस भएको (सेप्टि ट्याङ्की) शौचालय प्रयोग गर्ने घरपरिवारको संख्या १,२६८ (१२.५४ प्रतिशत), साधारण शौचालय प्रयोग गर्ने घरपरिवार संख्या १,११५ (११.०३ प्रतिशत) र फ्लस भएको (सार्वजनिक ढल) शौचालय प्रयोग गर्ने परिवारको संख्या २४३ (२.४० प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




### ७.८.४ वडागत शौचालयको संख्याको विवरण

तालिका नं. ६५ : वडागत शौचालय संख्याको विवरण

| वडा नं. | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टि ट्याङ्क) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | १५ | ५ | ६७६ | ५ | ७०३ |
| २ | ७२ | २४ | १६४ | ४९७ | ५ | ७६२ |
| ३ | ११ | ९५ | ८२ | ९२३ | ७ | १,११८ |
| ४ | २ | २९० | १५८ | ३७१ | २ | ८२३ |
| ५ | ५ | ३८ | ३१ | ४३५ | ० | ५०९ |
| ६ | ९ | ४५६ | ३५५ | ३५२ | ६ | १,१७८ |
| ७ | ४० | ७१ | ८१ | ४०० | १० | ६०२ |
| ८ | ५४ | १२ | ९६ | ३२३ | ६ | ४९१ |
| ९ | ३३ | १९ | २० | ४३९ | २ | ५१३ |
| १० | ४ | १० | १५ | ५८० | १ | ६१० |
| ११ | २ | १३५ | ४४ | ७४२ | ७ | ९३० |
| १२ | ९ | ५६ | ५० | ८६९ | ८ | ९९२ |
| १३ | ० | ४७ | १४ | ८१२ | ६ | ८७९ |
| जम्मा | २४३ | १,२६८ | १,११५ | ७,४१९ | ६५ | १०,११० |
| प्रतिशत | २.४० | १२.५४ | ११.०३ | ७३.३८ | ०.६४ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार नगरका प्रत्येक वडाका प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा सबैभन्दा बढी वडा नं. ४ मा कुल घरधुरी ८२३ रहेकोमा ४५० (८.०१ प्रतिशत) घरधुरीमा शौचालय रहेको छ यस मध्ये २९० घरधुरीले फ्लस भएको (सेप्टिक ट्याङ्क) शौचालयको प्रयोग गरेको देखिन्छ भने सबैभन्दा कम वडा नं. १ मा कुल घरधुरी ७०३ रहेकोमा २२ (३.१३ प्रतिशत) घरधुरीमा शौचालय रहेको छ यस मध्ये १५ घरधुरीले फ्लस भएको (सेप्टिक ट्याङ्क) शैचालयको प्रयोग गरेको देखिन्छ। गोलबजार नगरपालिकामा कुल २६२६ (२५.९७ प्रतिशत) घरधुरीमा शैचालय रहेको छ भने ७३.३८ प्रतिशत घरपरिवार शौचालयविहिन रहेका छन् र ०.६४ प्रतिशतले उल्लेख नगरेको देखिन्छ। शैचालयको प्रयोगमा सबैभन्दा बढी फ्लस भएको (सेप्टिक ट्याङ्क) शौचालय प्रयोग गर्ने घरपरिवारको संख्या नै बढी रहेको देखिन्छ। जसको विस्तृत माथिको विवरण तालिकामा उल्लेख गरिएको छ।




*नोट: पछिल्लो राष्ट्रिय जनगणना २०६८, अनुसार गोलबजार नगरपालिमामा अधिकांश घरहरुमा शौचालयको प्रयोग नभएको देखिएता पनि पछिल्लो समयमा विभिन्न संघ संस्था, नेपाल सरकार को साथै नागरिक समाजको सक्रिय पहलमा सञ्चालन भएका "एक घर एक चर्पी कार्यक्रम", "खुला दिशा मुक्त क्षेत्र कार्यक्रम" लगायत जनचेतनामुलक कार्यमक्रहरुले नगरपालिकामा शौचालयको प्रयोग बढ्दै गएको छ।*

## ७.९ खुला दिशा मुक्त क्षेत्र

देशका कतिपय भागहरुमा सामुदायिक स्वास्थ्यका हिसाबले हानिकारक खुला रुपमा दिसाब पिसाब गर्ने प्रवृति रहेको छ। यो मानव सभ्यता र व्यक्तिगत स्वास्थ्यका दृष्टिले समेत अवाञ्चित कार्य हो। तर हालका वर्षहरुमा सञ्चार माध्यमहरु क्षेत्रको सकारात्मक भुमिका, शिक्षाको विकास र विस्तारले आम जनसमुदायलाई खुला दिशा मुक्त क्षेत्र घोषणा गर्ने कार्य भईरहेको छ। यसै अभियान अन्तरर्गत यस गोलबजार नगरपालिका पुर्ण दिशा मुक्त क्षेत्र घोषणा गरिएकाले जनस्वास्थ्यको दृष्टिकोणले सकारात्मक सुधार निश्चित छ।

## ७.१० फोहोर मैला व्यवस्थापन

नगरपालिकालाई सधैँ सफा राखि वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्दै आएको क्रममा वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद व्यवस्थापन समितिको अगुवाई र सहकार्यमा टोल तथा वडास्तरमा सरसफाई हुने गरेको पाइन्छ। फोहोरमैला व्यवस्थापनका लागि थप उपकरणहरुको व्यवस्थापन गर्न अझैं लाग्नु पर्ने देखिन्छ। यसबाट

आम नगरपालिकाबासीहरुमा व्यापक रुपमा सरसफाई जागरणको लहर फैलिएको छ । हाल नगरपालिकामा उत्पादित फोहोर आफै व्यवस्थापन गर्ने, खोल्सा खोल्सीमा खाल्टा बनाइ पुर्ने गरेको देखिन्छ । हाल यस नगरपालिकामा देखिएका समस्याहरु देहाय बमोजिम रहेको छ :

- ✓ फोहोर व्यवस्थापनका नाममा फोहोरहरु खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रबृति यत्रतत्र देखिन्छ । यसरी फालिएको फोहोर बर्षातका समयमा पानीले बगाएर खोला खोल्सा तथा नदीका तल्लो भाग सम्म पुर्‍याएर प्रदुषणलाई बिस्तारित गर्दछ ।
- ✓ जमीनका होचाभाग पानीका स्रोत पनि हुने भएका र तिनै पानी सतहमा देखिने एवं जमीनको भित्रपनि छिरेर जानेहुँदा होचा भागमा फालिएको फोहोरले सतहको पानी तथा जमीन भित्रको पानी समेतलाई प्रदुषित गर्दछ ।
- ✓ फोहोरमैला व्यवस्थापन गर्न निम्न कुरामा ध्यान दिनुपर्ने देखिन्छ ।
- ✓ भान्छाकोठाबाट निस्केको फोहोरलाई कुहिने र नकुहिने गरी छुट्याउने ।
- ✓ कुहिनेलाई मलमा प्रयोग गर्न तालिम तथा हरेक घरधनीलाई उत्प्रेरित गर्ने कार्यक्रम नगरपालिकाले गर्ने ।
- ✓ नकुहिने फोहोरलाई पून: बिभिन्न तहमा छुट्याउने जस्तै काठ, प्लाष्टीक, धातु, सीसा । यी फोहोरलाई आवश्यकताअनुसार पहिचान गरिसकेकपछि पून प्रयोगमा आउनेलाई सम्बन्धित सेवा व्यवस्थापन तर्फ जोड दिने । यस नगरपालिका क्षेत्रका खुला स्थान जहाँ पानीको स्रोत छैन त्यहाँ बैज्ञानिक तवरबाट छनौट गर्न व्यवस्था गर्ने

# खण्ड ८ : वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पती

प्रदेश नं २ को सिराहा जिल्ला अर्थात् भित्री मधेसमा रहेको यस नगरपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणल सम्पन्न जिल्लाको श्रेणीमा पर्दछ । यस नगरपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा साल, सिसौ, कदम, खयर, साज, हर्रो, बर्रो, कोटमेरो, आँप, जामुनो, कटुस, सिमल, घोकर टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैँदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, सिरीस, तारी, कुसुम, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, सतिसाल, कुम्भी, नेवारो, अशोक, सपेटा आदि पाइन्छन् । यसै गरी घस्रने जन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कन्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन्।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

गोलबजार नगरपालिकामा पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्युनीकरण गर्न नितान्त आवश्यक छ। वातावरणीय असन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस नगरपालिकामा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावारको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जीवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस नगरपालिकामा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ। यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले

मागेको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावारको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागि भइरहेका छन्।

यस नगरपालिकामा उष्ण प्रदेशीय जलवायु भएको कारण यस क्षेत्रमा साल, सिसौं, अमला, हर्रो, बर्रो, खयर, सिमल, विजयसाल, राजवृक्ष, आदि जातका विरुवाहरू पाइन्छन् । जसमध्ये काँसीअमला, हर्रो, बर्रो, बोहरी, फडिर, खमारी, असारे, साज, सादन, कुम्भी, कुसुम आदि क्रमश: लोप हुदै जाने अवस्थामा रहेका छन्। गैर काष्ठ पैदावारको रुपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेझार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन,सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि जस्ता वन पैदावारहरूको उपलब्धता पनि रहेको छ। यी मध्ये हाडजोर, गुजरगाँनो, खिर्रो, हर्रो, बर्रो, पिप्ला, भोगटे, पानी अमला, अर्चल, लहरो, क्यामुना आदि लोपोन्मुख अवस्थामा रहेका छन् ।

यस नगरपालिका क्षेत्रमा रहेका वनजंगलहरुले चितुवा, चित्तल, हरिण, दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, मृग, हात्ती, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, खरायो, मलसाप्रो, ढेडु आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ। नगरपालिकामा रहेका वनक्षेत्र तथा विभिन्न खोलानालाहरुले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषत: कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कर्‍याङकुरुङ, भद्राई, सारस तथा विभिन्न घिस्रने जन्तुहरू गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ। यद्यपी वनजंगल अतिक्रमणका कारण प्रकृती प्रदत्त यी जैविक र वनस्पतिय अमुल्य वन सम्पदाहरूको विस्थापन र विनाशको क्रम तिव्ररुपले बढ्दै गइरहेको छ। वर्षेनी वन क्षेत्र फडानी भई चुरे भावर क्षेत्र नाङ्गा डाँडामा परिणत हुँदै जानु र अन्य वन क्षेत्र कृषियोग्य भुभागमा परिणत हुनु तथा वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रुपमा देखिएको छ।

नगरपालिकाको हावापनीले जीवजन्तु र वनस्पतीहरूलाई संरक्षित गर्न सकिने खालका वासस्थान उपलब्ध गराइएको भएतापनि जनसंख्या र बसाईसराइको अत्यधिक चाप र भूमिको उर्वरापनका कारण यहाँको वनक्षेत्र

अतिक्रमण र वन फडाँनीको चपेटामा पर्न गएको छ। जैविक विविधता अन्तर्गत पर्ने स्थानीय कला संस्कृतिहरूको विविधतालाई जगेर्ना गर्दै धार्मिक, ऐतिहासिक, सांस्कृतिक र पर्यटकिय दृष्टिकोणले महत्वपुर्ण ठानिएका विभिन्न स्थानहरु लगायतका क्षेत्रहरुको समेत संरक्षण गर्नुपर्ने देखिन्छ।

## ८.३ लघु वन पैदावार

नगरपालिकाको वन क्षेत्रमा विभिन्न प्रकारका जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावारहरू पाइन्छन्। यस नगरपालिकामा मुख्य रुपमा पाइने गैह्रकाष्ठ वन पैदावारहरुमा निम, तेजपात, बोझ्रो, पिपला, झ्याउ, च्याऊ, दतिवन, अमला, हर्रो, बर्रो, बाँस, सबइ घाँस, असुरो, राजवृक्ष, बेल, सिन्दुरे, कुकुरडाइनो, भ्याकुर, थाकल, गायो, बेथे, लहरे साग, सिमसाग, गडपुरैना, लुँडे, जामुन, बयर, भोर्लाको पात र बोक्रा सालको पात, गुँद र बीउ, तेँदुपात, कालो मुस्ली, वेत, सिकाकाइ, सतावरी, चानमडुवा, रुदिलो, तितेपाती, चावो, गुर्जो, आँक, वलुझार, घोडताप्रे, खिर्रो, हाडजोर, धसुरे, भोगटे, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझ्रो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, पानी अमला, मथेझार, बर, पिपल, अम्बा, क्यामुन, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि मुख्य हुन्।

## ८.४ नगरपालिकामा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

गोलबजार नगरपालिकामा प्रकारका स्तनधारी वन्यजन्तुहरु पाइन्छन् । यस नगरपालिकामा पाइने प्रमुख वन्यजन्तुहरुमा चितुवा, चित्तल, दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, बादर, बनमुसा, स्याल, बन बिरालो, रतुवा, खरायो, मलसाप्रो, ढेडु आदि छन।

### (ख) चराचुरुङ्गी

यस नगरपालिकामा पाईने चराचुरुङ्गीहरुमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, चखेवा, पिरौटा, भुँडिफोर, चिवे, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, लामपुच्छ्रे, राजक छेग्रा, सारस आदि प्रमुख छन्।

### (ग) घस्रने जिवजन्तुहरू

यस नगरपालिकामा पाइने घस्रने जिवजन्तुहरूमा कछुवा, अजिँगर, भित्ती, गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, वैरिकरेट, हरेउ, ढोडिया, सुनगोहोरो, अनेक प्रकारका सर्प तथा छेपारो, भातेमहुरा, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि प्रमुख छन्।

### (घ) जलचर तथा उभयचर जीवहरु

यस नगरपालिकामा सेधरी, डिंरा, चरंगी, रावा, डरही, कूरसा, रोहहू, सौरी, सिंगी, मंगूरा, मैलवा, डोंगी, खेसटी, टेंग्रा, वामे, वक्काइन, ढोरी, हराट, परनी जातका माछाहरु, डल्फीन, ठोटेरा, गँगटा, भ्यागुता, विभिन्न प्रजातीका जलचयर र उभयचर जीवहरु पाईन्छ।

### (ङ) कीरा फट्याङ्ग्राहरु

नगरपालिकामा पाईने कीरा फट्याङ्ग्प्रहरुमा मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, भुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्यूँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे आदि हुन् ।

### (च) फूलका प्रजातिहरु

यस गोलबजार नगरपालिकामा सयपत्री, गोदावरी, मखमली, बाह्रमासे, गुलाव, लालुपाते, घन्टीफूल, तिउर, बाबरी, भालेफूल, पारिजात, लाहुरे चुवा, पलास, मसुन्डा आदि फुलका प्रजातिहरु पाईन्छ।

## ८.५ वनजंगल

वन क्षेत्र तराईको समथल भू-भागदेखि चुरे पहाडसम्मको भौगोलिक विविधता भएको कारण यहाँ पाइने वनको किसिम र प्रजातिमा पनि विविधता पाईन्छ । उष्ण प्रदेशीय भएको यस नगरपालिकाको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ। हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस नगरपालिकामा विभिन्न किसिमका वनहरु जस्तै सालको वन, तराई हार्डउड, खयर, सिसौ अर्थात मिश्रित वन र भाडी बुट्यान रहेका छन्।

### ८.५.१ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको निती अनुसार यस नगरपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरु नै हुन्छन्। यो कार्यक्रम शुरुमा लागू हुँदा यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरुमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभुत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरुको गरिवी निवारण, जीविकोपार्जन, जैविक विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेशीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ नयाँ सवालहरु समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ । जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन

कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरु संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ ।

विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदिका कारण र भैरहेको वन विनासले चुरेको अवस्था अत्यन्त संवेदनशील भएको छ। त्यसैले गर्दा चुरे क्षेत्रका बस्तीहरुमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ। एकातिर चुरेको भावर क्षेत्र नजिक बस्ने बासिन्दाहरूमा वन संरक्षणको प्रयास शुरु हुँदैछ भने अर्कोतर्फ वनक्षेत्रबाट टाढाका गाउँलेहरूको लागि सर्वसुलभ तरिकाबाट वन उपयोग व्यवस्थित हुन नसक्दा वनबाट काठदाउरा लुकिछिपी चोरी निकासी हुने क्रम पनि यथावत छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरुप चुरेको भावर क्षेत्र लगायत सघन अवस्थामा रहेका कतिपय वनक्षेत्रहरू पुन: प्राकृतिक अवस्थामा रुपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा र विश्व व्यापार संगठन (WTO) सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु र अनुशिक्षण दिनुपर्ने देखिन्छ। नगरपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावारको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससहरूलाई नगरपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

माथि उल्लेखित तथ्यहरूको आधारमा हालसम्म नगरपालिकाले काठ दाउराको विक्री वितरणबाट आय गरेको देखिएता पनि वनहरूको परम्परागत उत्पादनमा ह्रास र परम्परागत प्राकृतिक स्रोतको दोहनले गर्दा भावी दिनहरूमा सुख्खा, संकलनको स्थिति यही रहला भन्न सकिन्न। सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमश: बढ्दै जाने देखिन्छ। वनहरूबाट

काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा बृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

यस नगरपालिकामा रहेका सामुदायिक वनको व्यवस्थापन गरी वन क्षेत्रको जगेर्ना गर्न नगरमा ८ वटा वन उपभोक्ता समितिहरु रहेका छन्। जसको विस्तृत विवरण तल तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ६६ : नगरपालिकामा रहेको सामुदायिक वन उपभोक्ता समितिको विवरण

| वडा नं. | उपभोक्ता समितिको नाम | स्थापना साल | सदस्य संख्या | लाभान्वित घरधुरी | सामुदायिक वनको क्षेत्रफल (हे.) | मुख्य वनस्पति, जनावर र जडीबुटीहरु |
|---|---|---|---|---|---|---|
| १ | आकाश गंगा वन उपभोक्ता समिति | २०५२ | २७ | १५० | ३० | सिसौ , खयर |
| | रातमाटे वन उपभोक्ता समिति | २०५४ | २१ | २०० | ३१ | साल |
| | खारखोल वन उपभोक्ता समिति | २०५२ | २७ | २१० | २० | साल |
| | सल्हेश वन उपभोक्ता समिति | २०५६ | ३१ | ३०० | १७ | साल |
| २ | गगन खोला उपभोक्ता समिति | २०५० | ११ | १२० | ७५ | |
| | त्रिवेणी उपभोक्ता समिति | २०५२ | ११ | ६१ | २० | |
| ३ | लामीडाँडा वन उपभोक्ता समिति | | ११ | ३१५ | ३९९.८ | सखुवा, साल, खरायो, दुम्सी, स्याल, बाँदर, घोडगदाहा, निलगाई |
| ९ | सपना महिला बन उपभोक्ता समिति | | १३ | ११५ | ९ | सिसौ, गम्हाइर, निम, बकानुर, खैर, टिका, मसला आदी। |
| जम्मा | | | | | ६०१.८ | |

*स्रोत : गोलबजार नगरपालिकाको कार्यालय २०७४*

## ८.५.२ धार्मिक वन

धार्मिक संघ/संस्थाको वरिपरि रहेको वन जंगल क्षेत्रहरू धार्मिक क्षेत्रको महत्व र सौन्दर्य बढाउने उद्देश्यले त्यस्ता धार्मिक वनको रुपमा हस्तान्तरण गरिन्छ। नगरपालिकाको विभिन्न भागहरूमा रहेका धार्मिक स्थल धार्मिक वनको सम्भावना बोकेका क्षेत्रहरू भएतापनि त्यसको उचित संरक्षण र प्रर्वद्धन हुन नसकेको देखिन्छ।

### ८.५.३ सरकारद्वारा व्यवस्थित वन

नगरपालिकाको कुल वन क्षेत्र मध्ये नगरपालिकामा सामुदायिक वन र धार्मिक वनको रुपमा हस्तान्तरित बाहेक बाँकी रहेको वन क्षेत्र सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेको छ ।

### ८.५.४ निजी वन

वन ऐन २०४९ मा प्रचलित कानुन बमोजिम कुनै व्यक्तिको हक पुग्ने निजी जग्गामा लगाईएको हुर्काईएको वा संरक्षण गरिएको वनलाई  निजी वन भनी व्याख्या गरेको छ ।

सरकारी तथा सार्वजनिक स्वामित्व नभएको व्यक्तिले आफ्नो निजी भोगचलन गर्दै आएको आफ्नै जग्गामा बोटविरुवा लगाई सोको संरक्षण गरीएको क्षेत्र वा बोटविरुवाको समूहलाई निजी वन भनिन्छ । नेपाल एक कृषि प्रदान देश हो । पशुपालनमा कृषकहरुलाई घाँस स्याउला र दैनिक उपयोगको लागि काठ, दाउरा आदिको आवस्यकता परिपुर्ति गर्ने उद्देश्यको साथ आफ्नो जग्गामा बोटविरुवा, खेत बारीमा रुखहरु, पाखो पखेरामा वोटविरुवा लगाउने प्रचलन प्राचीन काल देखि नै रहि आएको छ । दैनिक जीवनको आवस्यकतामा पर्ने भएकाले वन टाढा भएको क्षेत्र तथा अन्य क्षेत्रमा आफुलाई सहज हुने निजी जग्गामा वोटविरुवा लगाउने गरेको देखिन्छ । प्राचीन समयमा मानिसहरुले आफ्नो आवस्यकता परिपुर्तिको लागि बोटविरुवा लगाउने प्रचलन चल्दै आएको थियो भने हाल यो प्रचलन निजी वनको अवधारणाको रुपमा व्यापक विकास भएको छ । राष्ट्रिय वन क्षेत्र माथि पर्ने वन पैदावारको चापलाई कम गर्न नेपाल सरकारले अवलम्बन गरेको नीति अन्तर्गत सामुदायिक वन सँगै निजी वन कार्यक्रम समेत यस नगरपालिकामा संचालन भएको देखिन्छ ।

**तालिका नं. ६७ : निजी वनको विवरण**

| क्र. सं. | आ.व. | दर्ता मिति | निजी वनको नाम | ठेगाना | क्षेत्रफल | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | विघा | कठ्ठा | धुर |
| १ | २०५३/०५४ | २०५३/०९/१७ | श्री मोहनी देवि कर्ण | चन्द्रउदयपुर १ | १ | १३ | १४ |
| २ | २०५३/०५४ | २०५३/०९/१७ | श्री तीर्थ नारायण लाल कर्ण | चन्द्रउदयपुर १ | ० | १० | २ |
| ३ | २०५५/०५६ | २०५६/०१/२० | श्री राम स्वार्थ सिह | असनपुर ६ | ० | १७ | १८ |
| ४ | २०७१/०७२ | २०७२/०३/०१ | श्री कप्लेश्वरी यादव | मुक्सार ७ | ० | ६ | ० |

*स्रोत : जिल्ला वन कार्यलय सिराहा, २०७२/०७३*

### ८.५.५ वन दशक कार्यक्रम

कृषि, उर्जा, पर्यटन, घरेलु तथा साना उद्योग, जैविक विविधता, जलस्रोत आदीको प्रमुख आधार हुनुको साथै प्राकृतिक जीवजन्तुको जीवनको अभिन्न हिस्सा हो । वन स्रोत एक नवीकरणीय स्रोत पनि हो । तर वन सम्वर्द्धन प्रणालीलाई कार्यान्वयन गरी दिगो व्यवस्थापन गर्न सकिएन भने यी सबै पक्ष जोखिममा पर्दछन् । अन्ततः मानव

जीवन नै संकटमा पर्न सक्छ। यसलाई उचित व्यवस्थापन गर्न वन दशक कार्यक्रम एक महत्वपुर्ण कार्यक्रम हो। वन स्रोतको विकास, निजी वन क्षेत्रलाई प्रोत्साहन, वन स्रोतबाट प्राप्त हुने राजस्वमा वृद्धि गर्न, वनमा आधारित उद्योगलाई कच्चा पदार्थ उपलब्ध गराउन सिराह जिल्ला वन दशक कार्यक्रम सहयोगी र सान्दर्भिक देखिन्छ। गोलबजार नगरपालिकामा सञ्चालन भएको वन दशक कार्यक्रमको विस्तृत विवरण तालिकामा दिईएको छ।

तालिका नं. ६८ : आ.व २०७२/०७३ मा वन दशक कार्यक्रम सञ्चालन भएका साविकका गा.वि.स.हरु

| क्र.सं | साविकको गा.वि.स. | ईलाका वन कार्य क्षेत्र |
|---|---|---|
| १ | औरही | जम्दह |
| २ | तुल्सीपुर | जम्दह |
| ३ | अयोध्यानगर | मुक्सार |
| ४ | दुर्गापुर | जम्दह |
| ५ | लालपुर | जम्दह |
| ६ | असनपुर | जम्दह |

*स्रोत : जिल्ला वन कार्यालय सिराहा, २०७२/०७३*

## ८.६ निजी आवादीमा रहेका रूख विरुवाहरुको अवस्था

हाल यस नगरपालिकाको वन उपभोक्ताको निजी आवादीमा वृक्षारोपण गरिएका रुख प्रजातिहरुमा सिसौ, बडहर, निम, टीक, गहमारी आदी वाहुल्यता रहेको छ भने फलफुल जातका प्रजातिहरुमा आँप, कटहर, अमरा, मेवा, केरा, लिचि आदी पर्दछन। वनमा पाईने रुख प्रजातिहरु साल, सिसौ, खयर, असना, कर्मा, सिमल, हर्रो, वर्रो, पीठारी, कदम, जामुन समेत आवादी क्षेत्रमा रहेको पाईन्छ।

## ८.७ वनपैदावारको माग र आपूर्ति

अत्यधिक बसाई सराईले गर्दा सिराहा जिल्लाको जनसंख्याको वृद्धि नेपालको औसत वृद्धि भन्दा बढी छ। सिराहा जिल्लामा रहेको गोलबजार नगरपालिकाबाट उत्पादन भएका वन पैदावारको बिक्री वितरण उपभोगको स्थितिलाई हेर्दा यहाँको उत्पादन यस नगरपालिकाको आपूर्तिलाई पुर्‍याई जिल्ला भित्रकै अन्य नगरपालिका तथा ग्रामिण क्षेत्र एवं अन्य जिल्लामा पनि जाने गरेको छ।

यस नगरपालिकामा काठ/दाउरा खपत मुख्य वन पैदावारमा आधारित उद्योगहरुमा हुने गर्दछ। यस अलावा यहाँको बढ्दो जनसंख्या र बसाई सराई तथा घर निर्माणमा आवश्यक पर्ने काठ/दाउरा तथा विकास निर्माणमा काठको माग बढ्दै गएको छ। वनजंगलको नजिकका परिवारले बढी काठ/दाउरा खपत गर्दछन् भने वनबाट टाढा रहने परिवारले धेरै कम परिमाणमा काठ/दाउरा खपत गर्ने गरेको पाईन्छ।

## ८.८ जडिबुटी सम्बन्धी विवरण

यस नगरपलिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुझार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनझार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोझो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्डूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोझार, कदम/संजिवन, हलेदो, टिङ्चुरझार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेझार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुरआदि आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ।

## ८.९ वन पैदावारमा आधारित उद्योगहरूको विवरण

गोलबजार नगरपालिका वन पैदावारमा आधारित उद्योगहरूको अध्ययन गर्दा स:मिल तथा फर्निचर उद्योगहरू, ईटा टायल उद्योग आदि रहेका छन्। यी उद्योगहरूबाट पनि ठूलो परिमाणका काठको खपत हुने गरेको छ। नगरपालिकामा हालसम्म सञ्चालन रहेको वन पैदावारमा आधारित उद्योगहरूमा विभिन्न ईटा, टायल उद्योगहरू नियमितरुपले सञ्चालित अवस्थामा रहेको देखिन्छ।

## ८.१० वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। नगरपालिकामा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ । यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्यधिक प्रभावित भएका छन् प्राकृतिक रुपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ । जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ।

वन नीति २०७१ का अनुसार वन संरक्षणमा चाल्नुपर्ने कदमहरु निम्न बुँदामा उल्लेख गरिएको छ ।

- ✓ घरायसी तथा अन्य इन्धनको रुपमा प्रयोग हुने काठ वा वन पैदावारको विकल्पमा अन्य वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने ।
- ✓ बहुपक्षिय सहभागितात्मक संयन्त्रको विकास गरी चोरी शिकारी, अवैध कटान, वन पैदावारको अवैध संकलन, अत्यधिक चरिचरन, मिचाहा प्रजाती र डढेलो नियन्त्रण गर्ने ।
- ✓ पर्यटन प्रवर्द्धनको विकासका लागि राष्ट्रिय वनमा तोकिएका प्रजातिका वन्यजन्तु तथा विरुवाको संरक्षण, प्रजनन् र उपयोग गर्ने ।
- ✓ दिगो वन व्यवस्थापनको नीति अवलम्वन गर्ने ।
- ✓ जौविक विविधता, सिमसार क्षेत्रको संरक्षण र जलवायू परिवर्तनको विषयमा एकिकृत कार्यक्रम संचालन गर्ने ।

# खण्ड ९ : विकास सूचकाङ्क र गरिबीको स्थिति

## ९.१ मानव विकास सुचकको विवरण (HDI)

मानव विकास सूचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन्। यी तिनवटै परिसूचकलाई समावेश गरी मानव विकासको सूचकाङ्क निर्धारण गरिएको छ। हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवनस्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो। UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। यो प्रतिवेदन अनुसार सिराहा जिल्लाको मानव विकास सूचकाङ्क ०.४०८ (नेपालको ०.४९०) रहेको छ। अर्थात् सिराहा जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषत भन्दा कम देखिन्छ। मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमा ललितपुर मानव विकास सूचक ०.६०१ रहेको छ। पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्क ०.३६४ रहेको छ। मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने हो भने सिराहा जिल्लाको हरेक व्यक्ति बाँच्ने अपेक्षित औषत आयु (Life Expectancy) ७१.२९ वर्ष र यसको सूचक ०.७७२, प्रौढ साक्षरता दर (Adult literacy) ३९.९६ प्रतिशत र यसको सूचक ०.४००, शिक्षा आर्जनमा खर्चेको औषत समय (Mean years of schooling) २.८२ वर्ष र यसको सूचक ०.१८८ तथा कुल राष्ट्रिय प्रतिव्यक्ति आय (Per Capita Income) ६८९ अमेरिकी डलर र यसको सूचक ०.३२२ रहेको देखिन्छ।

तालिका नं. ६९ : मानव विकास सुचकको विवरण (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास सुचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रय शक्ति) | | ज्यामितीय मध्यक |
| | मान | सूचक | मान | सूचक | मान | सूचक | मान | सूचक | |
| **नेपाल** | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| **सिराहा** | ७१.२९ | ०.७७२ | ३९.९६ | ०.४०० | २.८२ | ०.१८८ | ६८९ | ०.३२२ | ०.४०८ |

*स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४*

## ९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंख्याको प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशत जस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रुपमा विकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा सिराहा जिल्ला मानव विकास सूचकाङ्कको स्थिति खासै राम्रो देखिदैन। सिराहा जिल्लाको मानव गरीबी सूचकाङ्क मान ३६.५५ (नेपालको ३१.१२) रहेको छ। यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ। जस्तैः प्रौढ निरक्षरता दर। मानव गरीबी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थानमा हुम्ला जिल्लाको मानव गरीबी सूचकाङ्क ४९.२६ रहेको छ भने पुच्छारमा रहेको कास्की जिल्लाको मानव गरीबी सूचकाङ्कक १६.५० रहेको छ। मानव गरीबी सूचकाङ्कका अवयव सूचकहरूमा सिराहा जिल्लाको प्रौढ निरक्षरता दर (Adult illiteracy rate) ६०.०४ प्रतिशत, ४० वर्ष सम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40) ६.३४ प्रतिशत, सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) १०.२७ प्रतिशत र ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) ३९.७० प्रतिशत रहेको देखिन्छ।

*(स्रोत : नेपाल मानव विकास प्रतिवेदन ,२०१४, UNDP,NEPAL)*

## ९.३ मानव विकास र गरीबी

नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार सिराहा जिल्ला न्यून समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरू मध्ये यो जिल्ला ५६ औँ स्थानमा रहेको छ र गरीबीको दर १.८७ प्रतिशत रहेको छ । जिल्लामा गरिबीको रेखामुनी रहेको संख्या २१९३३९ रहेको देखिन्छ । गरिबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरिबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ७० : गरीबीको दरको विवरण

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| ५६ | ३४.५५ (१.८७) | ८.०१ (०.६८) | २.६६ (०.३) | २१९३३९ |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०६८*

## ९.४ गरिबी न्यूनीकरण

सहरी गरिबी न्यूनीकरणका लागि स्वरोजगर सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरुमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरुमा विभिन्न शिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

## ९.५ समग्र विकास स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार ५२,१३७ जनताको बसोबास भएको यस गोलबजार नगरपालिकामा खास गरी सामाजिक रुपले पछिपरेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका गरिबीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रुपले समुन्नत नगरको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रुपमा समाधान गर्न विगत देखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रुपमा लिन सकिन्छ। यसरी हेर्दा नगरबासीहरूको मानवविकास सूचकांक, लैंगिक समता सूचकांक, जनताको बाँच्ने औसत आयु, औसत ग्राहस्थ उत्पादन, औसत साक्षरतादर र औसत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा नगरको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुर्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको प्रयाप्ता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। एकातर्फ ४० वर्ष माथिको उमेरसम्म बाँच्नेहरूको संख्या ६.३४ प्रतिशत रहेको पाइन्छ भने अर्का तर्फ बाँचिरहेका जनताको पोषणको अवस्थालाई समेत ध्यान दिनु पर्ने देखिन्छ। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार नगरमा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसमा ट्युवेल/हाते पम्पको प्रयोग गर्नेको संख्या ६,०४५ (५९.७९ प्रतिशत) सबैभन्दा बढी रहेको छ भने दोस्रोमा खुला इनार तथा कुवाको पानी प्रयोग गर्ने घरधुरी संख्या ३,०६५ (३०.३२ प्रतिशत) रहेको देखिन्छ । तेस्रोमा धारा तथा पाइपको पानी प्रयोग गर्ने घरधुरी संख्या ३४६ (३.४२ प्रतिशत) र नदी/खोलाको पानी प्रयोग गर्ने घरधुरी १५३ (१.५१ प्रतिशत) रहेको छ । सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा यो नगर सिराहा जिल्लाका अन्य नगरहरुको तुलनामा पछाडी रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस नगरको साक्षरता दर ५४.१८ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो नगर पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस नगरको पुरुषको साक्षरता दर ६४.२५ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ४४.७३ प्रतिशत मात्र रहेको

छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग १९.५२ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ।

शिक्षा तर्फ र प्राथमिक शिक्षालाई सबै नगरबासीहरुको प्राथमिक अधिकारको रुपमा अझै पनि व्यावहारिक रुपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कुल जाने उमेरका केही बालबालिकाहरुले स्कुल भर्ना भई पढ्न पाइरहेका छैनन् । पहिलो कुरा त स्थापित स्कुलहरुमा समेत कक्षाकोठाहरुको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्कातिर मावि र उच्च माविको शिक्षा पुरा गरेका युवाहरुको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन । माध्यमिकस्तरको शिक्षालाई व्यावसायिक नबनाएसम्म हाल शिक्षामा देखिएको निराशजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन ।

यस नगरपालिकाको जनसंख्या जसरी नेपालको जनसंख्या बढेको छ त्यही स्थितिले यहाँ पनि जनसंख्या बढिरहेको अवस्था देखिन्छ । जनसंख्या दोब्बर हुँदाको अवस्थामा जनतालाई गाँस, बास, शिक्षा र स्वास्थ्य सेवा साथै रोजगारीको व्यवस्था पनि दोब्बर गर्नुपर्ने देखिन्छ ।